# महाराजगञ्ज नगरपालिकाको

# नगर शिक्षा योजना

## Municipal Education Plan

(नगर सभाबाट २०८२/०३/१८ गते स्वीकृत भएको)

२०८२-२०८६

महाराजगञ्ज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

महाराजगञ्ज, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

असार, २०८२

प्रकाशक : महाराजगञ्ज नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
महाराजगञ्ज, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

प्रकाशन प्रति :

सर्वाधिकार : नगरपालिकामा

मुद्रण :

**सल्लाहकार समिति**

नगर प्रमुख : श्री अब्दुल कलाम, महाराजगञ्ज नगरपालिका

नगर उपप्रमुख : श्री रीता कुमारी कर्मी, महाराजगञ्ज नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत : श्री दिपेन्द्र रेग्मी, महाराजगञ्ज नगरपालिका

आर्थिक प्रशासन प्रमुख : श्री राजेन्द्र प्रसाद चौधरी, महाराजगञ्ज नगरपालिका

**शिक्षा योजना निर्माण कार्यदल**

संयोजकः श्री निरञ्जन कुमार पौडेल (प्रशासन शाखा प्रमुख)

सदस्यः श्री रोशन घिमिरे (शिक्षा अधिकृत सातौं)

सदस्यः श्री जगत बहादुर गाहा (कम्प्युटर अपरेटर)

सदस्यः श्री राम बहादुर चौधरी (प्र.अ, श्री शिव प्रताप सरस्वती मा.वि, भलवारी)

सदस्यः श्री राम बहादुर कुर्मी (प्र.अ, श्री माध्यमिक विद्यालय, बुटहनिया)

सदस्यः श्री निलम शर्मा (प्र.अ, श्री राम दुलारी आधारभूत विद्यालय, इटरोल)

सदस्यः श्री दिपेन्द्र सिंह (शिक्षक, श्री भद्र माध्यमिक विद्यालय, पडरिया)

सदस्यः श्री सुन्दर घिमिरे (शिक्षक, श्री राम दुलारी आधारभूत विद्यालय, इटरोल)

सदस्यः श्री हनुमान प्रसाद शुक्ला (शिक्षक, श्री जानकी माध्यमिक विद्यालय, महाराजगंज)

# शुभकामना

महाराजगंज नगरपालिकाले आगामी ५ वर्षलाई दृष्टिगत गर्दै तयार गर्न लागेको स्थानीय शिक्षा क्षेत्र विकास योजना हाम्रो नगरपालिकाको शैक्षिक सुधार र समृद्धिको दिशामा एक महत्वपूर्ण मार्गचित्र हुनेछ। हाल शिक्षामा देखिएका विविध चुनौतीहरूको सम्बोधन र भविष्यका सम्भावनाहरूको उपयोग गर्न यो योजना एक सशक्त साधन बन्नेछ। हालको अवस्थाले देखाउँछ कि सामाजिक तथा आर्थिक रूपमा कमजोर पृष्ठभूमिका बालबालिकाहरू शिक्षामा पछि परिरहेका छन्, जसको प्रत्यक्ष असर नगरपालिकाको शैक्षिक उपलब्धिमा देखिएको छ। स्रोतसाधनको उपस्थिति हुँदाहुँदै पनि अपेक्षित परिणाम प्राप्त हुन नसक्नु हामी सबैका लागि आत्ममूल्यांकनको विषय हो। यसले व्यवस्थापनमा देखिएका कमजोरीलाई सुधार गर्दै योजनाबद्ध रूपमा अघि बढ्नुपर्ने आवश्यकता देखिएको छ।

नेपालको संविधान र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७७ ले सबै बालबालिकालाई गुणस्तरीय, निःशुल्क र अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको भए तापनि त्यसको प्रभावकारी कार्यान्वयनमा केही चुनौतीहरू अझै विद्यमान छन्। विशेषगरी आर्थिक रूपले कमजोर वर्गका बालबालिकाहरूको पहुँच अझै सन्तोषजनक छैन। यस योजनाले नगरपालिकाको सम्पूर्ण शैक्षिक संस्थाहरूको स्तरोन्नति, स्रोतसाधनको न्यायसंगत वितरण, नियमित शिक्षक प्रशिक्षण, सहुलियत कार्यक्रम, प्रविधिको प्रयोग र सिकाइ वातावरणको समग्र सुधारमा विशेष ध्यान भन्ने अपेक्षा गर्दछ। हामीले विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी—शिक्षक अनुपात र व्यवस्थापन प्रणाली सुधारमा पनि सन्तुलित ध्यान दिनु पर्नेछ। बालमैत्री सिकाइ वातावरण निर्माण, नियमित उपस्थिति सुनिश्चितता र विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई लक्षित कार्यक्रमहरू सञ्चालन गरी समावेशी र उत्तरदायी शिक्षा प्रणाली निर्माण गर्नु हाम्रो लक्ष्य हो। अभिभावक, विद्यालय व्यवस्थापन समिति, समुदाय, शिक्षक र विद्यार्थी सबैको सहकार्य बिना यो सम्भव छैन।

हामी महाराजगंज नगरपालिकामा उपलब्ध स्रोत साधनलाई प्रभावकारी रूपमा परिचालन गरी, प्रविधि र नवप्रवर्तनको सहायताबाट शिक्षामा परिवर्तन ल्याउने दृढ संकल्पका साथ अघि बढिरहेका छौं। यो शिक्षा योजना सम्पूर्ण पालिकावासीहरूको सक्रिय सहभागितामा सफल कार्यान्वयनतर्फ उन्मुख हुनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, महाराजगंज नगरपालिकाका सम्पूर्ण बालबालिकाको उज्ज्वल भविष्य निर्माण गर्न हामी सबै मिलेर अघि बढ्न आवश्यक छ भन्ने भावनाका साथ यो योजनाको कार्यान्वयनको लागि पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु ।

**धन्यवाद ।**

**अब्दुल कलाम**
**नगर प्रमुख**

# मन्तव्य

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनासहित संघीय शासन प्रणालीलाई अंगीकार गरेको छ। स्थानीय तह जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने भरोसाका केन्द्र हुन् । संविधानको अनुसूचीमा उल्लेख गरिए अनुसार माध्यमिक तहसम्मलाई शिक्षाको विकास, व्यवस्थापन लगायतका जिम्मेवारी र अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ।

संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। यस व्यवस्थाले स्थानीय तहहरूलाई शिक्षा क्षेत्र प्रति संवेदनशील भई गुणस्तरीय शिक्षा विकास गर्ने दिशामा अग्रसर हुन उत्प्रेरित गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी जिम्मेवारीलाई थप स्पष्ट पार्दै स्थानीय तहलाई आफ्ना अधिकार क्षेत्रभित्र रणनीतिक तथा लक्ष्य केन्द्रित योजना बनाई कार्यान्वयन गर्ने नीति अंगिकार गरेको छ। संविधान र अन्य कानुनी व्यवस्थाले तोकेको अनुसारका जिम्मेवारीहरू निर्वाह गर्दै महाराजगंज नगरपालिकाले शिक्षा क्षेत्रको विकासका लागि योजनाबद्ध ढंगले अगाडि बढ्न **शिक्षा क्षेत्र विकास योजना** (२०८२/८३-२०८६/८७) तयार गरी कार्यान्वयनमा ल्याएको छ।

यस योजनाले शिक्षा सेवा प्रवाहको सन्दर्भमा नगरपालिकाको हालको अवस्था, विद्यमान समस्या र चुनौतीहरू पहिचान गर्दै तिनको समाधानका लागि उपयुक्त रणनीति र प्रमुख कार्यक्रमहरू तय गरेको छ। साथै, यसले आगामी पांच वर्षको लागि महाराजगंज नगरपालिकाको शिक्षा क्षेत्रको दिशानिर्देशन प्रदान गरेको छ। यस योजना कार्यान्वयन गरी तोकिएका समृद्ध शैक्षिक लक्ष्यहरू हासिल गर्न जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, आम नागरिक तथा संघ र प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका रहनेछ। यस्तै, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकास साझेदारहरूसँगको सहकार्य बिना योजना सफल कार्यान्वयनतर्फ उन्मुख हुने विश्वास गरेको छु।

महाराजगंज नगरपालिकाले शिक्षा क्षेत्रको दिगो विकासका लागि तयार पारेको यो पांच वर्षीय नगर शिक्षा क्षेत्र योजना कार्यान्वयनमा सरोकारवालाहरूको पूर्ण साथ, सहयोग र सहकार्यको अपेक्षा गर्दछु। अन्त्यमा, यो शिक्षा योजना तयार गर्न सक्रिय सहयोग गर्ने नगर प्रमुख, उप प्रमुख, सामाजिक विकास समिति संयोजक, कार्यपालिका सदस्यहरू, शिक्षा समितिका पदाधिकारीहरू तथा सम्पूर्ण महाराजगंज नगरपालिकावासीहरू प्रति हार्दिक आभार सहित योजना कार्यान्वयनमा समेत निरन्तर साथ, सहयोग र सुझावको अपेक्षा व्यक्त गर्दछु।

**धन्यवाद ।**

**दिपेन्द्र रेग्मी**
**प्रमुख प्रशासकीय अधिकृत**

# हाम्रो भनाइ

संघीय शासन प्रणाली कार्यान्वयनमा आएपछि मुलुकमा तीन तहका सरकार स्थापना भएका छन्। ती मध्ये माध्यमिक तहसम्मको शैक्षिक जिम्मेवारी मुख्यतः स्थानीय सरकार अन्तर्गत रहेको छ। कक्षा १२ सम्मको शिक्षा स्थानीय तहको मातहतमा रहेकाले यसलाई व्यवस्थित र गुणस्तरीय ढंगले सञ्चालन गर्न विभिन्न प्रयासहरू भइरहेका छन्।

महाराजगंज नगरपालिकाको सन्दर्भमा कुरा गर्दा, २०७४ सालमा निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा शैक्षिक विकासका लागि उल्लेखनीय रचनात्मक कार्यहरू थालिएका छन्। पालिकाले शिक्षाका क्षेत्रमा गरेका कतिपय अभ्यासहरू अन्य स्थानीय तहका लागि पनि सिकाइको विषय बनेका छन्। विशेष गरी सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढाउन पालिकाले भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। दरबन्दी नभएका विद्यालयहरूमा आफ्नै स्रोतबाट शिक्षक नियुक्त गर्ने, छात्राहरु लाई प्रोत्साहन गर्ने, बालमैत्री कक्षा निर्माण गर्ने लगायतका कार्यहरूले विद्यालयहरूमा उल्लेखनीय परिवर्तन ल्याएका छन्। हालसम्म गरिएका कार्यहरू आफैमा पूर्ण नभए पनि, ती कार्यहरूले यहाँको शैक्षिक क्षेत्रलाई सकारात्मक दिशामा अगाडि बढाउन योगदान पुऱ्याएका छन् भन्ने कुरा जो कोहीले महसुस गर्न सक्छ । पृष्ठभूमिमा महाराजगंज नगरपालिकाको शिक्षा प्रणालीलाई अझ व्यवस्थित, योजनाबद्ध, समावेशी, समतामूलक र गुणस्तरीय बनाउने उद्देश्यले यो दशवर्षीय शैक्षिक योजना निर्माण गरिएको हो। यस योजनाको तयारीका क्रममा पालिकाभित्रका सरोकारवाला पक्षहरूसँग व्यापक छलफल, राय, सुझाव र परामर्श लिइएको छ। यो योजना लागू हुँदा महाराजगंज नगरपालिकाको शिक्षामा नयाँ आयाम थपिने विश्वास लिएको छु। प्रस्तुत योजनाले बालबालिकालाई समावेशी र गुणस्तरीय शिक्षण सिकाइको वातावरणमा सहभागी गराउने सुनिश्चितता प्रदान गर्दै दीगो विकासका लक्ष्यहरू (SDGS) प्राप्त गर्ने मार्गमा टेवा पुऱ्याउनेछ। योजनाले संविधानद्वारा प्रत्याभूत सबै बालबालिकालाई आधारभूत शिक्षाको सुनिश्चितता गर्ने र माध्यमिक तहसम्म निःशुल्क शिक्षामा पहुँच पुऱ्याउने लक्ष्य लिएको छ। साथै विद्यालय छोडेका बालबालिकालाई पुनः शिक्षामा ल्याउने वातावरण निर्माणको पक्षलाई पनि यसले सम्बोधन गरेको छ।

अन्त्यमा, यस योजनाको निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने नगरपालिकाका नगर प्रमुख ज्यू, उप-प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण जन प्रतिनिधिज्यूहरू, राजनीतिक दल, सरोकारवाला संघसंस्थाहरू, शिक्षक, कर्मचारी लगायत सबै प्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु। साथै, योजनाको सफल कार्यान्वयनका लागि सबैको निरन्तर साथ, सहयोग, समन्वय र समर्थन रहनेमा पूर्ण विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद ।**

**निरञ्जन कुमार पौडेल**
**संयोजक**

# सारांश

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, महाराजगंज नगरपालिकाको द्रुततर शिक्षाको उन्नति र विकासको लागि तयार पारिएको प्रस्तुत नगर शिक्षा योजनाले मुलुकमा भएको राजनैतिक परिवर्तन पछि नेपालको संविधान, २०७२ मा शिक्षाको सन्दर्भमा बोलिएको तथा लेखिएको अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाई समेट्न स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ अनुसार पाँच वर्षीय नगर शिक्षा योजना तयार पारिएको छ । यसमा नेपालको संविधान, संघीय शिक्षा ऐन, नियमावली, केन्द्रियस्तरमा भएका आयोगहरूका प्रतिवेदनलाई समेत आधार लिइएको छ । बदलिदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भनी विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू ल्याइएका छन् । नगर शिक्षाको सन्दर्भमा प्रारम्भिक बालविकास कार्यक्रम, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक र अनौपचारिक शिक्षालाई जीवनपर्यन्त एवं सिपमूलक तथा प्रविधिमैत्री बनाउने गरी योजना तय गरिएको छ ।

महाराजगंज नगरपालिकाको शिक्षा योजनाले गुणस्तर सुधार र पहुँच विस्तार गर्ने उद्देश्यसहित विभिन्न शिक्षाका  उपक्षेत्रहरूमा व्यापक कार्यक्रमहरू समावेश गरेको छ। प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत चार वर्ष उमेरका सबै बालबालिकालाई तालिम प्राप्त सहयोगी कार्यकर्ता मार्फत बालमैत्री वातावरणमा कक्षा संचालन, अपाङ्ग बालबालिकाको पहिचान र सहायता, अभिभावक सहभागिता सुनिश्चित गर्ने क्रियाकलाप समावेश गरिएको छ। आधारभूत शिक्षामा गुणस्तर अभिवृद्धिका लागि पठन सामग्री, दिवा खाजा, स्वास्थ्य परीक्षण, सूचना–प्रविधिको उपयोग, स्थानीय भाषामा शिक्षण, कक्षा–आधारित मूल्यांकन, शिक्षक तालिम र अभिभावक–जनचेतना कार्यक्रम समावेश गरिएको छ। त्यसै गरी माध्यमिक तहमा प्राविधिक शिक्षा, छात्रवृत्ति, पोषण/स्वास्थ्य कार्यक्रम, अतिरिक्त गतिविधि, विद्यालय पूर्वाधार सुधार, सुपरिवेक्षण आदि मार्फत विद्यार्थी प्रोत्साहन र गुणस्तरोन्नति गर्ने क्रियाकलाप समावेश गरिएको छ । प्राविधिक शिक्षा अन्तर्गत कृषि प्रयोगशाला र विभिन्न तालिमहरू सञ्चालन गरी सिपयुक्त र प्रविधिमैत्री युवा उत्पादन गरिनेछ । अनौपचारिक तथा आजीवन शिक्षामा सामुदायिक सिकाइ केन्द्रमार्फत व्यावसायिक र सिपमुलक कार्यक्रम मार्फत विद्यालयसम्म नपुगेका, रोजगारीमा नजाने वा नियमित अध्ययन नगर्ने बालबालिका, युवा वयस्क, महिला र ज्येष्ठ नागरिकलाई समावेश गरिने सुनिश्चितता गरिएको छ।

साथै माथिल्लो कक्षामा शिक्षक - विद्यार्थी अनुपात अत्यधिक भएकाले गुणस्तरमा देखिएको कमजोरीलाई सम्बोधन गर्न दरबन्दी मिलान कार्यक्रम समावेश गरिएको छ। यसले विद्यार्थी संख्या र शिक्षक आवश्यकताको आधारमा शिक्षण प्रभावकारितामा सुधार ल्याउने लक्ष्य राख्दछ। साथै, स्थानीय पहिचान र विकासलाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रम परिमार्जन गरेर आधारभूत शिक्षा स्थानीय आवश्यकता अनुरूप विकास गरिने योजना गरिएको छ। पूर्वाधार सुधार अन्तर्गत

कक्षाकोठा, फर्निचर, स्वच्छ पानी, बाल, अपाङ्ग र महिला मैत्री शौचालय, पुस्तकालय, ICT कक्षा तथा स्मार्टबोर्डको प्रयोग गरेर सिकाइ वातावरणलाई आधुनिक एवम् समावेशी बनाई गुणस्तरीय बनाउने प्रयास गरिनेछ, जसबाट विद्यालय नआउने वा नियमित अध्ययन गर्न नसक्ने विभिन्न समुदायका बालबालिकाहरु व्यावसायिक, सिपयुक्त तथा प्राविधिक शिक्षामा पहुँच बढाउन सुनिश्चित गरिएको छ।

यसको साथै अपाङ्गता भएका बालबालिका लगायत प्रौढहरूलाई विशेष व्यवस्था गरी एकीकृत शिक्षा तथा सिपयुक्त अपाङ्गमैत्री शिक्षा दिन समावेशी तथा समाहित शिक्षाको अवधारणालाई अगाडि सारिएको छ । यसरी योजनाको समग्र लक्ष्य र उद्देश्य प्राप्तिका लागि योजनामा खर्च हुने लागतहरू नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा गैरसरकारी संघसंस्था र समस्त अभिभावक तथा सरोकारवालापक्षको योगदानमा आधारित रहेर सम्पन्न गर्ने कार्यक्रम रहेको छ ।

# बिषयसूची


विषय प्रवेशः ........ १
परिच्छेद १: परिचय........ ९
१.१ महाराजगंज नगरपालिकाको परिचयः........ ९
१.२ वर्तमान अवस्था ........ ९
१.३ मुख्य समस्या तथा चुनौति (SWOT) को विश्लेषणः........ २१
परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ २४
२.१ नगरपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः ........ २४
२.२ दुरदृष्टीः ........ २९
२.३ लक्ष्यः ........ २९
२.४ उद्देश्य........ ३०
२.६ मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्य निर्धारण........ ४१
परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्र........ ४६
३.१ प्रारम्भिक बालविकास र शिक्षा........ ४६
३.२ आधारभूत शिक्षा........ ५९
३.३ माध्यमिक शिक्षा........ ६८
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा........ ८१
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई ........ ८६
४.१ पाठ्यक्रम पाठ्यसामग्री र मूल्याङ्कनः........ ९३
४.२ शिक्षक व्यवस्थापन र विकासः........ १०३
४.३ शैक्षिक समता र समावेशी........ १११
४.४ विद्यालय पोषण तथा स्वास्थ्य ........ ११८
४.५ विद्यालय सुरक्षा ,विपद न्यूनिकरण तथा उत्थानशीलता........ १३८
४.६ विद्यालय भौतिक पूर्वाधार विकास........ १४५
परिच्छेद -५ अन्य उपक्षेत्र........ १९७
५.१ हरित विद्यालय........ १९७
परिच्छेद ६: सुशासन तथा व्यवस्थापन........ २०६
६.१ शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकास........ २०६
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध........ २२२
परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन........ २२७
परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन........ २३३
अनुसुचि........ २३८

**विषय प्रवेशः**

नेपालको संविधान, २०७२ मा शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरि प्राथमिकतामा राखिएको छ। नेपालको संविधानले आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ। शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितता साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। शिक्षाले रोजगारी र आय आर्जनको अवस्था सृजना गरी मानिसको जीवनस्तरमा सुधार ल्याउनुका साथै सामाजिक र साँस्कृतिक विकास मार्फत सभ्य समाजको निर्माण गर्दछ। शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पार्ने हुँदा लगानी वृद्धि तर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ। संविधानको धारा ३१ मा शिक्षालाई प्रत्येक नागरिकको आधारभूत शिक्षाको पहुंचको अधिकारको रुपमा व्यवस्था गरी प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्ग भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ। संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा रोजगारी हक हुनेछ भन्ने उल्लेख छ । यसैगरी नेपालको संविधान, २०७२ मा बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, बाल मनोरञ्जन, व्यक्तित्व विकास, खेलकुद, उचित स्याहार, पालनपोषण, स्वास्थ्य र सहभागिताको हक रहेको छ साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शारीरिक मानसिक वा कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख गरिएको छ । त्यसैगरी दलितको हक अन्तर्गत आधारभूत तहबाट उच्च तहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । त्यसैगरी नेपालको संविधानमा शिक्षालाई वैज्ञानिक प्राविधिक, नैतिक एवं प्रतिस्पर्धी, जनमुखी बनाउँदै सक्षम, रोजगारमूलक, सीपमूलक, व्यावसायिक, राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने कुरा उल्लेख छ । साथै नागरिकको व्यक्तित्व विकासका लागि पुस्तकालय सामुदायिक सूचना केन्द्रको स्थापना र प्रवर्धन गर्ने कुरा उल्लेख छ ।

दिगो विकासको लक्ष्य नं. ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सम्बन्धी ऐन, २०७५ र नियमावली २०७७ अनुसार वि. सं. २०८५ सम्म सबै नागरिकलाई

आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सघं र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस नगरपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका ठहर गरी पाँच वर्षे शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस नगरपालिकाको पाँच वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति, २०७६ जारी गरेको छ भने विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्म अनुसार स्थानीय तहको शिक्षालाई सु-व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि **समृद्धि नेपाल सुखि नेपाली**को नारालाई साकार पार्न यस नगरपालिकाले शिक्षा योजना २०८१ तयार गरेको छ । यसका साथै नगरपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ-आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध नगरको रुपमा विकास गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेल्नेछ ।(अद्यावधिक योजना)

**<u>शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य</u>**

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सघं, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक

रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान, २०७२ को अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (११), (ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गर्न यो मार्गदर्शन तयार गरिएको हो ।

### क) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न,
२. सघं र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
५. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन,
६. आवधिक योजनाको कार्यान्वयन गरी शिक्षामा समतामुलक पहुँच सुनिश्चितताका साथै गुणस्तरीय शिक्षाको प्रत्याभुति गराउन ।

## ख) शिक्षा योजना निर्माणका आधार

यस नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

१. नेपालको संविधान
२. सोहौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. सघं, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
५. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन, नियमावली
६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
७. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र, २०७९
८. विद्यालय शिक्षामा समता रणनीति
९. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
१०. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७९ र स्थानीय तहको विकास योजना
११. स्थानीय तहको मध्यमकालिन खर्च संरचना
१२. राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८
१३. विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सघंसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम
१४. नगरपालिकाको आवधिक योजना (०७९/०८०-०८२/०८३)

## ग) शिक्षा योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुराई उचित प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढंगले योजना निर्माणकार्य गरिएको छ । यस नगरपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ।

क) नगर शिक्षा समितिको मिति २०८१/०१/१८ को बैठकले नगर शिक्षा योजना निर्माणका लागि कार्यदिशा सहितको ९ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।

ख) कार्यदलको मिति २०८१/०४/२४ गते बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड गरिएको ।

ग) योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको । योजनाको खाका तयार गरी यो जनाले समेट्ने विषयवस्तु माथि छलफल भएको ।

घ) योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको ।

ङ) सरोकारवालाहरूसँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT analysis तथा Gap analysis गरिएको ।

च) शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।

छ) मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको।

ज) विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको ।

झ) सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन, छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको।

ञ) सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित नगर शिक्षा समिति समक्ष पेस गरिएको ।

ट) नगर शिक्षा समितिको मिति २०८२/०३/०५ सिफारिसमा नगर कार्यपालिकाको मिति २०८२/०३/१८ गतेको बैठकबाट स्वीकृत भएको ।

**योजनाको लेखाजोखा**

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानी योग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो। निर्माण भएको योजनाको लेखालोखा कार्यलाई सम्बन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य विवरण तोकी सम्पन्न गर्नुपर्छ । योजनाको लेखाजोखा गर्दा तलको तालिकामा दिइएका पक्षको सुक्ष्म विश्लेषण गर्नुपर्छः

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्त्व थियो कि थिएन ? |

| | | |
|---|---|---|
| | | • शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्वोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन् ? |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि सम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? |
| ४ | अन्तर सम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ?<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ?<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्य अनुरूप योजना बनाइएको छ ?<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तरसम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहको अन्य पक्षसँग तादात्म्य कायम छ कि छैन ?<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ |

| | | |
|---|---|---|
| | | विकास गरिएको छ ?<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ ? |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ?<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ?<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण |

| | | |
|---|---|---|
| | | गरिएको छ कि छैन ?<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिए छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ?<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

**घ) <u>योजनाको दस्तावेजको स्वरुपः</u>**

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरू सँगको प्रत्यक्ष सहभागितामा पालिकाका वर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्धेश्य, रणनिति र कार्यनितिहरुका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतका रूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । यस नगरपालिकाको आगामी ५ बर्षे शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुँदा योजनामा समावेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय वर्तमान, अवस्थाको विश्लेषण, अवसर र चुनौति, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्वपूर्ण स्थान दिइएको छ । शिक्षा योजनाको दस्तावेजको स्वरुप यहाँ उल्लेख गरिएको छ ।

# परिच्छेद १: परिचय

## १.१ महाराजगंज नगरपालिकाको परिचयः

विश्वमा अद्धितीय प्राकृतिक सौन्दर्यले भरिपूर्ण लुम्बिनी प्रदेश संसारलाई अहिंसाको सन्देश दिने शान्तिका अग्रदुत भगवान गौतम बुद्धको कर्म भूमिबाट परिचित लुम्बिनी प्रदेश कपिलवस्तु जिल्लाको निर्वाचन क्षेत्र न. २ (क) मा अवस्थित वांणगंगा नदीको पश्चिम बुद्धभूमि नगरपालिकाको दक्षिण, कपिलवस्तु नगरपालिकाको पश्चिम, शिवराज नगरपालिको केहि अंश र कृष्णनगर नगरपालिकाको केही अंश जोडिएको सिमानाको चार किल्ला भित्र जातीय, भाषिक, सांस्कृतिक विविधताले सुसज्जित सुन्दर तथा सौन्दर्य नगरपालिकाको रुपमा यो महाराजगंज नगरपालिका रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार कपिलवस्तु जिल्लाको १० वटा स्थानीय तह मध्ये विकास क्रममा रहेको महाराजगंज नगरपालिकाको केन्द्र महाराजगंज सम्म आउन का लागि नगरपालिका भित्रका सहायक सडकहरुलाई मूल सडक सम्म जोड्ने कार्य भई रहेको छ । साविकको महाराजगंज, बलरमवापुर, कुशहवा, हरदौना, सिसवा, कजरहवा, बरईपुर, भलवारी र उदयपुर गा.वि.स समेटेर महाराजगंज नगरपालिका बनाइएको हो । यस नगरपालिकाको जलवायु समशितोष्ण प्रदेशीय हावापानी भित्र पर्दछ । समथर भूभाग खेतीयोग्य रहेको छ । कुर्मी, चौधरी, मुस्लिम, यादव, पासी, कलवार, चमार, मल्लाह, धोवी, शुक्ला, पाण्डे, गुप्ता, तिवारी, सिंह, केवट, थारु, ब्राहमण, क्षेत्री लगायतका जात जातीहरुको बसोबास रहेको र सांस्कृतिक सम्पदाका हिसावले धार्मिक सहिष्णुतामा यो नगरपालिका धनी रहेको छ । पल्टा माई मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, चमरी माई मन्दिर, जानकी मन्दिर, काली मन्दिर, मस्जिद आदि यहाँका प्रमुख सांस्कृतिक सम्पदा हुन् । उच्च उत्पादन उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सिप र ज्ञान भएको मानव संसाधन मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रिया लाई प्रभावकारी बनाउन सकिन्छ । आधुनिक, कृषि, पशुपालन र सुचना प्रविधि जस्ता विषयमा ठुलो फड्को मार्ने अवसर रहेको छ ।

## १.२ वर्तमान अवस्था

शिक्षा विकासको महत्वपूर्ण पूर्वाधार भएकाले नेपालमा यसलाई कानुन मै अधिकारका रुपमा स्थापित गरिएको छ। संविधानले सबैलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्म निशुल्क शिक्षा लिन पाउने हक प्रत्याभूति गरेको छ। यस महाराजगंज नगरपालिकाको साक्षरता दर ६४ प्रतिशत रहेको छ । शिक्षाको तहगत अवस्था हेर्दा यस पालिकामा सामुदायिक तर्फ ४८ मध्ये माध्यमिक तह सञ्चालित १० वटा, आधारभूत तह कक्षा १-८ सञ्चालित ७ र १-५ सञ्चालित ३१, धार्मिक विद्यालय ३४ मध्ये २ वटा गुरूकूल ३२ वटा मदरसा र १६ वटा संस्थागत विद्यालय तर्फ २ वटा माध्यमिक विद्यालय र १४ वटा आधारभूत विद्यालय गरी कूल ९८ विद्यालय सञ्चालनमा रहेका छन् । सामुदायिक विद्यालय तर्फ कक्षा १-१२ सञ्चालित एक

कन्या माध्यमिक विद्यालय समेत रहेको छ । शिक्षाको तहगत अवस्था हेर्दा प्रारम्भिक बालविकास तहमा अध्ययन गरिरहेका १.१ प्रतिशत, प्राथमिक तह अध्ययन गर्ने ३५.४ प्रतिशत, माध्यमिक तह अध्ययन गर्ने ८.२ प्रतिशत, उच्च माध्यमिक तह अध्ययन गर्ने १२.१ प्रतिशत रहेको छ भने स्नातक तह अध्ययन गर्ने ४ प्रतिशत तथा स्नातकोत्तर वा सो भन्दा माथिल्लो तहमा अध्ययन गर्ने १.४ प्रतिशत रहेका छन् भने करीव १५.५ प्रतिशतको हाराहारीमा जनसंख्या निरक्षर रहेको देखिन्छ ।

**क) <u>भौगोलिक अवस्थाको विश्लेषण:</u>**

लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाको दक्षिण-पश्चिम क्षेत्रको तल्लो भू-भागमा अवस्थित महाराजगंज नगरपालिका कपिलवस्तु जिल्लाको महाराजगंज, बलरमवापुर, कुशहवा, हर्दौना, सिसवा, कजरहवा, बरईपुर, भलवारी र उदयपुर गा.वि.स. समेटेर नगरपालिका बनाएको हो । यस महाराजगंज नगरपालिकाको केन्द्र साविक महाराजगंज गा.वि.स वडा नं. १ महाराजगंजमा रहेको छ । मिति २०७३/११/२७ गते नेपाल सरकारद्वारा प्रकाशित खण्ड ६६, संख्या ५८, नेपाल राजपत्र भाग ४ को रा.प.नं. ३५८ मा प्रकाशित राज्य पूर्ण संरचनाको प्रतिवेदन अनुरुप यस नगरपालिकालाई जम्मा ११ वडामा विभाजन गरिएको छ ।

| **विषय** | **विवरण** |
|---|---|
| परिचय | महाराजगजं नगरपालिका नेपालको लुम्बिनी प्रदेश अर्न्तगत कपिलवस्तु जिल्लाको वाणगंगा नदीसगं जोडिएको एक नगरपालिका हो । |
| **नेपालको मानचित्रमा महाराजगजं नगरपालिकाको भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ ।** | |
| प्रदेश | लुम्बिनी |
| जिल्ला | कपिलवस्तु |
| नगरपालिका | महाराजगजं नगरपालिका |
| वडा संख्या | ११ |
| भौगोलिक अवस्थिति | अक्षांश २७· ३५'देखि २७· ४७' र देशान्तर ८३· ०४' देखि ८३· १५' |
| क्षेत्रफल | ११२.२१ वर्ग किलोमिटर |
| उचाई | १०५ देखि ४९५ मिटरसम्म |
| सिमाना | पूर्वतर्फ कपिलवस्तु नगरपालिका र यशोधरा गाउँपालिका |
| | पश्चिमतर्फ कपिलवस्तुको शिवराज नगरपालिका र कृष्णनगर नगरपालिका |
| | उत्तरतर्फ बुद्धभुमि र शिवराज नगरपालिका, |
| | दक्षिणतर्फ भारतको उत्तर प्रदेश सिमानासँग जोडिएको । |
| औसत लम्बाई | पुर्व पश्चिम लम्वाई २२ कि मि |

| | |
|---|---|
| औसत चौडाई | उत्तर दक्षिण चौडाई १४ कि मि |
| जलवायु | उष्ण समशितोष्ण प्रदेशीय हावापानी |
| प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरु | • रामजानकी मन्दिर<br>• पल्टादेइ मन्दिर<br>• बरगदि घाट<br>• शिव मन्दिर औरहवा<br>• समयमाई मन्दिर<br>• बघुवा समयमाई मन्दिर<br>• शंकरपुर मजार<br>• मोहरम मेला भगवानपूर<br>• शिवालय मन्दिर कठौतिया<br>• शान्तिनगर मदरसा<br>• दुर्गा मन्दिर बगहिया |

**ख) <u>जनसांङ्ख्यिक संरचना विश्लेषण:</u>**

जनसंख्याको आकार बनोट वितरण संरचना, जनघनत्व तथा संख्यात्मक परिवर्तन बारे तथ्याङ्क एंव गणितीय रुपले अध्ययन विज्ञानलाई जनसांङ्ख्यिक भनिन्छ । स्थानीय तहको मानवीय जनसंख्याको विविध दृष्टिकोणबाट अध्ययन विष्लेशण गरि सोको तथ्याङ्कीय सुचनाहरु प्रवाह समाजशास्त्रको महत्वपूर्ण विधाको रुपमा रहेको जनसांङ्ख्यिकी वर्तमानमा अत्यन्त महत्व राख्ने शास्त्र हो । यस स्थानीय तहको वर्तमान अवस्थाको मापन, भविष्यको दिशानिर्देश गर्नको लागि भरपर्दो आधार प्रदान गर्ने भएकाले यो विषयको आवश्यकता कम आँकलन गर्न मिल्दैन । तल उल्लेखित तालिका अनुसार वि.स २०७८ सालको जनगणनालाई आधार मान्ने हो भने महाराजगंज नगरपालिकाको जम्मा जनसङ्ख्या ६४६४५ रहेको छ भने सो सङ्ख्यामा पुरुषको प्रतिशत ५०.३ रहेको छ भने महिलाको ४९.७ प्रतिशत रहेको छ । जम्मा परिवारको सङ्ख्या ९८२० रहेको छ भने प्रति परिवारको औषत आकार ६.५९ रहेको छ भने प्रति वर्ग किलोमिटर जनघनत्व ५७६ रहेको छ । वि.सं. २०६८ तथा वि.स २०७८ सालको जनसङ्ख्यालाई आधार मानी जनसङ्ख्या वृद्धि दर गणना गर्ने हो भने प्रति वर्ष यस नगरपालिकाको जनसङ्ख्या २.८६ प्रतिशतले वृद्धि भईरहेको छ ।

## तालिका नं १.१

## महाराजगंज नगरपालिकाको जम्मा जनसंख्या

| परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरुष | महिला | परिवारको औषत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धि दर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| ९८२० | ६४६४५ | ३२५३६ | ३२१०९ | ६.५९ | १०१.३३ | २.८६ | ५७६ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## तालिका नं. १.२

## विद्यालय जाने उमेरका बालबालिकाहरुको २०७८ साल देखि २०८७ सम्म हुने प्रक्षेपित जनसङ्ख्या

| उमेर समूह | जनसङ्ख्या | प्रक्षेपित जनसङ्ख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
| ३ | १७०३ | १८०२ | १८५३ | १९०६ | १९६१ | २०१७ | २०७५ | २१३४ | २१९५ |
| ४ | १३८५ | १४६५ | १५०७ | १५५० | १५९५ | १६४० | १६८७ | १७३५ | १७८५ |
| ५ | १७८३ | १८८६ | १९४० | १९९६ | २०५३ | २११२ | २१७२ | २२३४ | २२९८ |
| ५-९ | ७९५२ | ८४१३ | ८६५३ | ८९०१ | ९१५६ | ९४१८ | ९६८७ | ९९६४ | १०२४९ |
| १०-१२ | ५०३७ | ५३२९ | ५४८२ | ५६३८ | ५८०० | ५९६६ | ६१३६ | ६३१२ | ६४९२ |
| ५-१२ | १२९८९ | १३७४२ | १४१३५ | १४५३९ | १४९५६ | १५३८४ | १५८२३ | १६२७६ | १६७४१ |
| १३-१४ | २८३४ | २९९९ | ३०८४ | ३१७२ | ३२६३ | ३३५७ | ३४५३ | ३५५१ | ३६५३ |
| १५-१६ | ३३०६ | ३४९८ | ३५९८ | ३७०१ | ३८०७ | ३९१५ | ४०२७ | ४१४३ | ४२६१ |
| १३-१६ | ६१४० | ६४९७ | ६६८२ | ६८७३ | ७०७० | ७२७२ | ७४८० | ७६९४ | ७९१४ |
| ५+ | १९१२९ | २०२३९ | २०८१७ | २१४१२ | २२०२६ | २२६५६ | २३३०३ | २३९७० | २४६५५ |
| १५-२४ | ५७६७५ | ६१०२१ | ६२७६६ | ६४५६२ | ६६४०८ | ६८३०७ | ७०२६१ | ७२२७० | ७४३३७ |
| १५+ | ४१८५२ | ४४२८० | ४५५४७ | ४६८४९ | ४८१८९ | ४९५६७ | ५०९८५ | ५२४४३ | ५३९४३ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८ तथा टुलकिट*

माथि उल्लेखित तालिका १.२ मा वि.सं. २०६८ तथा २०७८ को जनसङ्ख्या वृद्धि दरलाई आधार मानी वि.स २०८७ साल सम्मका विद्यालय जाने उमेर समुहका बालबालिकाहरुको विभिन्न उमेरगत समुहलाई वार्षिक रुपमा प्रक्षेपण गरिएको छ । सो प्रक्षेपणले योजनामा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ जसले गर्दा यस नगरपालिकाको विद्यालयहरुमा प्रति वर्ष कति विद्यार्थीहरुको वृद्धि हुन्छ तथा सो अनुसार विद्यालयका भौतिक संरचना, शिक्षक सङ्ख्या ईत्यादी विषयवस्तुहरुमा योजना गर्न मद्दत पुग्ने देखिन्छ ।

महाराजगंज नगरपालिकाको जनसङ्ख्यालाई जातीगत आधारमा केलाउने हो भने यस नगरपालिकामा सबै भन्दा धेरै जनसङ्ख्या मुस्लिम समुदायको २१.८२ प्रतिशत रहेको पाईन्छ भने क्रमिक रुपमा कुर्मी तथा यादव समुदायको जनसङ्ख्या १५.६९ तथा १३.३६ प्रतिशत क्रमिक रुपमा रहेको छ । यी बाहेक मधेशी मुलका विभिन्न जातजाती जस्तैः कहार, कुम्हार, धोबी, कुशहवा, चमार, तेली, पासी, केवट जातजातीको पनि उल्लेख्य रुपमा सङ्ख्या रहेको छ ।

**तालिका नं. १.३**

**महाराजगंज नगरपालिकाको वडागत जनसङ्ख्या विवरण**

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | ३५०६ | ३५०९ | २४५४ | १८९० | २६०५ | ३११२ | २७२८ | २९०८ | ४१६८ | २८४७ | २८०९ | ३२५३६ |
| **महिला** | ३२६९ | ३४८४ | २४५४ | १८२५ | २५३८ | ३००७ | ३०१४ | २८१७ | ४२१८ | २७९६ | २६८७ | ३२१०९ |
| **जम्मा** | ६७७५ | ६९९३ | ४९०८ | ३७१५ | ५१४३ | ६११९ | ५७४२ | ५७२५ | ८३८६ | ५६४३ | ५४९६ | ६४६४५ |
| **प्रतिशत** | १०.४८ | १०.८२ | ७.५९ | ५.७५ | ७.९६ | ९.४७ | ८.८८ | ८.८६ | १२.९७ | ८.७३ | ८.५० | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## ग) सामाजिक तथा सांस्कृतिक अवस्थाः

यस नगरपालिकामा पर्यटन क्षेत्रको सम्भावना पनि रहेको छ । यो नगरपालिकामा ऐतिहासिक र धार्मिक महत्व बोकेका मठ मन्दिरहरु रहेका छन्। नगर क्षेत्र भित्र पल्टा माई मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, चमरी माई मन्दिर, जानकी मन्दिर, काली मन्दिर, मस्जिद आदि यहाँका प्रमुख सांस्कृतिक सम्पदाहरुलाई सम्बर्धन संरक्षणको साथै पर्यटकीय क्षेत्रको रुपमा विकास गरियो भने पक्कै यो ठाउँको आर्थिक तथा सामाजिक अवस्था बलियो बन्ने विश्वास गरिन्छ।

## घ) आर्थिक अवस्थाः

यस नगरपालिकामा नगरवासीहरुको जिविकोपार्जनको मुख्य स्रोतको रुपमा कृषि, व्यवसाय नै रहेको छ । अझै सम्म पनि पुरानै परम्परागत ढाँचामा यहाँका कृषिजन्य उत्पादनहरु गरिदै आएको छ। कृषि तर्फ, फलफूल, धान, गहुँ, यहाँको मुख्य आम्दानीको स्रोत रहेको छ भने पशु पंछी पालन तर्फ दुध, दहि, घ्यू, मासु, माछा, मुख्य आम्दानीको स्रोतको रुपमा रहेका छन् । मुख्य अन्न बालीको रुपमा नगरपालिका क्षेत्र भित्र उत्पादन हुने धान, गहुका साथै मकै, मसुरो, रहर, मास, तोरी, केराउ, आलु, लसुन, प्याज, केरा, जस्ता बालीहरुको उत्पादन हुन्छ । यस नगरपालिकाको कम्तिमा २० प्रतिशत जनसंख्या उद्योग, व्यापार गर्दछन् । कुटानी पिसानीका लागि ६ ओटा विद्युत मिल, ३ ओटा कृषि संकलन तथा प्रशोधन केन्द्र, २ वटा पाऊरोटी उद्योग र २ ओटा हस्तकला जस्ता साना उद्योगहरु छन् । यस नगरपालिका भित्र २० ओटा होल्सेल तथा १०० भन्दा बढि ठुला तथा साना पसलहरु रहेका छन् । ठुलो उद्योगको रुपमा ईटा भट्टाहरु रहेका छन् । साथै

साना होटल तथा रेष्ट्रेरेन्टहरु संचालनमा रहेको देखिन्छ । ठूलो कलकारखाना नभएको कारण यस नगर पालिकाका धेरै जसो युवाहरु वेरोजगार भई भारत तथा अन्य खाडी मुलुकमा जान बाध्य भएका छन् ।

## ङ) **शैक्षिक अवस्थाः**

विश्वमा मानिसलाई सबै प्राणी भन्दा सर्वश्रेष्ठ मान्नुको कारण नै शिक्षा हो । शिक्षा यस्तो विषय हो जस्ले अन्धकार युगलाई चिरेर चेतनाको ज्योति बाल्छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हक लाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । आधारभूत शिक्षामा पहुँच, आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क पाउने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहलाई जिम्मेवारी दिएको छ । जिवन उपयोगी सिपको विकास र सिकाइको अवसर प्रदान गर्दै सक्षम र समावेशी जनशक्तिको विकासद्वारा आर्थिक सामाजिक विकाशमा सहयोग पुर्‍याउनु पर्दछ । यस नगरपालिकाको साक्षरता ६४ प्रतिशत रहेको छ । शिक्षाको तहगत अवस्था हेर्दा यस पालिकामा सामुदायिक तर्फ ४८ मध्ये माध्यमिक तह सञ्चालित १० वटा, आधारभूत तह कक्षा १-८ सञ्चालित ७ र १-५ सञ्चालित ३१, धार्मिक विद्यालय ३४ मध्ये २ वटा गरूकूल ३२ वटा मदरसा र संस्थागत विद्यालय तर्फ १६ वटा विद्यालय मध्ये २ वटा माध्यमिक विद्यालय र १४ वटा आधारभूत विद्यालय गरी कूल ९८ विद्यालय सञ्चालनमा रहेका छन् । यस नगरपालिकाभित्र सामुदायिक विद्यालयहरुमा विद्यार्थीको चाप अनुसार शिक्षक दरबन्दी, विषयगत दरबन्दीको कमी रहेको देखिन्छ । नगरपालिकाले शिक्षा नीति, ऐन, जम्मा विद्यार्थी विवरण सामुदायिक नियमावली तथा कार्यविधि निर्माण गरी विद्यालय तथा मदरसालाई समायोजन गरी विद्यालयहरुमा केही मात्रामा दरबन्दी मिलान गर्न सकिन्छ । तल उल्लेखित तालिकामा नगरपालिका स्तरमा रहेका शिक्षा सम्बन्धी संरचनाहरु, शिक्षक विद्यार्थी विवरण तथा शिक्षकका विभिन्न सूचक प्रस्तुत गरिएको छ ।

**तालिका नं. १.४**

**तहगत रुपमा नगरपालिकामा रहेका विद्यालय विवरण**

| तह | सामुदायिक | धार्मिक मदरसा | धार्मिक गुरुकुल | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|
| बाल विकास केन्द्र | ६१ | २ | ० | १६ | ७९ |
| आधारभूत तह १-५ सञ्चालित | ३१ | २९ | २ | १२ | ७४ |
| आधारभूत तह १-८ सञ्चालित | ७ | ३ | ० | २ | ११ |
| माध्यमिक तह १-१० | ६ | ० | ० | १ | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| सञ्चालित | | | | | |
| माध्यमिक तह १-१२ सञ्चालित | ४ | ० | ० | १ | ५ |
| सामुदायिक सिकाइ केन्द्र | २ | ० | ० | ० | २ |
| जम्मा विद्यालय संख्या | ४८ | ३२ | २ | १६ | ९८ |

*स्रोत: IEMIS, २०८१*

**तालिका नं. १.५**
**तहगत सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुको विवरण**

| विवरण | लिङ्ग | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | छात्रा | १२४९ | ६१४१ | १७५१ | ७८४ | २३१ | १०१५६ |
| | छात्र | १७१२ | ६०३२ | २०३२ | ९५६ | २९६ | ११०२८ |
| | जम्मा | २९६१ | १२१७३ | ३७८३ | १७४० | ५२७ | २११८४ |

*स्रोत: IEMIS, २०८१*

**तालिका नं. १.६**
**तहगत सामुदायिक विद्यालयका विद्यार्थीहरुको विवरण**

| विवरण | लिङ्ग | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | छात्रा | ८५४ | ४६२५ | १५८४ | ७२९ | २२५ | ८०१७ |
| | छात्र | ९०२ | ३९४८ | १५६४ | ८३१ | २८८ | ७५३३ |
| | जम्मा | १७५६ | ८५७३ | ३१४८ | १५६० | ५१३ | १५५५० |

*स्रोत: IEMIS, २०८१*

**तालिका नं. १.७**
**तहगत धार्मिक विद्यालयका विद्यार्थीहरुको विवरण**

| विवरण | लिङ्ग | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | छात्रा | ३९ | १०२५ | ३८ | ० | ० | ११०२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | छात्र | ३६ | ९११ | ९८ | ० | ० | १०४५ |
| | जम्मा | ७५ | १९३६ | १३६ | ० | ० | २१४७ |

*स्रोतः IEMIS, २०८१*

## तालिका नं. १.८
## तहगत संस्थागत विद्यालयका विद्यार्थीहरुको विवरण

| विवरण | लिङ्ग | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | छात्रा | ३५६ | ४९१ | १२९ | ५५ | ६ | १०३७ |
| | छात्र | ७७४ | ११७३ | ३७० | १२५ | ८ | २४५० |
| | जम्मा | ११३० | १६६४ | ४९९ | १८० | १४ | ३४८७ |

*स्रोतः IEMIS, २०८१*

## तालिका नं. १.९
## शिक्षक विवरण सामुदायिक स्वीकृत र राहत तर्फ

| विवरण | लिङ्ग | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ (सहायक प्रशिक्षक समेत ) | कक्षा ९-१० (प्राविधिक अनुदान समेत) | कक्षा ११-१२(प्राविधिक अनुदान समेत) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| शिक्षक | महिला | ६१ | ६२ | ४ | ३ | २ | |
| | पुरुष | ० | ७१ | १८ | ७ | ८ | |
| | जम्मा | ६१ | १३३ | २२ | १० | १० | |

*स्रोतः IEMIS, २०८१*

## तालिका नं. १.१०
## शिक्षक विवरण सामुदायिक शिक्षण सहयोग अनुदान तथा नगर स्वयंसेवक अनुदान तर्फ

| विवरण | लिङ्ग | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० (प्राविधिक अनुदान समेत) | कक्षा ११-१२ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| शिक्षक | महिला | ६१ | ० | ० | ० | ० | |
| | पुरुष | ० | ० | ० | ० | ० | |
| | जम्मा | ० | ० | ० | ० | ० | |

*स्रोतः IEMIS, २०८१*

## तालिका नं. १.११
## वडागत रुपमा सामुदायिक तथा संस्थागत विद्यालयहरुको विवरण

| वडा | विद्यालयको प्रकार | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | जम्मा |
|---|---|---|---|---|---|---|
| | सामुदायिक | ६ | ० | ० | २ | |
| १ | धार्मिक | २ | ० | ० | ० | १३ |
| | निजि | २ | ० | ० | १ | |
| | सामुदायिक | १ | १ | ० | १ | |
| २ | धार्मिक | ५ | १ | ० | ० | ११ |
| | निजि | १ | ० | १ | ० | |
| | सामुदायिक | २ | २ | ० | ० | |
| | धार्मिक | ३ | ० | ० | ० | ७ |
| ३ | निजि | ० | ० | ० | ० | |
| | सामुदायिक | ३ | ० | ० | ० | |
| | धार्मिक | १ | ० | ० | ० | ६ |
| ४ | निजि | २ | ० | ० | ० | |
| | सामुदायिक | ४ | ० | १ | ० | |
| | धार्मिक | १ | ० | ० | ० | ७ |
| ५ | निजि | १ | ० | ० | ० | |
| | सामुदायिक | २ | ० | २ | ० | |
| | धार्मिक | ४ | ० | ० | ० | ९ |
| ६ | निजि | ० | १ | ० | ० | |
| | सामुदायिक | ० | २ | ० | ० | |
| | धार्मिक | ३ | ० | ० | ० | ६ |
| ७ | निजि | १ | ० | ० | ० | |
| | सामुदायिक | ४ | १ | १ | ० | |
| | धार्मिक | ३ | ० | ० | ० | १० |
| ८ | निजि | १ | ० | ० | ० | |
| | सामुदायिक | ५ | ० | ० | १ | १७ |
| ९ | धार्मिक | ७ | १ | ० | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निजि | ३ | ० | ० | ० | |
| १० | सामुदायिक | २ | ० | १ | ० | ६ |
| | धार्मिक | २ | ० | ० | ० | |
| | निजि | १ | ० | ० | ० | |
| ११ | सामुदायिक | २ | १ | १ | ० | ६ |
| | धार्मिक | १ | ० | ० | ० | |
| | निजि | १ | ० | ० | ० | |
| **जम्मा** | | ७६ | १० | ७ | ५ | ९८ |

*स्रोतः IEMIS, २०८१*

**तालिका नं. १.१२**
**शिक्षक विवरण**

| **क्रसं** | **दरबन्दी** | | | | **कुल जम्मा** |
|---|---|---|---|---|---|
| | **तह** | **अस्थायी** | **स्थायी** | **राहत** | |
| १ | बालविकास केन्द्र | ६१ | ० | ० | ६१ |
| २ | प्राथमिक | ५ | ८३ | ४५ | १३३ |
| ३ | निम्नमाध्यमिक | १ | १४ | ५ | २० |
| ४ | माध्यमिक | ० | ७ | १० | १७ |
| ५ | साविक उ.मा.तह | ४ | ० | २ | ६ |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, महाराजगंज नगरपालिका*

## तालिका नं. १.१३

## विद्यालय गईरहेका, विद्यालय बाहिर रहेका तथा विद्यालय छाडेका बालबालिकाहरुको विवरण

| Age and लिङ्ग | जम्मा | School Attendance Status | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Currently Attending | | | | | | Currently Not Attending | | | | | | | Attendance not stated | | | | | |
| | | | | | | | | Ever Attended | | | | | | Never Attended | | | | | | |
| | | Early childhood education (०) | Primary education (१-५) | Lower secondary (६-८) | Upper secondary (९-१०) | Other | Level not stated | Early childhood education (०) | Primary education (१-५) | Lower secondary (६-८) | Upper secondary (९-१०) | Other | Level not stated | | Early childhood education (०) | Primary education (१-५) | Lower secondary (६-८) | Upper secondary (९-१०) | Other | Level not stated |
| **All Ages** | २७४६५ | २९८९ | ८७८३ | ५४४० | ३००२ | ११ | ५० | ३९ | १४८५ | २३०६ | २६४७ | ४१ | २२ | ६२३ | ० | ५ | १ | ० | ० | २१ |
| ५ Year | १६०९ | १५१० | ० | ० | ० | ० | २ | १० | ० | ० | ० | ० | १ | ७७ | ० | ० | ० | ० | ० | ९ |
| ६ Year | १६७९ | ८९२ | ७३६ | ० | ० | ० | ३ | ५ | ८ | ० | ० | ० | ० | ३२ | ० | ० | ० | ० | ० | ३ |
| ७ Year | १६३६ | ४१२ | ११८७ | ० | ० | ० | ५ | ४ | १२ | ० | ० | १ | ० | १३ | ० | ० | ० | ० | ० | २ |
| ८ Year | १६५० | १२६ | १४७८ | ० | ० | १ | ६ | १ | २२ | ० | ० | ० | १ | ११ | ० | १ | ० | ० | ० | ३ |
| ९ Year | १६२७ | २६ | १५४८ | ० | ० | १ | ४ | ० | २९ | ० | ० | १ | २ | १६ | ० | ० | ० | ० | ० | ० |
| १० Year | १७२१ | ८ | १५१२ | ० | ० | १ | ३ | ४ | १७१ | ० | ० | ० | १ | २१ | ० | ० | ० | ० | ० | ० |
| ११ Year | १५१८ | ५ | १०८१ | ३४२ | ० | ० | ५ | १ | ६४ | ६ | ० | ० | १ | १३ | ० | ० | ० | ० | ० | ० |
| १२ Year | १७९१ | ३ | ७३२ | ९८७ | ० | १ | १ | १ | ३० | १६ | ० | १ | ० | १९ | ० | ० | ० | ० | ० | ० |
| १३ Year | १७८१ | २ | २६६ | १४५१ | ० | १ | २ | २ | २२ | २१ | ० | ० | १ | १३ | ० | ० | ० | ० | ० | ० |
| १४ Year | १८१३ | ३ | १३४ | १२२४ | ३५८ | ० | ६ | १ | ३५ | २९ | ४ | ० | १ | १७ | ० | १ | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ Year | १७७५ | ० | ३५ | ८४२ | ७३६ | ० | ५ | ३ | ५३ | ६५ | १६ | १ | १ | १५ | ० | ० | ० | ० | ० | ३ |
| १६ Year | १३३४ | २ | २२ | ३२२ | ७८५ | ० | १ | १ | ५५ | ९१ | ३५ | ० | १ | १८ | ० | ० | १ | ० | ० | ० |
| १७ Year | ८९३ | ० | १६ | १३५ | ४८७ | ० | ३ | ० | ४९ | १०५ | ७९ | ३ | ० | १४ | ० | २ | ० | ० | ० | ० |
| १८ Year | ८७४ | ० | १९ | ९० | २९८ | ० | १ | १ | ९४ | १९६ | १४९ | १ | १ | २४ | ० | ० | ० | ० | ० | ० |
| १९ Year | ६८९ | ० | १६ | ४७ | १४० | ० | ० | १ | ८७ | १९० | १८४ | २ | १ | २० | ० | ० | ० | ० | ० | १ |
| २० Year | ७९८ | ० | १ | ० | ७१ | १ | ० | ० | ११८ | २८४ | २७४ | ३ | ० | ४५ | ० | १ | ० | ० | ० | ० |
| २१ Year | ६८१ | ० | ० | ० | ५० | १ | ० | ० | ८३ | २१४ | २९० | ८ | १ | ३४ | ० | ० | ० | ० | ० | ० |
| २२ Year | ८५८ | ० | ० | ० | २८ | १ | १ | १ | १२२ | २८३ | ३७३ | ७ | ३ | ३९ | ० | ० | ० | ० | ० | ० |
| २३ Year | ८२० | ० | ० | ० | १५ | २ | २ | १ | १२५ | २५३ | ३७७ | ५ | ० | ४० | ० | ० | ० | ० | ० | ० |
| २४ Year | ८६२ | ० | ० | ० | १९ | १ | ० | १ | ११५ | २५४ | ४०६ | ४ | ३ | ५९ | ० | ० | ० | ० | ० | ० |
| २५ Year | १०५६ | ० | ० | ० | १५ | ० | ० | १ | १९१ | २९९ | ४६० | ४ | ३ | ८३ | ० | ० | ० | ० | ० | ० |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, महाराजगंज नगरपालिका*

**तालिका नं. १.१४**
**शिक्षक तथा शैक्षिक जनशक्ति विवरण**

| तह | पुरुष | महिला | कुल जम्मा |
|---|---|---|---|
| मा.वि. | ७२ | १२ | ४८ |
| नि.मा.वि. | ५४ | ४१ | ९४ |
| प्रा.वि. | १२६ | १३८ | २४५ |
| निजी | ६ | ९ | १४ |
| बालविकास | ० | ६१ | ६१ |
| लेखापाल | १२ | १ | १३ |
| का.स. | २२ | २८ | ५० |
| जम्मा | २९२ | २८९ | ५२४ |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, महाराजगंज नगरपालिका*

## १.३ मुख्य समस्या तथा चुनौति (SWOT) को विश्लेषणः

महाराजगंज नगरपालिका भित्र रहेका विद्यालयहरुमा शिक्षक दरबन्दी र विषयगत शिक्षकको अभाव, विद्यालयमा सबैको पहुँच र निरन्तरताको अभाव, शैक्षिक सामग्रीको अभाव विद्यालय छाड्ने प्रवृति उच्च हुनु, कक्षा दोहोऱ्याउने प्रवृत्ती बढी हुनु, विद्यार्थी नियमित नरहनु, दलित आदिवासी जनजातिको भर्नादर न्युन हुनु, विद्यालयहरु आर्थिक रुपमा कमजोर हुनु, अधिकांश विद्यार्थीहरुको अभिभावक आर्थिक रुपमा विपन्न हुनु, उच्च शिक्षा हासिल गर्नुको सट्टा रोजगारको लागि भौतारिनु, बालबालिकाहरुको अभिभावक शैक्षिक प्रगतिको बारेमा चासो नराख्नु, विभिन्न प्रकारको शिक्षक हुनु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु, शिक्षक, विद्यार्थी र अभिभावकसँग समन्वय र सहकार्यमा कमी हुनु, शिक्षामा सरोकारवालाहरुको चासो कम रहनु, आधुनिक सूचना प्रविधिको प्रयाप्त मात्रामा प्रयोग नहुनु ।

## शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

महाराजगंज नगरपालिकाको वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका मुख्यमुख्य समस्या, ती समस्याको समाधानमा देखिएका चुनौती र अवसरको पहिचान गरिएका समस्याहरुलाई विश्लेषण गरिएको छ । सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र Gap analysis प्रक्रिया अवलम्बन गरिएको छ । सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ । जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी

ढंगबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ । नगरपालिकाको शैक्षिक क्षेत्रको तथ्याङ्क, अवस्थाहरूको विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका समस्या, समस्याका कारण, चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ ।

### १.३.१ सबल पक्षहरु

- **विद्यालयहरूको संख्या पर्याप्त** - सबै वडाहरूमा आधारभूत तथा माध्यमिक विद्यालयहरूको उपस्थिति।
- **स्थानीय सरकारको शिक्षा सुधारप्रतिको प्रतिबद्धता** - बजेट छुट्याउने, तालिम तथा अनुगमनमा सक्रियता।
- **सहायोगी संस्थाको उपस्थिति** - केही विद्यालयहरूमा NGO/INGO को सहकार्यले शैक्षिक पूर्वाधार वा सामग्रीमा सुधार।
- **साक्षरता दरमा सुधार** - पछिल्लो दशकमा महिला तथा दलित समुदायमा पनि साक्षरताको स्तर बढ्दो छ।
- **विद्यालय मा गठन भएका शिक्षा समितिहरू (SMC, PTA)** सक्रिय छन्।
- **बालबालिका भर्ना अभियान प्रभावकारी** छ (admission drive success)।
- **समावेशी शिक्षा** र **लैङ्गिक समानता**लाई प्राथमिकता दिइएको छ ।

### १.३.२ मुख्य शैक्षिक समस्याहरु

- **शैक्षिक गुणस्तरमा असमानता**: सबै विद्यालयमा सिकाइ उपलब्धि एकरूप नहुनु ।
- **शिक्षकहरूको विषयगत क्षमता अभाव**: विज्ञान, गणित, अंग्रेजीमा दक्ष शिक्षकको अभाव रहेको ।
- **भौतिक पूर्वाधारको कमी**: सबै विद्यालयमा शौचालय, खानेपानी, बालमैत्री कोठाको अभाव रहेको।
- **ICT को प्रयोग न्यून**: प्रविधि मार्फत सिकाइ प्रवर्द्धन गर्न आवश्यक उपकरण र तालिमको कमी रहेको ।
- **विद्यालयमा ड्रप आउट दर अझै चुनौती पूर्ण** विशेष गरी किशोर किशोरी वर्गमा।
- **विशेष आवश्यकता भएका बालबालिकाको शिक्षामा पहुँच कमजोर रहेको** ।
- **विद्यालय व्यवस्थापन समितिको क्षमता अभाव रहेको** ।

### १.३.३ शिक्षा क्षेत्रका अवसरहरु

- **संघीय शिक्षा नीति अनुसार स्थानीय तहलाई पूर्ण अधिकार**- स्थानीय तह लाई आफ्नै नीति र कार्यक्रम बनाउन सक्ने अधिकार रहनु ।
- **विभिन्न संघसंस्थासँग सहकार्य (NGOs/INGOs)** को अवसर - विद्यालय पोषण कार्यक्रम, छात्रवृत्ति, शैक्षिक सामग्री वितरण, शिक्षकहरुको पेशागत तालिम जस्ता क्रियाकलापहरुमा संघ संस्थानहरुको साझेदारी हुनु ।
- **ICT, डिजिटल शिक्षण विधिको विस्तार**–वैकल्पिक सिकाइका माध्यम प्रयोग गर्न सकिने गरी शिक्षामा प्रविधिको विकास हुनु।
- **अनलाइन तालिम र शिक्षक अपग्रेडेशन प्लेटफर्म**को व्यवस्था हुनु ।
- **बढ्दो अभिभावक जागरुकता** र समुदायको सहभागिताले गर्दा शिक्षामा गुणात्मक सुधार ल्याउन सहज हुनु ।
- **विद्यालयमा सीपमूलक शिक्षा (TVET) विस्तार गर्ने सम्भावना** रहनु ।

### १.३.४ शिक्षा क्षेत्रका चुनौतीहरु

- **बालविवाह र बालश्रमको प्रभाव अझै विद्यमान**- विशेषगरी सीमान्तकृत समुदायमा अझै पनि सामाजिक कुरीति कायमै रहनु ।
- **अत्यधिक गरिबी**का कारण विद्यार्थीहरु विद्यालय छोड्न बाध्य हुनु ।
- **प्राकृतिक प्रकोप (जस्तै बाढी, वर्षा)** ले शिक्षामा अवरोध पुऱ्याउने सम्भावना रहनु ।
- **जनशक्ति पलायन** (विदेश जाने प्रवृत्ति) ले शिक्षा प्रणालीमा दीर्घकालीन असर पुर्याउनु ।
- **राजनीतिक हस्तक्षेप र अस्थिरता** – शिक्षक सरुवा, नियुक्तिमा अपारदर्शिता रहनु ।
- **EMIS/MIS प्रणालीको कमजोर कार्यान्वयन**–तथ्यांकमा भरपर्दो सूचना अभाव रहनु ।

# परिच्छेद २ः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ नगरपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः

नेपालको संविधान बमोजिम तीन तहको शासकीय स्वरूप कार्यान्वयनमा रहेको छ। संविधानले तीन तह बिच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा कार्य गर्न मार्गदर्शन गरेको सन्दर्भमा स्थानीय शिक्षा सम्बन्धी एकल तथा साझा अधिकार लगायतका व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी शिक्षालाई जीवनोपयोगी प्रतिस्पर्धी एवं संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामुलक पहुँचका लागि नीति तथा योजनाको आवश्यकता पर्दछ । शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी तीन तहका सरकारको एकल र साझा अधिकारको रूपमा कार्यक्षेत्र समेत निर्धारण गरिएको अवस्थामा स्थानीय तहको आगामी शैक्षिक कार्यक्रमहरूलाई योजनावद्ध रूपमा सञ्चालन गर्नका लागि स्थानीय तहको शिक्षा क्षेत्र योजनाको आवश्यकता रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यमिक शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला शिक्षा तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति निर्माण मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन मूल्यांकन गर्ने काम स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको उल्लेख गरेको छ । विद्यालय स्थापना अनुमति सञ्चालन व्यवस्थापन र नियमन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति, अनुगमन मूल्याङ्कन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन गर्ने कार्य पनि स्थानीय तहको रहेको छ । गाँभिएका र बन्द गरिएका विद्यालयहरूको सम्पती व्यवस्थापन, गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पति अभिलेख, संरक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण, सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धी कार्य स्थानीय तहको रहेको छ । त्यसैगरी विद्यालयको नक्साङ्कन अनुमति स्वीकृति समायोजन तथा नियमन सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार सञ्चालन र व्यवस्थापन आधारभूत तहको परीक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापन, विद्यार्थी सिकाइ उपलब्धी परीक्षण र व्यवस्थापन शिक्षक, विद्यार्थी प्रोत्साहन तथा छात्रवृति व्यवस्थापन र ट्युसन कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा अनुमति र नियमनका कार्यहरू समेत स्थानीय तहको कार्य क्षेत्रभित्र रहेको छ । यसैगरी स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण प्रवर्द्धन र स्तरीकरण स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन

तथा व्यवस्थापन माध्यमिक तहसम्म शैक्षिक कार्यक्रम समन्वय र नियमन सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन आय व्ययको लेखा अनुशासन कायम अनुगमन र नियमन शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन कार्यहरू स्थानीय तहको रहेको देखिन्छ ।

नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गरेका शिक्षा सम्बन्धी प्रतिवद्धता, दिगो विकासका लक्ष्य सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रको रूपमा स्तरोन्नती हुने लक्ष्य लिएको छ । ५ बर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP 2073-78) समाप्त भईसकेको छ । यस सन्दर्भमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय शिक्षा क्षेत्र योजना (SESP 2079-2088) कार्यान्वयनमा ल्याएको छ ।

मुलुक संघीय संरचनामा गईसकेपछि बदलिँदो राजनीतिक परिवेश, नेपालको संविधानले प्रत्याभूत गरेका नागरिकका मौलिक हकको कार्यान्वयन राष्ट्रले लिएका शिक्षाका लक्ष्य एवं प्रतिवद्धताहरू, प्रदेश सरकारले लिएका शैक्षिक लक्ष्य तथा उद्देश्यहरु समेतको प्राप्तिकाका लागि योजना अपरीहार्य हुने भएकोले नेपाल सरकारको राष्ट्रिय शिक्षा नीतिमा भएका मूलभुत पक्ष स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले तोकेका स्थानीय तहका काम कर्तव्य र अधिकारहरू समेतको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएकोले यो शिक्षा क्षेत्र योजनाको आवश्यकता अपरिहार्यता, सान्दर्भिकता र औचित्यता रहेको पुष्टि हुन्छ । यस अवस्थामा प्रदेश तथा स्थानीय तहले समेत सोही प्रकृतिका शैक्षिक योजना निर्माण गर्ने जिम्मेवारी प्राप्त गरेका छन् । त्यसैले यस नगरपालिकाकाले पनि संघीय सरकारबाट प्राप्त जिम्मेवारी बमोजिम पाँच वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ ।

## २.१.१ संवैधानिक प्रावधान

### धारा ३१

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा ५१ राज्यका नीतिः (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः**

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने ।

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने ।

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने ।

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने ।

यसै गरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

### २.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४

दफा ११ (२)ज (स्थानीय तहका शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार)

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन

५. गाँभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

८. विद्यालयको नामकरण

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

## दफा २४ योजना बनाई कार्यान्वयन गर्ने:

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्नेछ ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने

३. जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने

४. स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने

५. स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने

६. महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

७. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने

८. दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुऱ्याउने

९. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ ।

## २.१.३ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमा सम्बन्धी व्यवस्था)

१. स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ ।

२. प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सघंको कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्नेछ ।

३. सघंले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्नेछ ।

## २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ ।

३. दफा १४ अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने ।

४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने ।

५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने

६. दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था

७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा

८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने

९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था

१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार (क. सामुदायिक सिकाइ केन्द्र, ख. आधारभूत प्रौढ शिक्षा ग. परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम) (नियम ३) ।

११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ (नियम ४) ।

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाई शुल्क, ग) परीक्षा शुल्क, घ) पाठ्यपुस्तक वापतको रकम (नियम ५) ।

१३. छात्रवृत्ति तथा विशेष व्यवस्थाः पाठ्यपुस्तक, ब्रेल, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि (नियम ६) ।

१४. जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, वेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्नेछ ।

## २.२ दुरदृष्टीः

**"समतामुलक पहुँच सहितको गुणस्तरीय शिक्षाको अभिवृद्धिः सामाजिक न्याय, रुपान्तरण र समृद्धि"**

## २.३ लक्ष्यः

शिक्षामा नविनतम ज्ञान, सिप तथा प्रविधिको प्रभावकारी प्रयोगबाट समावेशी र समतामूलक पहुँच स्थापित गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने ।

## २.४ उद्देश्य

१. नगर क्षेत्रभित्रका सबै प्रकारका बालबालिकालाई समावेशी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्नु ।
२. सिकाइका लागि उपयुक्त सुरक्षित ,भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी व्यवहारिक र प्रविधि मैत्री गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
३. बालबालिकाको सर्वाङ्गिण विकासका लागि प्रारम्भिक बालविकास शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गर्नु।
४. शैक्षिक सुशासन प्रवर्धन गर्दै नैतिक आचरण सहितको मानव मूल्यमा आधारित शिक्षा प्रदान गर्नु ।
५. स्थानीय भाषा, कला, संस्कृति र साहित्य विकासको प्रवद्धन गर्दै योग, ध्यान र सह क्रियाकलाप जस्ता रचनात्मक कार्यद्वारा बालबालिकको सर्वाङ्गिण विकासमा जोड दिनु ।
६. आपतकालिन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै सिकाइका वैकल्पिक उपायहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
७. अनौपचारीक शिक्षा र आजिवन सिकाइका अवसरहरु सुनिश्चित गर्ने ।
८. उच्च शिक्षमा पहुँच अभिवृदि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित, प्रतिस्पर्धि र उद्यमशिल मानव शंसाधनको विकास गर्नु ।
९. पाठ्यक्रमले तोके अनुसारको सिकाई उपलब्धि हासिल गर्नु।

## २.५ रणनीति र कार्यनीतिहरु

**तालिका नं २.१**
**उद्देश्य रणनीति तथा कार्यनीति**

| क स | उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|---|
| १ | नगर क्षेत्रभित्रका सबै प्रकारका बालबालिकालाई समावेशी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्नु । | १. आधारभूत तथा माध्यमिक शिक्षामा सबै बालबालिकाहरुको समावेशी तथा समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्ने ।<br>२. अनिवार्य तथा निःशुल्क | १. विद्यालयको नक्साङ्कन गर्ने ।<br>२. आवश्यकताका आधारमा विद्यालयको स्थापना तथा समायोजन गर्ने ।<br>३. आवश्यक नियमकानुन र कार्यविधि निर्माण गर्ने । |

| | | | |
|---|---|---|---|
| | | शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गर्ने । | ४. विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाईको उचित प्रबन्ध सहित भौतिक सुविधा सुनिश्चित गर्ने ।<br>५. विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री, समावेशी र सुरक्षित सिकाई वातावरण कायम गर्ने ।<br>६. शिक्षक दरबन्दी मिलान तथा आवश्यक शिक्षकको व्यवस्था गर्ने ।<br>७. लक्षित वर्गका बालबालिकाहरुलाई छात्रावृति, शैक्षिक सामग्री तथा अन्य आवश्यक सामग्रीको व्यवस्था गर्ने ।<br>८. अपाङ्ग, अभिभावकविहिन तथा असहाय बालबालिकाहरुका लागि सुविधा सम्पन्न छात्रावासको व्यवस्था गर्ने |
| २ | सिकाइका लागि उपयुक्त सुरक्षित, भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी व्यवहारिक र प्रविधि मैत्री गुणस्तरीय शिक्षा प्रदान गर्नु । | १. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, बालमैत्री समावेशी र सुरक्षित बनाउने ।<br>२. गुणस्तरीय शिक्षाको सुनिश्चितका लागि शिक्षकहरुको क्षमता विकास गर्दै विद्यालयलाई आवश्यक | १. आवश्यकताका आधारमा विद्यालयमा सुरक्षित भौतिक संरचना निर्माण गर्दै लगिनेछ ।<br>२. विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको विकास र विस्तार गर्ने ।<br>३. "एक विद्यार्थी एक विरुवा र |

| | | | |
|---|---|---|---|
| | | शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने, | एक विद्यालय एक बगैचा" लाई कार्यान्वयन गर्दै हरित विद्यालय निर्माण गर्ने ।<br>४. विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा अन्य सन्दर्भ सामग्रीहरुको व्यवस्था गर्ने ।<br>५. शिक्षक दरबन्दी मिलान, पुनर वितरण तथा नियमानुसार प्र.अ. व्यवस्थापन गर्ने ।<br>६. शिक्षकहरुको पेशागत क्षमता विकासका लागि आवश्यकता अनुसार कार्यक्रमहरु संचालन गर्ने ।<br>७. शिक्षक, कर्मचारी र विद्यार्थीहरुका लागि ई-हाजिरीको व्यवस्था गर्ने ।<br>८. शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन जस्ता कार्यक्रम संचालन गर्ने ।<br>९. विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री समावेशी र सुरक्षित सिकाई |

| | | | |
|---|---|---|---|
| | | | वातावरण कायम गर्ने । |
| ३ | बालबालिकाको सर्वाङ्गिण विकासका लागि प्रारम्भिक बालविकास शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गर्नु । | १. न्यूनतम मापदण्ड सहितका प्रारम्भिक बालविकास केन्द्रको विकास गर्ने ।<br>२. संघ प्रदेश र स्थानीय सरकारका साथै स्थानीय संघ संस्था र सरोकारवालाहरुको सहभागितामा बालबालिकाको सर्वाङ्गिण विकासका कार्यक्रमहरु सञ्चालन गर्ने । | १. सबै प्रारम्भिक कक्षाहरुमा न्यूनतम मापदण्ड बमोजिमका पुर्वाधारहरु तयार गर्ने ।<br>२. प्रारम्भिक कक्षाका सहजकर्ताहरुको पेशागत क्षमता विकासका अवसरहरु प्रदान गर्ने ।<br>३. बालबालिका अनुकुलका शैक्षिक सामाग्रीहरुको व्यवस्था गर्ने ।<br>४. अभिभावक शिक्षा संचालन गर्ने ।<br>५. प्रारम्भिक बालविकास संचालन र व्यवस्थापनको लागि आवश्यक निर्देशिका तयार गरी कार्यान्वयन गर्ने |
| ४ | शैक्षिक सुसासन प्रवर्धन गर्दै नैतिक आचरण सहितको मानव मूल्यमा आधारित शिक्षा प्रदान गर्नु | १. विद्यालयमा शैक्षिक सुशासन कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्ने,<br>२. पाठ्क्रममा भएका नैतिक शिक्षाका बिषयबस्तुहरुलाई व्यवहारमा देखिने गरि शिक्षण सिकाई गर्ने । | १. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई यथार्थपरक तथा वस्तुनिष्ठ बनाईनेछ ।<br>२. निर्धारित समयमा सामाजिक परीक्षण, लेखापरीक्षण गर्ने, विद्यालय सुधार योजना निर्माण र विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ गठन गर्ने |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्था मिलाईनेछ ।<br>३. शिक्षकहरुको पेशागत क्षमता विकासका लागि आवश्यकता अनुसार कार्यक्रमहरु संचालन गर्ने ।<br>४. शिक्षक, कर्मचारी र विद्यार्थीहरुका लागि ई-हाजिरीको व्यवस्था, विद्यालयको सम्पूर्ण आर्थिक कारोबारलाई बैकिङ्ग प्रणालीमा आबद्ध गर्ने ।<br>५. अभिभावक शिक्षा संचालन गरिने छ ।<br>६. विद्यार्थीहरुमा व्यवहार कुशल सीपहरुको अभ्यासको लागि शिक्षक, विद्यार्थी र अभिभावकहरु बीचमा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने । |
| ५ | स्थानीय भाषा, कला, संस्कृति र साहित्य विकासको प्रवद्धन गर्दै योग, ध्यान र सहकृयाकलाप जस्ता रचनात्मक कार्यद्वारा बालबालिकको सर्वाङ्गिण विकासमा जोड दिनु । | १. स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको निर्माण र कार्यान्वयन गर्दै स्थानीय कला, साहित्य र सँस्कृतिको जगेर्ना गर्ने,<br>२. स्थानीय परम्परागत (रैथाने) सीपहरुको पहिचान, संरक्षण र प्रबर्द्धन गर्ने, | १. स्थानीय परिवेश सुहाँउदो पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको निर्माण गरी कार्यान्वयन गर्ने ।<br>२. स्थानीय कला, साहित्य र सँस्कृतिको जगेर्ना गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्ने । |

| | | | |
|---|---|---|---|
| | | ३. योग, ध्यान र अतिरिक्त क्रियाकलाप सञ्चालन गरि विद्यार्थीको चौतर्फी विकास गर्ने । | ३. स्थानीय सीप पहिचान गरी अन्तरपुस्ता हस्तान्तरण गर्न सहजिकरण गर्दै जीविकोपार्जनसँग आबद्ध गर्ने<br>४. भाषा, कला तथा साहित्यको संरक्षण, प्रवर्द्धन र विकासका लागि आवश्यक कार्यक्रम गर्ने ।<br>५. विद्यालय तहमा योग, ध्यान र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गरिने छ । |
| ६ | आपतकालिन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै सिकाइका वैकल्पिक उपायहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु | १. विपद्को समयमा शिक्षाको निरन्तरताको लागि आवश्यक योजना, नीति तथा कार्यविधि निर्माण गरी आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने,<br>२. कोभिड १९ लगायतका अन्य महामारी र प्रकोपका कारणले पुर्याएको क्षति न्यूनिकरणको लागि शिक्षण सिकाइलाई निरन्तरता दिन आवश्यक व्यवस्था गर्ने, | १. विपद् व्यवस्थापनका लागि संयन्त्र निर्माण, क्षमता अभिवृद्धि गर्दै श्रोत साधनको व्यवस्था गर्ने ।<br>२. बृहत विद्यालय सुरक्षा सम्बन्धी कार्यक्रमहरु सबै विद्यालयहरुमा संचालन गर्ने<br>३. सिकाई आपुरण तथा द्रुत सिकाई योजना(ReAL Plan) साझेदारीमा प्रभावकारी रुपमा संचालन गर्ने ।<br>४. महामारी तथा प्रकोपका कारणले विद्यालय संचालन हुन नसक्ने अवस्था भएमा अनलाईन तथा भर्चुवल सिकाईको व्यवस्था गर्ने । |

| | | | |
|---|---|---|---|
| | | | ५. स्थानीय स्तरमा शिक्षा समूह निर्माण तथा परिचालन गर्ने ।<br>६. विद्यालयहरुमा प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउँदै लगिनेछ । |
| ७ | अनौपचारीक शिक्षा र आजिवन सिकाइका अवसरहरु सुनिश्चित गर्ने | १. आवश्यकता तथा मागमा आधारित वैकल्पिक शिक्षाका विभिन्न कार्यक्रमहरु संचालन गर्ने,<br>२. सामुदायिक सिकाई केन्द्रलाई बहुउद्देश्यीय संयन्त्रको रुपमा सुदृढिकरण गरी समावेशी र समतामा आधारित आजीवन सिकाई थलोको रुपमा विकास गर्ने, | १. साक्षरताको वर्तमान अवस्था साथै विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचानको लागि घर धुरी सर्वेक्षण गर्ने ।<br>२. विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वय तथा सहयोगमा निरन्तर साक्षरता कक्षा तथा वैकल्पिक शिक्षाका विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।<br>३. अनौपचारिक शिक्षाबाट साक्षर भएकाहरुलाई व्यावसायिक सीपमा आबद्ध गर्न आवश्यक सहयोग गर्ने<br>४. सामुदायिक सिकाई केन्द्रलाई आधारभूत सुविधा सम्पन्न (पुस्तकालय, सूचना प्रविधि सम्बन्धी सामग्री, फर्निचर आदि) गर्दै सिकाई केन्द्रको रुपमा विकास गर्दै सि.एल.सि. |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्थापन समिति र सहजकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने । |
| ८ | उच्च शिक्षमा पहुँच अभिवृदि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित, प्रतिस्पर्धि र उद्यमशिल मानव शंसाधनको विकास गर्नु । | १. उच्च शिक्षा अध्यापन गराइने शैक्षिक संस्थाहरु बिचमा समन्वय तथा सहकार्य गर्ने,<br>२. विज्ञान तथा प्रविधि सम्बन्धी विषयहरु अध्ययन गर्ने विद्यार्थीहरुको लागि प्रोत्साहन गर्ने, | १. उच्च शिक्षाको विकासको लागि सार्वजनिक, सामुदायिक र निजी स्तरमा संचालन भएका शैक्षिक संस्थाहरु बिचमा अनुभव आदान प्रदान र असल सिकाई स्थानान्तरणका लागि अन्तरक्रिया तथा सेमिनार सञ्चालन गरिनेछ ।<br>२. स्थानीय स्तरको मानव संसाधन योजना बनाई सोहि बमोजिम उच्च शिक्षामा पठनपाठन गर्ने ।<br>३. समय अनुसार विश्व बजारमा खपत तथा प्रतिस्प्रर्धा गर्न सक्ने जनशक्ति उत्पादनमा जोड दिईनेछ ।<br>४. आर्थिक रुपले पिछडिएका जनजाती, दलित, महिला, यौनिक अल्प संख्यक, अपाङ्गता भएका विद्यार्थीहरुलाई उच्च शिक्षाको पहुँच वृद्धि गर्न छात्रावृति लगायत अन्य आवश्यक व्यवस्था मिलाइने |

| | | | |
|---|---|---|---|
| | | | छ ।<br>५. प्राविधिक तथा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुका लागि शैक्षिक सहुलियतका कार्यक्रम प्रदान गर्ने ।<br>६. उत्पादित जनशक्तिहरुलाई सीप तथा क्षमता अनुसार स्थानीय तहमा परिचालन गर्ने ।<br>७. उच्च शिक्षा संचालनका लागि सामुदायिक क्याम्पसहरुलाइ आर्थिक प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।<br>८. उच्च शिक्षामा विद्यार्थीहरको आकर्षण वृद्धि गर्न माध्यमिक तहबाट नै परामर्श सेवा सञ्चालन गरिने छ ।<br>९. नगर भित्रका उच्च शिक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने र एम. फिल तथा पि.एच. डी. हासिल गर्ने जनशक्तिलाई सम्मान गरिनेछ । |
| ९ | पाठ्यक्रमले तोके अनुसारको सिकाई उपलब्धि हासिल गर्नु | १. सिकाई उपलब्धि वृद्धिका लागि सिकाई सुधार योजना बनाई कार्यान्वयन गर्ने ।<br>२. शिक्षक दरबन्दि पुर्न वितरण, तथा समायोजन र | १. बालमैत्री, अपाङ्गमैत्री, समावेशी, छात्रामैत्री कक्षाकोठाको व्यवस्थापन गर्ने ।<br>२. विद्यार्थी केन्द्रित शिक्षण |

| | | | |
|---|---|---|---|
| | | आवश्यकताका आधारमा शिक्षकको व्यवस्थापन गर्दै शिक्षकको पेशागत वृद्धि विकासका लागि शिक्षक सहायता प्रणाली लागु गर्ने । | सिकाई क्रियाकलाप संचालन गर्ने ।<br>३. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी रुपबाट संचालन गर्ने ।<br>४. स्थानीय पाठयक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>५. शिक्षकको पेशागत विकासमा जोड दिईनेछ ।<br>६. शैक्षिक सामाग्रीहरुको निर्माण र प्रयोगमा जोड दिईनेछ ।<br>७. विद्यालयमा अनिवार्य बुक कर्नर तथा पुस्तकालयको व्यवस्था गरी प्रयोगमा जोड दिइनेछ ।<br>८. विद्यार्थीहरुलाई व्यवहार कुशल सिपमा जोड दिनुमा साथै विभिन्न एतिहासिक धार्मिक पर्यटकिय पुरातात्विक महत्व बोकेका स्थानहरुको अवलोकन भ्रमण गराईनेछ ।<br>९. ReALPlan सिकाई आपुरण तथा द्रुत योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।<br>१०. विद्यालय सुधार योजना |

| | | | |
|---|---|---|---|
| | | | निर्माण गर्दा सिकाई उपलब्धि वृद्धि गर्ने खालका कार्यक्रम समावेश गरिनेछ । |

## २.६ मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्य निर्धारण

तालिका नं. २.२

सुचकहरुको पञ्च वर्षिय लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | महाराजगंज नगरपालिका आधार वर्ष २०८१ | महाराजगंज नगरपालिका | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९९.९ | १०६.८ | ९७.६ | ८३.५ | ८५.५ | ८८.६ | ९२.८ | ९४.९ | ९७.९ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.६ | ७२.६ | ५९.२ | ५२.२ | ६२.२ | ६९.४ | ७५.२ | ८०.७ | ८५.७ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ७७.३ | ६४.५ | ७०.३ | ७५.० | ८१.८ | ८६.५ | ९० |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०८२. | ०८१. | ०७९. | ०.७१ | ०.७५ | ०.७७ | ०.७९ | ०.८४ | ०.९० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कक्षा १ मा खुद नयाँ भर्ना NIR | ९५.७ | ९५.८ | ९५.७ | ९५.८ | ९५६८ | ९७.७ | ९८.१ | ९९.० | ९९.२ |
| ६ | कक्षा १ मा कूल नयाँ भर्ना GIR | ११५.९ | ११९.५ | १२०.३ | १२९.२ | १२०.५ | ११५.० | १११.५ | १०७.३ | १०३.२ |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.५ | ९५.१ | ९६.३ | ९७.३ | ९८.३ | ९९.१ | ९९.७ |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२४.८ | १२८.४ | १३१.८ | १४२.२ | १२८.१ | १२५.६ | ११७.१ | ११२.२ | १०५.५ |
| ९ | आधारभूत तह कक्षा १–५ मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९१ | ०.९६ | ०.९४ | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ | १.० |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.२ | ९५.१ | ९४.५ | ९४.३ | ९५.५ | ९६.४ | ९७.१ | ९८.४ | ९९.३ |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२१.६ | १२३.९ | १२१.७ | १२७.० | १२२.० | ११९.० | ११५.० | ११०.० | १०८.० |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८५.२ | ८६.३ | ८७.४ | ८८.३ | ८९.३ | ९०.७ | ९३.३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ | ९७.० | ९८.० | १.० |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर ल्भ्च् | ७६.५ | ७५.७ | ७३.० | ७१.६ | ७४.६ | ७६.५ | ७८.६ | ८०.९ | ८५.६ |
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९८.७ | ९६.८ | ९०.९ | ८५.८ | ८६.८ | ८९.६ | ९०.४ | ९२.८ | ९४.८ |
| १६ | माध्यमिक तह कक्षा ) –९१०मा कुल भर्ना ( दरमा लैङ्गिसमता सूचक | ०.९६ | ०.९७ | ०.९१ | ०.७७ | ०.७८ | ०.७९ | ०.८१ | ०.८९ | ०.९३ |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ३५.९ | २४.२ | १६.३ | २०.३ | २४.६ | २८.३ | ३४.६ | ३८.३ |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६७.७ | ६६.० | ४२.२ | २९.९ | ३२.९ | ३६.८ | ४२.९ | ४३.९ | ४५.८ |
| १९ | माध्यमिक तह कक्षा ) –१११२मा कुल ( भर्ना दरमा लैङ्गिक समता | १.०२ | १.०६ | १.०२ | ०.९४ | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ |

| | सूचक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५६.८ | ५५.२ | ४६.८ | ४२.४ | ४५.४ | ४८.८ | ५२.७ | ५५.४ | ५८.७ |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८३.२ | ८०.९ | ६४.७ | ५६.५ | ६०.५ | ६५.५ | ७०.९ | ७६.७ | ८५.५ |
| २२ | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.९५ | ०.८१ | ०.७७ | ०.७७ | ०.८३ | ०.८१ | ०.९९ |
| २३ | कक्षा चढ्ने दर १ देखि ५ | ८३.८ | ८२.९ | ७५.५ | ७२.० | ७४.५ | ७८.८ | ८०.७ | ८३. | ८८.९ |
| २४ | कक्षा चढ्ने दर ६ देखि ८ | ८८.२ | ८७.३ | ८६.२ | ८५.० | ८७.७ | ८९.५ | ९०.१ | ९२.३ | ९५.४ |
| २५ | कक्षा चढ्ने दर ९ देखि १० | ९३.४ | ९३.१ | ९२.१ | ९४.३ | ९५.१ | ९६.५ | ९७.१ | ९८३. | ९९.१ |
| २६ | कक्षा ११-१२ मा उत्तीर्ण दर | ९१.३ | ९१.२ | ९१.३ | ८९.१ | ९०१. | ९१.२ | ९२१. | ९३.२ | ९५.२ |
| २७ | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ८.७ | ९.५ | १४.७ | १८.७ | १६.४ | १२.४ | ९७. | ८७. | ४.५ |
| २८ | कक्षा दोहोर्याउने दर ६ देखि ८ | ५.२ | ६.३ | ४.४ | ७.७ | ६.३ | ५.५ | ४.२ | ३.४ | २.३ |
| २९ | कक्षा दोहोर्याउने दर ९ | २.२ | २.३ | ०.८ | ०.४ | ०.३ | ०.२ | ०.१ | ०.० | ०.० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | देखि १० | | | | | | | | | |
| ३० | कक्षा ११-१२ मा कक्षा दोहोऱ्याउने | ०.८ | ०.५ | ७.२ | ० | ० | ० | ० | ० | ०.० |
| ३१ | कक्षा छाड्ने दर १ देखि ५ | ३.२ | ३.३ | ५.३ | ४.५ | ३.१ | २५. | १.५ | ०५. | ०.३ |
| ३२ | कक्षा छाड्ने दर ६ देखि ८ | २.८ | २.९ | ३.७ | ३.७ | ३.४ | ३.१ | २.३ | १.४ | १.१ |
| ३३ | कक्षा छाड्ने दर ९ देखि १० | १.९ | २.१ | २.६ | २.५ | २.३ | २.१ | १५. | ०५. | ०.३ |
| ३४ | कक्षा ११-१२ मा कक्षा छोड्ने दर | ०.९ | १.१ | ०.४ | ०.२ | ०.१ | ० | ० | ० | ० |
| ३५ | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.३ | ४.३ | ४.५ | ४.७ | ४.८ | ५.२ | ६७. | ७.१ | ८.९ |
| ३६ | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ३.८ | ३.६ | ५.७ | ३.६ | ३.९ | ४.१ | ५.२ | ६६. | ७६. |
| ३७ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | २.५ | २.५ | ४.६ | २.८ | २.९ | ३.१ | ३.७ | ४.९ | ५.२ |
| ३८ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | ७.८ | ७.९ | ८.३ | ९.६ | ८.२ | ८.३ | ८.५ | ८.८ | ८.९ |

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

गर्भावस्थादेखि ८ वर्ष सम्मको उमेरमा हुने सर्वाङ्गीण विकास प्रारम्भिक बालविकास हो । यस अवधिलाई मानव जीवनको आधारशिला मानिन्छ। गुणस्तरीय प्रारम्भिक बालविकास कार्यक्रमबाट बालबालिकाको शारीरिक, बौद्धिक, भाषिक, सामाजिक तथा संवेगात्मक विकास हुनुका साथै विद्यालयका लागि पूर्वतयारी र जीवनकै जग निर्माण गर्ने बेला हो । अनिवार्य तथा निःशुल्क शिक्षाको ऐन, २०७५ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षालाई चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नु भन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास तथा शिक्षा हो भनेको छ ।

प्रारम्भिक बालविकासको अवधिमा बालबालिकाले पाउने विकासात्मक अवसरको प्रभाव मानव जीवनभरि नै पर्दछ । यस अवस्थामा बालबालिकाको आवश्यकता अनुसार यथोचित हेरचाह गर्न सकिएन भने उनीहरूले भविष्यमा शैक्षिक असफलता, संज्ञानात्मक चुनौतीहरू, व्यावहारिक समस्याहरू, विकासमा ढिलाई, वृद्धि मन्दता र स्वास्थ्य समस्याहरू सहित धेरै नकारात्मक परिणामहरू र कमजोरीहरूको सामना गर्नुपर्ने हुन्छ।

### ३.१.२ वर्तमान अवस्थाः

यस पालिकामा जम्मा ७५ वटा बालविकास रहेको छ । कुल बालविकास मध्ये विद्यालयको EMIS तथ्याक २०८० अनुसार ६१ वटा सामुदायिक विद्यालयमा आधारित, १४ वटा संस्थागत विद्यालयमा आधारित बालविकास रहेको छ । कुल ७५ ओटा बालविकासमा विद्यालयको EMIS तथ्याक २०८१ अनुसार सामुदायिक विद्यालयमा आधारित बालविकासमा १७७९ र ११२२ जना संस्थागत विद्यालयमा आधारित २९०१ कुल बालबालिका अध्ययनरत छन् । जस मध्ये कुल बालबालिका मध्ये १६८१ जना बालक र १२२० जना बालिका रहेका छन् ।

**तालिका नं. ३.१**

**२०८१ को फ्लास रिपोर्ट अनुसार बालविकास शिक्षाको सूचक अवस्था**

| क्रस | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ८३.५ |

| क्रस | सूचक | हालको अवस्था |
|---|---|---|
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ५०.२ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ६४.५ |

*स्रोतः CEHRD flash report 2081*

## तालिका नं. ३.२
## महाराजगंज नगरपालिकाका बा.वि.के.हरुमा शैक्षिक व्यवस्थापन तथा क्षमता अभिवृद्धिको अवस्था

| क्रस | नाम | सहजकर्ताको तालिमको अवस्था | | छुट्टै कोठाको व्यवस्था | | | बसाई व्यवस्था | | | भित्ता सजावट | | | सिकाई सामाग्री व्यवस्था | | खेल सामाग्री व्यवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तालिम पाएको | तालिम नपाए को | छ | छैन | खाली भुई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor out door दुबै | Indoor मात्र | out door मात्र | कुनै छैन | (बाल विकास संख्या) |
| १ | श्री जानकी मा.वि, महाराजगंज (१-१२) | √ | | √ | | | √ | √ | | | | √ | | √ | √ | √ | | १ |
| २ | श्री भद्र मा.वि, पडरिया (१-१२) | √ | | √ | | | √ | √ | | | | √ | | √ | √ | √ | | १ |
| ३ | श्री शिवभारी मा.वि, शिवभारी (१-१२) | √ | | √ | | | √ | √ | | | | √ | | √ | √ | √ | | २ |
| ४ | श्री माध्यमिक विद्यालय बुटहनिया, सानो बुटहनिया (१-१०) | √ | | √ | | | √ | √ | | | | √ | | √ | √ | √ | | ३ |
| ५ | श्री शिव प्रताप सरस्वती मा.वि, भलवारी (१- | √ | | √ | | | √ | √ | | | | √ | | √ | √ | | | २ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १०) | | | | | | | | | | | | | | | | | |
| ६ | श्री झिन्ना मा.वि, बनगाई (१-१०) | √ | | √ | | | √ | √ | | | | √ | | √ | √ | | | १ |
| ७ | श्री जनता मा.वि, हरदौना (१-१०) | √ | | √ | | | √ | √ | | | | √ | | √ | √ | | | २ |
| ८ | श्री देव प्रताप मा.वि मा.वि, मधवानगर (१-१०) | √ | | √ | | | √ | √ | | | √ | | | √ | √ | | | १ |
| ९ | श्री दुर्गा भवानी कन्या मा.वि, बगहिया (१-११) | √ | | √ | | | √ | √ | | | √ | | | √ | √ | | | १ |
| १० | श्री राष्ट्रिय मा.वि, कजरहवा, कजरहवा (१-१०) | √ | | √ | | | √ | √ | □ | | √ | √ | | √ | √ | √ | | २ |
| ११ | श्री नेपाल राष्ट्रिय आ.वि, गैडहवा (१-८) | √ | | √ | | | √ | √ | | | √ | √ | □ | √ | √ | | | २ |
| १२ | श्री रत्नराज्य लक्ष्मी आ.वि, कुशहवा (१-८) | √ | | √ | | | √ | √ | | | √ | √ | □ | √ | √ | √ | | ३ |
| १३ | श्री पियुषराज आ.वि, | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | | | १ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बरगदी (१-८) | | | | | | | | | | | | | | | | | |
| १४ | श्री चुडा कुमारी सामुदायिक आ.वि, सिंगरहा (१-८) | √ | | √ | | | √ | √ | □ | | √ | √ | | √ | √ | √ | | १ |
| १५ | श्री राधेश्याम आ.वि, जमुनी (१-८) | √ | | √ | | | √ | √ | □ | | √ | √ | | √ | √ | | | १ |
| १६ | श्री राम जानकी आ.वि, लंगडा (१-८) | √ | | √ | | | √ | √ | □ | | √ | √ | | √ | √ | | | ३ |
| १७ | श्री लक्ष्मणदास आ.वि, बलरमवापुर (१-५) | √ | | √ | | | √ | √ | □ | | √ | √ | □ | √ | √ | | | २ |
| १८ | श्री भागीरथी आ.वि., ननमहरा (१-५) | √ | | √ | | | √ | √ | □ | | √ | √ | | √ | √ | √ | | १ |
| १९ | श्री शिवपुर पल्टा आ.वि, शिवपुर पल्टा (१-५) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | | | १ |
| २० | श्री दशरथ चन्द्र आ.वि (१-५), औरहवा | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| २१ | श्री आधारभूत विद्यालय, (१-५), सेमरहना | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | श्री प्राथमिक विद्यालय (१-५), बरईपुर | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| २३ | श्री शोभा सामुदायिक आ.वि (१-५), उनवलिया | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| २४ | श्री सरस्वती सामुदायिक आ.वि (१-५), चमरसठ | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| २५ | श्री राम लखन आ.वि (१-५), बन्जरिया | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| २६ | श्री त्रिभुवन आ.वि (१-५), अलगी | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| २७ | श्री सरस्वती सामुदायिक आ.वि. (१-५), पचेहरी | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| २८ | श्री लक्ष्मी सामुदायिक आ.वि, तेनुई (१-५) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | २ |
| २९ | श्री नेपाल राष्ट्रिय आ.वि, औरहवा (१-५) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ३० | श्री अमिताभ आ.वि, महुवा (१-५) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | श्री राम जानकी सामुदायिक आ.वि, जीतपुर (१-५) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ३२ | मदरसा फजलेरहमानियाँ आ.वि, पिपरी (१-५) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ३३ | श्री झिनकन आ.वि, सोनवर्षा (१-५) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ३४ | श्री गौतम बुद्ध आ.वि, खडैंचा (१-५) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ३५ | श्री गौतम बुद्ध आ.वि, विजयनगर, (१-५) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ३६ | श्री रामदुलारी आ.वि, इटरोल (१-४) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | २ |
| ३७ | श्री रामलखन आ.वि, सुरहानिया (१-४) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ३८ | श्री दुर्गा भवानी आ.वि, उदयपुर (१-४) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ३९ | श्री नागेश्वर आ.वि (१-३), महाराजगंज | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४० | श्री जनचेतना सामुदायिक आ.वि, कठौतिया (१-३) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ४१ | श्री केवला आ.वि, रमवापुर (१-३) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ४२ | श्री सिद्धार्थ आ.वि, करैलिया (१-३) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ४३ | श्री दुर्गा आधारभूत विद्यालय ठूलो बुटहनिया (१-३) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ४४ | मदरसा अरविया अहले सुन्नत बहरुल वलूम आ.वि. महाराजगंज (१-३) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ४५ | मदरसा सुबलुस्सलाम प्रा.वि, तेनुवा (१-३) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ४६ | मदरसा गौसिया फैजुर्र रसुल आ.वि. बरगदा (१-८) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४७ | गोपाल सामुदायिक आ.वि, गनवरिया (१-५) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |
| ४८ | मोहम्मद सलीम स्लामिक एकेडमी आ.वि. सलिमनगर (१-६) | √ | | √ | | | √ | √ | | | √ | √ | | √ | √ | √ | | १ |

### ३.१.३ लक्ष्यः

बालमैत्री बालविकास केन्द्रको उचित व्यवस्थापन गर्दै ४ वर्षका बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि बालबालिका तयार गराउने ।

### ३.१.४ उद्देश्यहरुः

१. चार वर्ष उमेर समुहका बालबालिकाको सर्वाङ्गीण विकासका लागि अभिभावकलाई सहयोग र सचेत गराउनु ।

२. प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको माध्यमबाट बालबालिकामा आवश्यक क्षमता (शारिरीक, मानसिक, सामाजिक र संवेगात्मक) को विकास गराई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा एकमा भर्नाका लागि तयार गराउनु ।

३. प्रारम्भिक बालविकास तथा शिक्षाको सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ।

४. बालविकास केन्द्रहरुका लागि राष्ट्रिय मापदन्डले निर्धारण गरेको भौतिक पुर्वाधार, व्यवस्थापन र कार्य सम्पादन स्तरको अवस्था पहिचान र विश्लेषण गर्नु ।

५. सरसफाई र सुरक्षा सम्बन्धी बानी बसाल्न तथा सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्नु ।

### ३.१.५ रणनीतिः

१. पोषण तथा स्वास्थ्यको विषयमा अभिभावकलाई सचेत बनाउने ।

२. नगर भित्रका ४ वर्षका सबै बालबालिकाको बालविकास सेवामा पहुँचको सुनिश्चितता गर्ने ।

३. बालविकास केन्द्रको आवश्यक पुर्वाधार विकास गर्ने ।

४. बालविकास सेवा केन्द्रमा सहजकार्यकर्ताले शिष्टाचार तथा सामाजिकीकरणका कुराहरु सिकाउने।

५. बालविकास केन्द्र सञ्चालन निर्देशिका तयार गरी केन्द्रमा पारदर्शिता तथा सुशासन कायम गर्ने

६. पोषणयुक्त दिवा खाजाको प्रभावकारी व्यवस्थापन गर्ने ।

७. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्यकता अनुसार पुनः वितरण तथा नयाँ केन्द्रको स्थापना गर्ने ।

८. बालमैत्री नमुना बालविकास केन्द्रको स्थापना गर्ने ।

९. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

### ३.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

२. प्रारम्भिक बालविकासमा खुद भर्नादर शत प्रतिशत पुगेको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

सामुदायिक बालविकास केन्द्रदहरुको प्रभावकारीतालाइ अभिवृद्धि गर्दै गुणस्तरीयता कायम गर्न उल्लेखित सुचकहरुको अगामी ५ वर्षमा तपसिल अनुसार लक्ष्य निर्धारण गरिएको छ ।

| क्र.सं. | सूचक | एकाइ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | संख्या | १७७९ | १८६७ | १९६० | २१५२ | २२६० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | संख्या | १५ | १२ | १२ | १२ | १० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने | प्रतिशत | ६४.५ | ७० | ७६ | ८४ | ९३ |
| ५ | भौगोलिक दुरी रहेका र अपाङ्गता भएका बालबालिकाहरुलाई समेट्न आवश्यकतामा आधारित जस्तैः टोलमा आधारित, समुदायमा आधारित, तथा घुम्ती बालविकास तथा | संख्या | ८ | ९ | ९ | १० | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षा कार्यक्रमका नमूना विकास हुने | | | | | | |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघ संस्था, धार्मिक संस्था र विद्यालयहरु जिम्मेवार भएको हुने । | संख्या | ६१ | ६१ | ६१ | ६१ | ६१ |

### ३.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | भर्ना अभियान संचालन गर्ने | पटक | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ |
| २ | बालविकास केन्द्रको सबलीकरण | सङ्ख्या | २ | २ | २ | २ | २ | २ |
| ३ | बाल विकास शिक्षकलाई प्रारम्भिक सिकाई तथा विकास मापदण्ड कार्यान्वयन सम्बन्धी १० दिने तालिम | जना | १ | १ | ० | ० | ० | १ |
| ४ | प्रारम्भिक सिकाई तथा विकास मापदण्डमा आधारित प्रगति विवरण कार्यान्वयन | पटक (वार्षिक) | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ |
| ६ | प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठा बसाई व्यवस्थापन | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ७ | स्थानीय शैक्षिक सामाग्री निर्माण सम्बन्धी तालिम | पटक | १ | १ | ० | ० | ० | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा कार्यान्वयन | | | | | | | |
| ८ | स्थानीय तह तथा वडा स्तरमा प्रारम्भिक बालविकास समिति गठन तथा परिचालन | पटक | ११ | ० | ० | ११ | ० | ११ |
| ९ | बालविकास केन्द्रको अनुगमन तथा पृष्ठपोषण | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ११ | अभिभावक शिक्षा कार्यक्रम सन्चालन | संख्या | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ |
| १२ | पूर्व प्रा.वि. ECED कक्षा केन्द्रमा तोकिएका न्यूनतम मापदण्डहरुको कार्यान्वयन गर्ने | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| १३ | आवश्यकता पहिचानको आधारमा अवस्थित ECED/PPE (संस्थागत विद्यालयलाई सुविधाहरू सहित पुनरावलोकन गर्ने र नयाँ ECED केन्द्रहरूको स्थापना गर्ने | संख्या | ० | १ | ० | १ | ० | ० |
| १४ | न्यूनतम मापदण्डहरूको पालना सुनिश्चित गर्न ECED मैत्री हात धुने सुविधाको व्यवस्था | संख्या | ३ | ५ | ५ | ५ | ७ | ३ |
| १५ | बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग | संख्या | २ | २ | २ | २ | २ | २ |
| १६ | ECED कक्षाका सहयोगी | सङख्या | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यकर्ता शिक्षकको तलब भत्ता | | | | | | | |
| १७ | ECED कक्षाका सहयोगी कार्यकर्ता शिक्षकका लागि / पोशाक भत्ता | पटक | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षा भन्नाले सामान्यता प्रारम्भिक बालविकास कक्षा देखी कक्षा आठ सम्मको शिक्षालाई बुझाउँछ । नेपालको संविधान, २०७२ अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क पाउने व्यवस्था उल्लेख गरेको छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक रुपमा समायोजन प्रक्रियामा सहयोग गर्दछ । अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ ले यस तहको शिक्षा प्रदान गर्ने जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहको हुने र आधारभूत तहको उमेर समूहका सबै बालबालिकालाई विद्यालय पठाउन प्रत्येक नागरिकको कर्तव्य रहनेछ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले पनि कक्षा (१-८) लाई आधारभूत शिक्षाको माध्यमबाट बालबालिकामा राष्ट्र र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र प्रवर्द्धन गर्ने अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने र सामाजिक र प्राकृतिक वातावरण प्रती सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्न सहयोग गर्दै आएको छ ।

### ३.२.२ वर्तमान अवस्थाः

शिक्षा विकासको महत्वपूर्ण पूर्वाधार भएकाले नेपालमा यसलाई कानून मै अधिकारका रुपमा स्थापित गरिएको छ। संविधानले सबैलाई आधारभूत तह सम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्म निशुल्क शिक्षा लिन पाउने हक प्रत्याभूति गरेको छ। यस महाराजगंज नगरपालिकाको साक्षरता दर ६४ प्रतिशत रहेको छ । शिक्षाको तहगत अवस्था हेर्दा यस नगरपालिकामा सामुदायिक तर्फ ४८ मध्ये माध्यमिक तह सञ्चालित १० वटा, आधारभूत तह कक्षा १-८ सञ्चालित ७ र १-५ सञ्चालित ३१, धार्मिक विद्यालय ३४ मध्ये २ वटा गरूकूल ३२ वटा मदरसा र संस्थागत विद्यालय तर्फ १६ वटा माध्यमिक विद्यालय २ वटा विद्यालय गरी कूल ९८ विद्यालय सञ्चालनमा रहेका छन् ।

सामुदायिक विद्यालय तर्फ कक्षा १-१२ सञ्चालित एक कन्या माध्यमिक विद्यालय समेत रहेको छ । शिक्षाको तहगत अवस्था हेर्दा प्रारम्भिक बालविकास तहमा अध्ययन गरिरहेका १.१ प्रतिशत, प्राथमिक तह अध्ययन गर्ने ३५.४ प्रतिशत, माध्यमिक तह अध्ययन गर्ने ८.२ प्रतिशत, उच्च माध्यमिक तह अध्ययन गर्ने १२.१ प्रतिशत रहेको छ भने स्नातक तह अध्ययन गर्ने ४ प्रतिशत तथा स्नातकोत्तर वा सो भन्दा माथिल्लो तहमा अध्ययन गर्ने १.४ प्रतिशत रहेका छन् भने करीव १५.५ प्रतिशतको हाराहारिमा जनसंख्या निरक्षर रहेको देखिन्छ। यस नगरपालिका अन्तर्गतका कतिपय वडाहरुमा अझैपनि आधारभूत तह (५-१२) विद्यालय उमेर समूहका बालबालिकाहरु विद्यालय शिक्षाको पहुँच भन्दा बाहिर रहेका छन् । विद्यालय शिक्षामा पहुँच सुनिश्चित नहुनुमा परिवारको आर्थिक, सामाजिक तथा सांस्कृतिक कारण प्रमुख रहेको छ । विद्यालयको शैक्षिक तथा भौतिक वातावरण सिकाइमैत्री, सुरक्षित र बालमैत्री बनाउन थप प्रयास आवश्यक देखिन्छ । यस नगरपालिका भित्र अध्ययन गर्ने बालबालिकाहरुलाई बालमैत्री तवरबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी सिकाइको स्तर सुधारमा बालमैत्री वातावरण सिर्जना गर्नु र विद्यार्थीको विकासलाई प्रभाव पार्ने स्वास्थ्य, पोषण, सरसफाई, दिवा खाजा जस्ता कार्यक्रमलाई थप प्रभावकारी ढङ्गबाट अगाडी बढाउनुपर्ने आवश्यक रहेको छ । पेसागत रुपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता, विद्यालय व्यवस्थापन र नेतृत्वमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तर सुनिश्चिततामा बाधा पुर्याएको छ । आधारभूत तहमा कक्षा छाड्ने, कक्षा दोहोर्याउने जस्ता कारणले आभारभूत तह पूरा गर्ने दरमा सुधार हुन सकिरहेको छैन । यस अवस्थालाई मध्यनजर गर्दै यस तहमा बालबालिकाको पहुँच, गुणस्तरमा सुधार गर्नुपर्ने देखिन्छ ।

**समस्या तथा चुनौतीहरुः**

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने,
३. आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने,
४. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने,
६. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्ध समेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्ने,

७. आवश्यक शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्ने (प्र.अ, शिक्षक तथा कर्मचारी समेत)
८. पोषण, स्वास्थ्य, दिवा खाजा लगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने,
९. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउने,
१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील (Resilient) बनाउने,
११. शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुँच वृद्धि गर्ने,
१२. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउने,
१३. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र वैध बनाउने,
१४. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित बनाई पारदर्शी, नतिजामा आधारित र अनुमान योग्य बनाउने ।

## ३.२.३ उद्देश्यः

१. नगरपालिका भित्रका आधारभूत तहको (५-१२) वर्ष उमेर समूहका सबै बालबालिकालाई आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
२. आधारभूत तहको शिक्षालाई अनिवार्य, निःशुल्क, गुणस्तरीय र समावेशी बनाउनु ।
३. सबै बालबालिकाहरुमा आधारभूत तहका न्यूनतम सिकाइ सक्षमता हासिल हुने अवस्थाको सुनिश्चित गर्नु ।
४. आधारभूत तहको सक्षमतालाई दैनिक जीवनसँग तादम्यता कायम गर्दै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी व्यवहारकूशल सिपको विकास गर्नु ।
५. आधारभूत तहको कक्षा १ मा भर्ना भएका सबै बालबालिकाले कक्षा ८ सम्मको शिक्षा अनिवार्य रुपमा उत्तीर्ण गर्ने सुनिश्चित गर्नु ।
६. आधारभूत तहका विद्यालयहरुको शैक्षिक, भौतिक, बालमैत्री तथा प्रविधिमैत्री वातावरण निर्माण गरी समावेशी र सुरक्षित बनाउनु ।

## ३.२.४ रणनीति

१. संघीय मापदण्डको परिधिभित्र रहि जनसांख्यिक र भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको आधारभूत तहमा सहज पहुँच सुनिश्चित गर्न विद्यालय समायोजन तथा नयाँ स्थापना गर्ने ।

२. अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहको अधिकार क्षेत्र भित्र रही आवश्यक कानून तर्जुमा तथा स्रोतको व्यवस्था गर्ने ।
३. शिक्षक अभाव भई पठनपाठनमा समस्या देखिएका विद्यालयमा नगर स्वयंसेवक शिक्षकको व्यवस्थापनमा जोड दिइ शैक्षिक गुणस्तर सुदृढ गर्ने ।
४. विपन्न बालबालिकाहरुको पहिचान गरी आधारभूत तहको शिक्षालाई पूर्ण रुपले अनिवार्य तथा निशुल्क रुपले पूरा गर्ने कुराको सुनिश्चित गर्ने ।
५. आधारभूत तहमा न्यूनतम सिकाइ सक्षमता हासिल गराउन आवधिक रुपमा सिकाइस्तरको मूल्याङ्कन गरी सिकाइका लागि वि.व्य.स, शि.अ.सं, प्रधानाध्यापक, शिक्षक सम्पूर्ण सरोकारवाला हरुलाई जवाफदेही हुने प्रणालीको विकास गर्ने ।
६. सबै आधारभूत विद्यालयहरुमा स्वच्छ खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, प्रविधिमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण निर्माण गर्ने ।
७. नगरपालिका क्षेत्र भित्रका विद्यालय बाहिर रहेका बालबालिकाहरुको लागि शिक्षामा पहुँच स्थापितका लागि वैकल्पिक/अनौपचारिक शिक्षाको माध्यमबाट खुला शिक्षा तथा सिकाइ लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम आदिको व्यवस्था गर्ने ।
८. प्रधानाध्यापक तथा शिक्षकको क्षमता विकास कार्यशाला र तालिम तथा सूचना संचार तथा प्रविधिको प्रयोगमा जोड दिई शैक्षिक गुणस्तर अभिवृद्धिमा केन्द्रित गर्ने ।
९. विद्यार्थीको स्वास्थ्य तथा पोषणमा सुधार गर्न स्थानीय स्वास्थ्य चौकी तथा अन्य सरकारी तथा गैर सरकारी संघसंस्था सँग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गर्ने ।
१०. विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्न स्थानीय स्तरमा उत्पादन भएका कृषी उपजको प्रयोगमा जोड दिई विद्यालयमा स्वस्थकर खाजा तयार गरी खुवाउने व्यवस्था गर्ने ।
११. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको काम, कर्तव्य र अधिकारका बारेमा परिचित गराई अभिभावक शिक्षा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपबाट सञ्चालन गर्ने ।
१२. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुरुप स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तकको विकास तथा कार्यान्वयन गर्ने ।

१३. विद्यालयको वातावरणलाई थप सिकाइमैत्री, बालमैत्री बनाउनको लागि विद्यालयमा फुलवारी, वृक्षारोपण जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

### ३.२.५ प्रमुख उपलब्धी तथा नतिजाः

**उपलब्धिः**

१. नगरपालिका भित्रका आधारभूत तहको (५-१२) वर्ष उमेर समूहका सबै बालबालिकालाई आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित भएको हुनेछ ।
२. आधारभूत तहको शिक्षालाई अनिवार्य, निशुल्क, गुणस्तरीय र समावेशी भएको हुनेछ ।
३. सबै बालबालिकाहरुमा आधारभूत तहका न्यूनतम सिकाइ सक्षमता हासिल हुने अवस्थाको सुनिश्चित भएको हुनेछ ।
४. आधारभूत तहको सक्षमतालाई दैनिक जीवनसँग तादम्यता कायम गर्दै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी व्यवहारकूशल सिपको विकास भएको हुनेछ ।
५. आधारभूत तहको कक्षा १ मा भर्ना भएका सबै बालबालिकाले कक्षा ८ सम्मको शिक्षा अनिवार्य रुपमा उत्तीर्ण गर्ने सुनिश्चित भएको हुनेछ ।
६. आधारभूत तहका विद्यालयहरुको शैक्षिक, भौतिक, बालमैत्री तथा प्रविधिमैत्री वातावरण निर्माण गरी समावेशी र सुरक्षित भएको हुनेछ ।
७. यस नगरपालिकाको शैक्षिक योजना अनुरुप अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा सहज पहुँच र सहभागिता सुनिश्चित भई शैक्षिक गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

### ३.२.६ नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने । (सामुदायिक) | संख्या | ९६२९ | ९७२५ | ९८२२ | ९९२० | १००१९ |
| २ | सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा हुने | विद्यालय | १० | १२ | १४ | १६ | २० |
| ३ | न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र | विद्यालय | १० | १२ | १४ | १६ | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने । | | | | | | |
| ४ | आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाको सिकाइ उपलब्धि । | GPA | २.५ | २.७ | २.९ | ३.० | ३.१ |
| ५ | विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने | विद्यालय | २ | ३ | ४ | ५ | ६ |
| ६ | शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने । | विद्यालय | ० | १० | १३ | १५ | १८ |

### ३.२.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक आधारभूत विद्यालयमा कक्षा (१-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलव भत्ता सहित खर्च | पटक | १७० | १७० | १७० | १७० | १७० |
| २ | सामुदायिक आधारभूत विद्यालयमा कक्षा (६-८) | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलव भत्ता सहित खर्च | | | | | | |
| ३ | सामुदायिक आधारभुत तह कक्षा (६-८) विद्यालयहरुमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि तलब भत्ता पोशाक सहित खर्च | पटक | २०६ | २०६ | २०६ | २०६ | २०६ |
| ४ | सामुदायिक आधारभुत तह कक्षा (१-८) विद्यालयरुका लागि व्यवस्थापनसन्चालन / खर्च सिकाई शिक्षण समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि | संख्या | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| ५ | आधारभूत तह कक्षा (१-८) का लागि प्र.अ. भत्ता | संख्या | ५९ | ५९ | ५९ | ५९ | ५९ |
| ६ | आधारभूत विद्यालय कक्षा (१-८) का लागि संचालन र व्यवस्थापन वापत एकमुष्ठ अनुदान, SIP निर्माण अद्यावधिक, SMC का सदस्यहरूको | संख्या | ५९ | ५९ | ५९ | ५९ | ५९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन आदि | | | | | | |
| ७ | आधारभूत तह कक्षा (१-५) लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | विद्यालय संख्या | ९६२९ | ९८२२ | ९९८५ | १००४८ | १०३११ |
| ८ | आधारभूत तह कक्षा (६-८) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | विद्यालय संख्या | ३०९८ | ३१२९ | ३१६० | ३१९१ | ३२२२ |
| ९ | कक्षा (६-८) छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विद्यालय संख्या | १५४७ | १५७८ | १६०९ | १६४० | १६७१ |
| १० | विद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | विद्यालय संख्या | ५ | ५ | ५ | ५ | ५ |
| ११ | शुन्य दरबन्दी भएका विद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान | संख्या | ९ | ९ | ९ | ९ | ९ |
| १२ | SMCs र PTAs को क्षमता अभिवृद्धि र अभिभावकहरूलाई | संख्या | २ | २ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सचेतना कार्यक्रम | | | | | | |
| १३ | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) को व्यवस्थापन र सन्चालन वापत स्थानीय तहलाई बजेट अनुदान | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| १४ | सिकाई आपूरण तथा द्रुत सिकाई योजना (ReAl Plan) कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ |
| १५ | स्थानीय तहका कर्मचारीलाई बालमैत्री विद्यालय प्रारुपमा अभिमुखिकरण | पटक | १ | १ | ० | ० | ० |
| १६ | एकिकृत पाठ्यक्रम सम्बन्धी शिक्षकको क्षमता विकास | पटक | १ | १ | ० | ० | ० |
| १७ | मातृभाषामा आधारित शिक्षण सिकाइ सम्बन्धी क्षमता विकास | पटक | १ | १ | १ | ० | ० |
| १८ | प्रारम्भिक कक्षाकोठाको बसाइ व्यवस्थापन | संख्या | ९ | ९ | ९ | ९ | ९ |
| १९ | विद्यालय नियमित अतिरिक्त क्रियाकलाप संचालनका कार्ययोजना निमार्ण तथा सहजीकरण | विद्यालय | ५९ | ५९ | ५९ | ५९ | ५९ |
| २० | सिमान्तकृत बालवालिकाका लागि छात्रवृतिको व्यवस्थापन | जना | २५ | २५ | २५ | २५ | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | पकेट क्षेत्र निर्धारण गरि विद्यालय भर्ना अभियान सञ्चालन | संख्या | १० | ८ | ६ | ४ | २ |
| २२ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ |
| २३ | समावेशी शिक्षा संजाल गठन कार्यविधि निमार्ण तथा कार्यान्वयन | पटक | ० | १ | ० | ० | ० |
| २४ | गुनासो सुनुवाई कार्यविधि निमार्ण तथा कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० |
| २५ | गुनासो सुनुवाई सुझाव पेटिका सहयोग | संख्या | ५९ | ५९ | ५९ | ५९ | ५९ |
| २६ | छात्र मूल्याङ्कन प्रविधि समिति (STAC) को गठन र अभिमुखीकरण | पटक | ० | ० | १ | ० | ० |
| २७ | अपाङ्गता भएका बालबालिका पहिचान र व्यक्तिगत शिक्षण योजना (IEP) विकास गर्नु | पटक | ० | १ | ० | ० | ० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचयः

नेपालमा कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रुपमा लिइएको छ । सबैका लागि शिक्षा अनिवार्य गरिएको र माध्यमिक शिक्षा सहयोग लगायतका कार्यक्रमबाट विगतमा हासिल गरिएका अनुभवका आधारमा विद्यालय क्षेत्र सुधार योजनामा आधारभूत तथा माध्यमिक शिक्षाले प्राथमिकता पाएको छ । यसले विद्यार्थीको पहुँच तथा सहभागिता बढाउन समता तथा सामाजिक समावेशिताको प्रवर्धन गर्ने आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकतामा सुधार ल्याउने

कुरामा जोड दिइएको छ । शिक्षामा विकेन्द्रित सुशासन तथा व्यवस्थापन पद्धितिलाई संस्थागत गर्ने कुरामा पनि यस योजनाले त्यतिकै जोड दिएको छ ।

विद्यालय शिक्षामा सान्दर्भिकता बढाउन विषयमा विद्यालय क्षेत्र सुधार योजनाले विद्यालय शिक्षाको वर्तमान संरचनालाई कक्षा १—१२ बनाई समन्वयात्मक तरिकाले अघि सारेको छ । शिक्षा प्रदायक विभिन्न निकाय जस्तै उच्च शिक्षा परिषद, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, क्याम्पस तथा विश्व विद्यालयहरु बिच सामञ्जस्य कायम गरी उच्च माध्यमिक तहमा देखिएको संरचनागत असमानतालाई हटाई एकिकृत र समन्वयात्मक गर्ने कुरालाई यस योजनाले स्वीकृत गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निशुल्क पहुँचको सुनिश्चिता गर्दै यसबाट सृजनशिलता, रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन, सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धा, सीप युक्त उत्पादनशिलता, जनशक्ति उत्पादन अथवा तयार गर्ने उद्देश्य राखेको छ । शिक्षा नीतिले विद्यालय तह देखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सृजनशिलता अभिवृद्धि गर्ने उद्देश्य राखेको छ । हाल माध्यमिक तहमा परम्परागत, साधारण तथा प्राविधिक धारमा शिक्षा कार्यक्रमहरु संचालनमा छन् ।

### ३.३.२ वर्तमान अवस्था

विद्यालयहरु स्थानीय तह अर्न्तगत संचालित छन् । यस महाराजगंज नगरपालिकामा ९८ वटा विद्यालयहरु रहेका छन् । जसमा ४८ वटा सामुदायिक, १६ वटा संस्थागत र ३४ वटा धार्मिक विद्यालय रहेका छन् । जस मध्ये (१—८) कक्षा सम्म संचालन विद्यालयको संख्या ९ वटा रहेका छन् र (९—१२) सम्म संचालन विद्यालयको संख्या ४ रहेकामा एउटा कन्या विद्यालय निजी श्रोतबाट संचालन भइरहेको छ । साथै यस महाराजगंज नगरपालिकामा एउटा क्याम्पस संचालनमा रहेको छ ।

शैक्षिक तथ्याङ्क २०८१ अनुसार यस महाराजगञ्ज नगरपालिकामामा कक्षा ९-१० सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरू १० वटा र कक्षा ११-१२ सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरू ४ वटा रहेका छन्। संस्थागत विद्यालयतर्फ गणना गर्दा कक्षा ९-१० सञ्चालन भएका संस्थागत विद्यालयहरूको सङ्ख्या यस नगरपालिकामा १ वटा रहेको छ भने कक्षा ११-१२ सञ्चालन भएका संस्थागत माध्यमिक विद्यालयहरूको सङ्ख्या पनि १ रहेको छ। त्यसैगरी माध्यमिक तहमा सामुदायिक तथा संस्थागत तर्फ कक्षा ९-१० मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या १७३९ र कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या ५१३ गरी जम्मा २२५२ विद्यार्थीहरू अध्ययनरत् रहेका देखिन्छन्। जस मध्ये छात्रा र छात्रको सङ्ख्या क्रमशः १००५ र १२४७ रहेको देखिन्छ।

नगरपालिकामा माध्यमिक तहमा स्थायी, अस्थायी, राहत र नगरपालिकाबाट राखिएका शिक्षक गरी कक्षा ९-१० मा ३० र कक्षा ११-१२ मा ७ गरी जम्मा ३७ शिक्षकहरू कार्यरत रहेका छन् भने सोमा महिला शिक्षकको प्रतिशत ८ रहेको छ । यस नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात कक्षा ९-१० मा ९२ र कक्षा ११-१२ मा ८३ रहेको छ। यसरी नै माध्यमिक तहको कुल विद्यार्थी भर्ना दर ९८.७ तथा खुद भर्ना दर कक्षा ७६.५ प्रतिशत रहेको अवस्था छ। माध्यामिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक ०.९६ रहेको छ ।

**चुनौती तथा समस्याहरु**

१. कक्षा १० र १२ का मुख्य विषयहरुको औसत सिकाई उपलब्धि न्यून छ । यसलाई अपेक्षाकृत सुधार गर्न चुनौतीपूर्ण देखिन्छ ।
२. सामाजिक तथा आर्थिक कारणले पिछाडिएका धेरै थरिका बाल बालिकाको माध्यमिक शिक्षामा सहभागिता सुनिश्चित गर्ने कुरा चुनौतीको रुपमा रहेको छ ।
३. विद्यालयहरुमा दरबन्दीको अभाव तथा विषयगत शिक्षकको अभाव बढ्दो अवस्थामा छ । विद्यार्थी संख्या धेरै रहेकोले निजी श्रोतबाट शिक्षक राख्नु पनि चुनौती रहेको छ ।
४. विद्यालयको व्यवस्थापन कार्यलाई सफलतापूर्वक अघि वढाउन वि.व्य.स, शि.अ.स. शिक्षकका पेशागत संगठन, प्र.अ. तथा शिक्षकलाई लक्षित गरी क्षमता अभिवृद्धि गर्ने काम चुनौतीपूर्ण देखिन्छ ।
५. तोकिएको मापदण्डका आधारमा भौतिक व्यवस्थापन गरी बालबालिकाको सिकाईलाई सहज र सुविधा मुलक बनाउने काम चुनौतीपूर्ण देखिन्छ ।
६. विद्यालय क्षेत्र सुधार योजनाले कक्षा १—८ लाई आधारभूत र कक्षा ९—१२ लाई माध्यमिक शिक्षा भनेर सम्बोधन गरेको भएता पनि तदनुसार ऐन नियममा संशोधन हुन नसक्दा पुरानै संरचना र अभिलेख प्रणालीले समस्या सृजना गरेको छ ।
७. कक्षा ९—१२ लाई एकिकृत गरी माध्यमिक विद्यालयको रुपमा संचालन गर्नका लागि कतिपय सवालमा शिक्षा भन्त्रालय, शिक्षा विभाग तथा राष्ट्रिय परीक्षा बोर्ड बीचमा समन्वयन हुन सकेको छैन ।
८. शिक्षक दरबन्दीलाई विषयगत रुपमा मिलान गर्ने कार्य चुनौतीको रुपमा छ ।
९. सक्षम र योग्य व्यक्तिलाई नियुक्ति गर्ने र सक्षम र योग्य शिक्षकलाई प्र.अ. मा नियुक्ति गर्ने कार्यमा वि.व्य.स.ले बढी राजनितीकरण गर्दा चुनौती थपिदै गएको छ ।

### ३.३.३ उद्देश्यः

१. गुणस्तरीय माध्यमिक शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्नु ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

४. शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु ।

५. माध्यमिक तहमा खुद भर्ना दर र टिकाउ दर बढाउनु ।

### ३.३.४ रणनीतिः

१. माध्यमिक शिक्षामा पहुँचको अभिवृद्धि र गुरस्तरमा सुधारका लागि श्रोत परिचालन तथा व्यवस्थापन एवं विद्यालयको समग्र विकासमा नगरपालिका, वडा कार्यालयहरु र केही मात्रामा गैर सरकारी सधै संस्था र समुदायको सहभागिता गर्ने ।

२. यस महाराजगंज नगरपालिका अर्न्तगत माध्यमिक विद्यालयसँग जग्गा जमिन छ । जसलाई भविष्यमा विभिन्न प्रयोजनका लागि उपयोग गर्ने ।

३. यस नगरपालिकामा एउटा प्राविधिक धार हाल सम्म संरचालनमा रहेकोमा थप प्राविधिक धार विषयको कक्षा संचालन गर्ने ।

४. विद्यालयको समग्र विकासका लागि विद्यालयमा कक्षाकोठा, विद्यार्थी चाप हेरी माध्यमिक तहमा कम्तीमा १ जना कार्यालय सहयोगीको व्यवस्था गर्ने ।

५. सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने ।

६. निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।

७. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने ।

८. विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

९. वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने ।

१०. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।

११. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।

१२. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।

### ३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. गुणस्तरीय माध्यमिक शिक्षामा सबैको समान पहुँच सुनिश्चित भएको हुनेछ ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको हुनेछ ।

४. शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार भएको हुनेछ ।

५. माध्यमिक तहमा खुद भर्ना दर र टिकाउ दर बढी भएको हुनेछ ।

### ३.३.६ नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं | सूचक | आधार वर्ष (०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने विद्याथी (% मा) | ७७.५ | ७९ | ८१ | ८३ | ८५ | ८९ |
| २ | माध्यमिक तह ( ९-१०) मा भर्ना भएका विद्यार्थी संख्या (सामुदायिक) | १५५९ | १९९० | १६२१ | १६५५ | १६८८ | १७५६ |
| ३ | माध्यमिक तह ( ११-१२) मा भर्ना भएका विद्यार्थी संख्या | ४९९ | ५०९ | ५२० | ५३० | ५४० | ६७० |
| ५ | कम्प्युटर विषयमा अध्ययनरत विद्यार्थी संख्या ( ९-१२) | १६५ | १८० | १९२ | १९२ | १९२ | २०० |

| क्र.सं | सूचक | आधार वर्ष (०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| ६ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (MEC) पूरा गरेका माध्यमिक विद्यालय संख्या | १० | १० | १० | १० | १० | १० |
| ७ | माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको विद्यालय संख्या | १० | १० | १० | १० | १० | १० |
| ८ | माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने विद्यालय संख्या | १० | १० | १० | १० | १० | १० |
| ९ | पाठ्यक्रम तथा पाठ्य सामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण हुने | १० | १० | १० | १० | १० | १० |

| क्र.सं | सूचक | आधार वर्ष (०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय संख्या | | | | | | |

## ३.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको पहुँच र सुनिश्चतताको लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी | संख्या | ० | ० | १ | ० | ० | ० | |
| २ | सिकाई पृष्ठपोषणका लागि अतिरिक्त कक्षा संचालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| ३ | एक विद्यालय एक ल्यापटप र प्रिन्टरको व्यवस्था अनुदान | शिक्षक | १० | १० | १० | १० | १० | १० | |
| ४ | विद्यालय सुपरीवेक्षण र शिक्षक सहायता | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ५ | विद्यालयमा गणित प्रयोगशाला | विद्यालय | २ | २ | २ | २ | २ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | साहित्य तथा संगित ल्याव | विद्यालय | ३ | ३ | २ | १ | १ | ३ | |
| ७ | विद्यालय तथा शिक्षक सम्मान कार्यक्रम | विद्यालय | १० | १० | १० | १० | १० | १० | |
| ८ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | संख्या | १० | १० | १० | १० | १० | १० | |
| ९ | सबै प्रकार र तहका विद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | संख्या | १० | १० | १० | १० | १० | १० | |
| १० | सामुदायिक माध्यमिक विद्यालयमा कक्षा (९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | |
| ११ | माध्यमिक तह कक्षा (९-१२) का लागि प्र.अ. भत्ता | विद्यालय | १० | १० | १० | १० | १० | १० | |
| १२ | सामुदायिक माध्यमिक तह कक्षा (९-१०) र कक्षा (९-१२) | विद्यालय | १० | १० | १० | १० | १० | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूको लागि तलब भत्ता (चाडपर्व खर्च र पोशाक भत्ता सहित) | | | | | | | | |
| १३ | सामुदायिक माध्यमिक तह कक्षा (१-१०) र कक्षा (१-१२) विद्यालयमा कार्यरत विद्यालय सहायक र विद्यालय सहयोगीका लागि तलब भत्ता (चाडपर्व खर्च र पोशाक भत्ता सहित) | विद्यालय | १० | १० | १० | १० | १० | १० | |
| १४ | माध्यमिक विद्यालय कक्षा (१-१२) का लागि संचालन र व्यवस्थापन वापत एकमुष्ठ अनुदान (SIP निर्माण/ अद्यावधिक, | विद्यालय | १० | १० | १० | १० | १० | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण सिकाई सामग्री कम्तिमा १/१ सेट, पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, ईन्टरनेट सुविधा, शुद्ध पिउने पानी, विद्युत महशुल आदि) | | | | | | | | |
| १५ | माध्यमिक विद्यालय कक्षा (१-१२) लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | १० | १० | १० | १० | १० | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | माध्यमिक तह कक्षा (९-१०) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | विद्यालय | १५५९ | १५९१ | १६२३ | १६५५ | १६८७ | १५५९ | |
| १७ | माध्यमिक तह कक्षा (११-१२) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान (पाठ्यपुस्तकको संख्या पाठ्यक्रम ढाँचाले तोके बमोजिमको हुने) | विद्यालय | १० | १० | १० | १० | १० | १० | |
| १८ | माध्यमिक तहका विद्यार्थीहरूमध्ये कक्षा (९-१०) अति विपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | संख्या | १० | १० | १० | १० | १० | १० | |
| १९ | माध्यमिक तहका विद्यार्थीहरूमध्ये कक्षा (११-१२) | संख्या | १० | १० | १० | १० | १० | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अति विपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | | | | | | | | |
| २० | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | संख्या | ९४४ | ९५३ | ९६२ | ९७१ | ९८० | ९४४ | |
| २१ | माध्यमिक विद्यालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | संख्या | २ | २ | २ | २ | २ | २ | |
| २२ | माध्यमिक विद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | संख्या | २ | २ | २ | २ | २ | २ | |
| २३ | कक्षा ९-१२ प्राविधिक धार संचालन भएका विद्यालयमा | पटक | २ | २ | २ | २ | २ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यरत शिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षकका लागि तलब र भत्ता वापतको बजेट अनुदान | | | | | | | | |
| २४ | कक्षा ९-१२ मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा प्रत्ति विद्यार्थी सिकाई सामग्री, प्रयोगशाला सहयोग, औजार सामग्री/ प्रयोगात्मक सामग्री र OJT सन्चालन खर्च बापतको बजेट अनुदान | पटक | १० | ० | १० | ० | ० | १० | |
| २५ | शिक्षकहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १ | ० | ० | १ | ० | १ | |
| २६ | बेटी बचाउ अभियान कार्यक्रम तथा बाल विवाह न्यूनिकरण कार्यक्रम | विद्यालय | १० | १० | १० | १० | १० | १० | |
| २७ | उप्चारात्मक कक्षा | विद्यालय | १० | १० | १० | १० | १० | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन कार्यक्रम | | | | | | | | |
| २८ | शैक्षिक मेलाको आयोजना | पटक | १ | १ | १ | १ | १ | १ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा

### ३.४.१ परिचयः

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बिच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएता पनि विस्तारै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिङ्ग, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाका अवसरहरूमा सबै लिंग, अपाङ्गता, गरिवी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै बर्गको समतामूलक पहुँच, सहभागिता र सिकाई उपलव्धिमा सुधार गर्दै श्रम बजारसँग आवद्ध गर्नुपर्ने देखिन्छ । वि. सं. २०७२ को संविधान सँगसगै "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरिय शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ ।

यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सिपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम रोगारीका अवसरहरू सृजना भई विदेशिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ।

### ३.४.२ वर्तमान अवस्थाः

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी प्रदेश अन्तर्गत अवस्थित कपिलवस्तु जिल्लाको महाराजगंज नगरपालिकामा जम्मा ११ वडाहरु रहेका छन्। महाराजगंज नगरपालिका वडा नं. १ मा रहेको एउटा मात्र माध्यमिक विद्यालय कक्षा ९ देखि १२ सम्म डिप्लोमा स्तरको प्राविधिक तथा व्यावसायिक शिक्षा दिएको अवस्था छ। साथै वडाहरु पनि आयमूलक तथा सिपमूलक तालिम विभिन्न समयमा संचालन गरेको छ ।

**चुनौती र अवसरः**

यस महाराजगंज नगरपालिकामा प्राविधिक र व्यावसायिक शिक्षा र तालिम सबै वर्ग क्षेत्र र समुदायमा समतामुलक पहुँच सुनिश्चत गर्ने । जनशक्ति आवश्यकताका आधारमा सिप विकासका प्राथमिक विषय क्षेत्र पहिचान गर्नु, दक्ष जनशक्तिलाई कार्य क्षेत्रको अनुभव सहितको क्षमता अभिवृद्धि गर्नु, विपन्न तथा पछाडि परेका वर्ग समुदायका युवाहरुलाई सहुलियत पूर्ण प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर उपलब्ध गराउनु, औपचारिक शिक्षा नलिएका वर्गलाई व्यावसायिक सिप विकासको अवसर प्रदान गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा संचालनका लागि आवश्यक बजेट व्यवस्थापन गर्न, प्राविधिक शिक्षामा प्रशिक्षक तथा शिक्षकहरुलाई प्रशिक्षण तथा टिकाइ राख्न परम्परागत प्राविधिक शिक्षाको निरन्तता दिन आदि यस क्षेत्रका चुनौतिहरु हुन् ।

शिक्षामा सरोकारवालाहरुको चासो बढदै जानु सरकारको उच्च प्राथमिकमा पर्नु, नगरपालिकाका स्रोत साधनहरुको आधारमा व्यावसायिक तथा रोजगारीको अवसर सिर्जना हुने। प्राविधिक जनशक्ति उत्पादन हुने सम्भावना हुनु । सिटिइभिटी अन्तर्गतका विभिन्न तहका सिपमूलक र उद्यमशीलतामा आधारित कार्यक्रमहरुलाई व्यवस्थित बनाउन सकिनेछ ।

## ३.४.३ उद्देश्यः

१. प्राविधिक शिक्षाको माध्यमबाट सक्षम योग्य र उद्यमशील जनशक्ति विकास गर्नु ।
२. प्राविधिक शिक्षालाई जीवन उपयोगी बनाउनु ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट रोजगारी अवसर सिर्जना गर्नु ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि प्रदेश तथा संघसँग समन्वय गर्नु ।

## ३.४.४ रणनीतिः

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम संचालनका लागि विद्यालयहरुलाई प्रोत्साहित गर्ने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा संचालित विद्यालयको हालको अवस्थालाई सुहण गर्दै विद्यालयलाई पूर्ण र गुणस्तरिय शिक्षा प्रदान गर्ने भन्ने विषयमा सहकार्य गर्ने ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि आवश्यक पूर्वधार विकास गर्न स्थानीय सहभागिता सुनिश्चित गर्ने ।
४. यस नगरपालिकामा अध्ययन अनुसन्धान तथा विस्तारका लागि हेल्पडेक्स स्थापना गरी संचालन गर्ने ।

५. निजि क्षेत्रका रोजगारदाता संघ संस्थाको साझेदारीमा औधोगिक सिप विकास कार्यक्रम इन्टर्नसिप र अन द जब ट्रेनिङ्क संचालन गर्ने ।
६. प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि विद्यालयहरु सँग सहकार्य गरी थप स्थानीय तहबाट पास आउट भएका विद्यार्थीहरुलाई माथिल्लो शिक्षाका लागि परामर्श सेवा प्रदान गर्ने ।
७. प्राविधिक शिक्षा संचालित विद्यालयहरुमा परीक्षकहरुको सक्षमता मापदण्ड निर्माण गरी परिक्षण प्रणालीको विकास गर्ने ।
८. प्राविधिक र व्यावसायिक धारका पाठयक्रमलाई स्थानीय मौलिकता अनुकुलनका पर्यटन र माछापालन विषयहरु पाठयक्रम निर्माणका लागि सिटिभिटी समक्ष अनुरोध गर्ने ।
९. प्राविधिक तथा व्यावसायिक तालिमको क्षेत्रमा तीन तहका सरकारको उचित सहकार्य र समन्वयको वातावरण सुनिश्चित गर्ने ।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. प्राविधिक शिक्षाको माध्यमबाट सक्षम योग्य र उद्यमशिल जनशक्ति विकास भएको हुनेछ ।
२. प्राविधिक शिक्षालाई जीवन उपयोगि भएको हुनेछ ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट रोजगारी अवसर सिर्जना भएको हुनेछ ।
४. प्रविधिक तथा व्यावसायिक शिक्षाका लागि प्रदेश तथा संघसँग समन्वय भएको हुनेछ ।

### ३.४.६ नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं | सूचक | आधार वर्ष (०८१/८२) | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा/तालिम प्रदान गर्ने विद्यालय संख्या | १ | १ | १ | १ | १ | ५ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | ७० | ८८ | ९० | १०० | ११० | ४५८ |

| क्र.सं | सूचक | आधार वर्ष (०८१/८२) | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ |
|---|---|---|---|---|---|---|---|
| ३ | खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको विद्यालय | १ | १ | १ | १ | १ | २ |
| ४ | उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने विद्यार्थी संख्या | ७० | ८८ | ९० | १०० | ११० | ४५८ |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने विद्यालय संख्या | ४ | ४ | ५ | ५ | ६ | ६ |

### ३.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | सामुदायिक विद्यालय मार्फत प्राविधिक शिक्षा सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| २ | बजार माग बारेमा अनुसन्धान तथा सो अनुसारको तालिम प्रदान | पटक | ० | १ | ० | ० | १ | ५ | |
| ३ | रोजगार परामर्श | जना | १ | १ | १ | १ | १ | ५ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| | सेवा | | | | | | | | |
| ४ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशीलता विकासका लागि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | गैह्र सरकारी संस्थासँग साझेदारीमा तालिम केन्द्र स्थापना | पटक | ० | ० | १ | ० | ० | १ | |
| ६ | विद्यालय तहमा उद्यमशीलता शिक्षा समावेशीको लागि पाठ्यक्रम निर्माण | वटा | ० | १ | ० | ० | ० | १ | |
| ७ | विद्यार्थी उद्यम क्लब सञ्चालन (नगरपालिका, विद्यार्थी र विद्यालयसँग) | सङख्या | १ | १ | १ | १ | १ | ५ | |
| ८ | प्रेरणादायी अन्तरक्रिया (सफल | सङख्या | १ | १ | १ | १ | १ | ५ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| | उद्यमीसँग) विद्यालयमा कार्यक्रम | | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई

### ३.५.१ परिचय

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रकृयाका रुपमा लिने गरिन्छ । सामान्यता विद्यालय शिक्षाको संरचना भन्दा बाहिर रहेर प्रदान गरिने शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ । मानिसहरु अनौपचारिक, अनियमित र अतिरिक्त पद्धतिको माध्यमबाट जीवनगत र वातावरणमा अन्तक्रिया गर्दै अनुभवहरु हासिल गर्दछन् । यस किसिमको शिक्षाले मानव जीवनका लागी आवश्यक ज्ञान, सिप र प्रकृयाको प्रशोधन गर्न आजीवन सिकाइ प्रदान गर्ने कार्य गर्छ । निरक्षरका लागी साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेको शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य नं. ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्ने अनौपचारिक शिक्षाको परिपूरकको रुपमा अनौपचारिक शिक्षाले योगदान पुर्याइएको छ । राष्ट्रिय शिक्षा निति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरि जीवनपर्यन्त शिक्षाका माध्यम बाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ जस्ता नीतिगत व्यवस्थाहरु विद्यमान छन् । महाराजगंज नगरपालिकाको भूगोल, हालसम्मको शिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाई अवसरको निर्माण

गरि आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवं आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ । यसका लागी अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्न जरुरी छ ।

### ३.५.२ वर्तमान अवस्था

कपिलवस्तु जिल्ला साक्षर घोषणा भए सँगै यो नगरपालिका पनि १५-६० को उमेर समूहको साक्षरता दर ९६.१५ भई साक्षर जिल्ला भित्र पर्ने एक स्थानीय तहको रुपमा स्थापित भएको हो । यस महाराजगंज नगरपालिकामा २ वटा सामुदायिक सिकाइ केन्द्रहरु मार्फत अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन भईरहेका छन् । ती सिकाइ केन्द्रहरुले शिक्षाका अवसरबाट वञ्चित भएका गरिवीको चपेटमा परेका समुदायका विभिन्न व्यक्तिहरुको आवश्यकतामा आधारित आय आर्जन, कार्यक्रम, चेतनामुलक कार्यक्रम र २ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन् । विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि वैकल्पिक र अनौपचारिक सिकाइको माध्यमबाट युवा युवती तथा प्रौढका लागि आजीवन सिकाइ अन्तर्गतका कार्यक्रम संञ्चालनमा आएका छन् । अनौपचारिक शिक्षाको संरचना भन्दा बाहिर अनौपचारिक शिक्षा एवं आफ्ना पेशा व्यवसाय जन्य अनुभव तथा स्वआर्जीत ज्ञान बाट व्यक्तिले सिकेका ज्ञान, सिप र क्षमता लाई पहिचान तथा प्रमाणिकरणको व्यवस्था संस्थागत भइनसकेको अवस्था छ । अनौपचारिक ढाँचाबाट सिकाइ प्रकृयामा सहभागी बन्न चाहने सिकारुलाई उमेर, रुची, सक्षमता र अवस्था अनुकूलको सिकाइ अवसर प्रदान गर्न र कुनै पनि तरिका बाट आर्जित ज्ञान, सिप र क्षमता निश्चित विधि र पद्धतिका आधारमा प्रमाणिकरण गर्न राष्ट्रिय योग्यता प्रारुप अनुसारका कार्यहरुको थलानी भएको छ ।

**<u>सिकाइ स्वरुप</u>**

**<u>साक्षरता कार्यक्रमः</u>**

स्थानीय तहले साक्षरता कार्यक्रम सञ्चालन गर्दा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार संस्था नागरिक समाज, सञ्चार माध्यम, अभिभावक आदी परिचालन गरी कार्यक्रम सञ्चालन गर्न ।

**<u>वैकल्पिक शैक्षिक कार्यक्रमः</u>**

कुनै कारणले विद्यालयमा अध्ययन गर्न नपाएका वा अध्ययन गर्न क्रियामा बिचैमा पढाएर छाडेका विद्यालय उमेर समूहका बालबालिकालाई संश्लेषित पाठ्यक्रमका आधार आधारभूत तह तीन सम्म वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न ।

तह एक (१-३)    - एक वर्ष

तह दुई (४-५) - एक वर्ष

तह तीन (६-८) - एक वर्ष

**<u>अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रमः</u>**

माध्यमिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिलाई लक्षित गरी तह चार र तह पाँच अनौपचारिक वा खुला शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,

तह चार (९-१०) - एक वर्ष

तह पाँच (११-१२) - एक वर्ष

**<u>आजीवन सिकाइः</u>**

आधारभूत तथा माध्यमिक तहको शिक्षाको अवसर नपाएका १५ वर्ष उमेर माथिका युवा, युवती, किशोर, किशोरी तथा प्रौढको लागि अनौपचारिक शिक्षा राष्ट्रिय पाठ्यक्रमले व्यवस्था गरे अनुसार तह एक देखी तह पाँच सम्मका कार्यक्रम सञ्चालन गरी सिकारुले सक्षमता हासिल गरेमा मूल्यांकनमा सहभागी भई माथिल्लो तहमा औपचारिक वा अनौपचारिक शिक्षामा प्रवेश गर्न व्यवस्था गर्न आजीवन सिकाइ अन्तरगत भाषा सञ्चार, व्यवहारिक समस्या समाधन, सामाजिक व्यवहार, मूल्य मान्यता, स्वास्थ्य जीवनशैली, सिर्जनात्मक क्षमता विकास कार्यक्रम, सक्षमतामा आधारित छोटो अवधीका तालिम, पेसामा आधारित तालिम कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**<u>चुनौती र अवसर</u>**

१. सामुदायिक सिकाइ केन्द्रलाई क्रियाशिल रुपमा परिचालन गर्ने,
२. वर्तमान साक्षरता दरको स्थिति बढाई पूर्ण साक्षर नगर बनाउन,
३. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ लाई प्रभावकारी कार्यान्वयन गर्ने,
४. मौलिक तथा परम्परागत ज्ञानमा आधारित सीप तथा सामाग्रीको विकास गर्ने,
५. अनौपचारिक शिक्षाका वास्तविक लक्षित वर्गको पहिचान गर्ने ।

## ३.५.३ उद्देश्यः

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइ अवसर सुनिश्चित गर्नु ।
२. औपचारिक र अनौपचारिक शिक्षाका बीचमा अन्तरसम्बन्ध स्थापित गर्नु ।

३. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु ।
४. निरक्षरहरुको पहिचान गरी विभिन्न माध्यमबाट साक्षर बनाउनु ।
५. स्थानीय तहलाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्नु ।
६. शिक्षामा सहज पहुँच र अवसर बढाउनु ।

### ३.५.४ रणनीतिहरुः

१. मौलिक एवं परम्परागत ज्ञानको संरक्षण, प्रवर्धन एवम् हस्तान्तरण तथा मौलिक सिपको पहिचान गर्ने ।
२. सामुदायिक सिकाइ केन्द्रको पुर्नसंरचना तथा पुर्नवितरण गर्ने ।
३. निजी क्षेत्र, सरकारी क्षेत्र र गैर सरकारी क्षेत्र, नागरिक समाज, संचार माध्यम बिच सहकार्य र समन्वय गरी साक्षरता कक्षाहरु सञ्चालन गर्ने ।
४. सामुदायिक अध्ययन केन्द्रको प्रभावकारी परिचालन गर्ने ।
५. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र सञ्चालन र सेवा प्रवाह गर्न वहुउद्देशीय संयन्त्रका रुपमा सुदृढीकरण गरि समावेशी एवंम समतामा आधारित आजीवन सिकाइको थलोका रुपमा विकास गर्ने ।

### ३.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइ अवसर सुनिश्चित भएको हुनेछ ।
२. औपचारिक र अनौपचारिक शिक्षाका बीचमा अन्तरसम्बन्ध स्थापित भएको हुनेछ ।
३. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण भएको हुनेछ ।
४. निरक्षरहरुको पहिचान गरी विभिन्न माध्यमबाट साक्षर भएको हुनेछ ।
५. स्थानीय तहलाई पूर्ण साक्षर नगरपालिका घोषणा भएको हुनेछ ।
६. शिक्षामा सहज पहुँच र अवसर भएको हुनेछ ।

### ३.५.६ नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं. | सूचक | इकाइ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | वटा | ० | ० | १ | ० | १ |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) | प्रतिशत | ४०.१८ | ३८.१७ | ३६.२६ | ३४.१८ | ३२.७२ |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | वटा | ० | १ | ० | १ | ० |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | वटा | ० | १ | ० | १ | ० |
| ५ | महिला तथा प्रौढहरु आय आर्जन गरि जीवन निर्वाह र स्वावलम्वी तथा आत्मनिर्भर हुने | संख्या | ० | १५ | २० | २५ | २५ |

### ३.५.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १ | स्थानीय तहका सबै सरोकारवालाहरूसँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वडाहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर नगरपालिका कार्यक्रम सन्चालन वापतको | पटक | ० | ० | १ | ० | १ | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| | बजेट अनुदान | | | | | | | | |
| २ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा समबन्धी विषयबस्तुहरुको विकास, वितरण र प्रचार प्रसार गर्ने ) | पटक | ० | १ | १ | १ | १ | ४ | |
| ३ | स्थानीय तहको प्रत्येक वडामा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरूसँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | पटक | ० | २ | ० | ० | २ | ४ | |
| ४ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अध्ययन, अध्यापन र व्यवहारिक विषयवस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिवृद्धि, स्थानीयस्तरका विभिन्न सवालहरू र अन्य स्थानीय विकासात्मक | | ० | २ | ० | २ | ० | ४ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| | पक्षहरूलाई समेटेर तयार गर्ने | | | | | | | | |
| ५ | हाल सन्चालनमा रहेका समुदायिक सिकाई केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थप गरी सवलीकरण गर्ने साथै सामुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याङ्क विवरण तयार गर्ने वापतको बजेट अनुदान | पटक | २ | २ | २ | २ | २ | १० | |
| ६ | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्ण कालिन परिचालकको व्यवस्था गर्न सोको तलव भत्ता वापतको बजेट अनुदान | पटक | २ | २ | २ | २ | २ | १० | |
| ७ | CLC परिचालकहरुको क्षमता अभिवृद्धि तालिमका लागि बजेट | पटक | ० | १ | ० | ० | १ | १० | |
| ८ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन वापतको बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| ९ | सामुदायिक सिकाइ केन्द्र मार्फत विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क मा IEMIS अध्यावधिक गर्ने | पटक | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको विद्यालय पहुँचको लागि वैकल्पिक शिक्षा कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | स्थानीय तह अन्तर्गत संचालित रोजगार तथा सिपमूलक कार्यक्रममा समावेश | पटक | ० | ० | ० | ० | ० | ० | |

# परिच्छेद ४: अन्तर सम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम पाठ्यसामग्री र मूल्याङ्कन:

### ४.१.१ परिचय

विभिन्न विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्न उद्देश्यका मात्र तयार गरिएको योजनावद्ध शैक्षणिक सामग्रीलाई नै पाठ्यक्रय भनिन्छ । जसले प्राथमिकता पूर्ण विषयवस्तुलाई सम्झेर तिनीहरुलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठा सम्म पुऱ्याउँछ । शिक्षा पद्धतिलई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। यो गतिशील र लचिलो प्रक्रिया हो। पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान सीप तथा अभिवृद्धिबाट व्यक्ति, समाज, राष्ट्रिय तथा विश्वप्रवेश अनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेशा व्यवसाय छनौट तथा संचालन गर्न आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछन् । पाठ्यक्रम सान्दर्भिक विभेद रहित समतामूलक समावेशी प्रविधिमैत्री सिकारु केन्द्रित सिक्नु र तथ्य परक हुनुपर्दछ । वास्तवमा मानवीय आवश्यकता बालबालिकाको रुची

सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सीप तथा परिवेश अनुकूल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो ।

नेपालमा विद्यालयस्तरको पाठ्यक्रमको लिखित रुपमा तयार पारी दस्तवेज कै रूपमा तयार पार्ने कार्यको विकास वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना देखि प्रारम्भ भएको पाइन्छ । विद्यालय तहका शिक्षक मार्गदर्शक दस्तावेजको रुपमा वि.सं. २०४९ तथा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास र कार्यान्यवन गर्ने परिपाटी शुरु गरिएको छ । परिवर्तनसँगै विश्व परिवेश लगायत स्थानीय परिवेशमा समेत शिक्षाको दायरा फराकिलो हुदै गइरहेको छ । आवश्यकताका आधारमा विभिन्न समयमा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम तयार भई विद्यालयमा लागु हुँदै आइरहेको छ ।

भई हाल चरणबद्ध रुपमा विद्यालयमा पाठ्यक्रमहरू लागू भइसकेका छन् । आधारभूत तह १—३ ४—५ र ६—८ का लागि अलग अलग पाठ्यक्रम निर्माण गरी कार्यान्यवनमा ल्याइएको छ । यसै गरी माध्यमिक ९—१० र ११—१२ मा पनि छुट्टा छुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढेको छ । पाठ्यक्रमलाई सान्दर्भिक बनाउन १—३ मा अर्न्तगत सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको आधारभूत तहमा स्थानीय कला, संस्कृति भाषा इतिहास परम्परागत सीप तथा ज्ञानमा आधारित स्थानीय, पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वियन गर्नु पर्ने सबै कक्षाका विषयलाई यथासम्म स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित सिकाई क्रियाकलाप संचालन व्यवस्था गरिएको छ । पाठ्यक्रम सान्दर्भिक र व्यवहारिक बनाउन प्रयोगात्मक कार्य परियोजना कार्य वा सामुदायिक लगायतका व्यवहारिक अभ्यासमा यथेष्ठ जोड दिइएको छ । पाठ्यक्रम गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र प्रयोगात्मक सीपमा रूपान्तरण गर्न सहक्रियाकलाप/ अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ । आदर्श मनुष्य तयार पार्ने उद्देश्यले पूर्वी दर्शनका वेद, योग, संस्कृत, भाषा, संस्कृत, व्याकरण जस्ता विषयहरु समवेश गरिएका छन् भने स्थानीय परिवेश अनुसार भूगोल, सहकारी, वन, कृषि, पर्यटन, आयुर्वेद, जडिबुटी जस्ता विषयहरु समेटेर स्थानीय विषयको पाठ्यक्रममा समावेश गरिएको छ । व्यावसायिक शिक्षा स्वास्थ्य शारीरिक र वातावरण शिक्षा सिर्जनश्रील तथा अभिव्यक्तिशील कला जस्ता परस्परागत विषयलाई निरन्तरता दिदै छात्रकला, वस्तुकला, चित्रकला, नृत्य, संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरु संलग्न गरी सिकाई सहजीकरण गर्न सूचना तथा संचार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ ।

पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यक्रममा आधारित भएर विषयगत कक्षागत तथा तहगत रूपमा विद्यार्थीलाई पठनपाठन गर्न सहज हुने गरी पाठ्यसामग्रीहरू समेत प्रकाशन हुने गरेको छ । जुन पाठ्यपुस्तकहरु नेपाल सरकारले जनक शिक्षा सामग्री लिमिटेड माफर्त देशभर पुऱ्याउने गरेको छ । यसका अलवा प्राईभेट प्रकाशकहरुले पनि विभिन्न विषयगत कक्षागत तथा भाषागत विषयका पाठ्य पुस्तकहरु प्रकाशन गर्ने गरेका छन् । जसबाट विद्यार्थीहरु दैनिक पठनपाठन गर्न भने सहज भएको छ।

हालको पाठ्यक्रमले विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अंगको रुपमा लिएको छ । जसले गर्दा निश्चित मापदण्ड तयार गरी विषयवस्तुमा आधारित मूल्याङ्कन हुने गरेको छ । यस मुल्याङ्कनले पाठ्यक्रमले परिकल्पना गरे अनुरूप विद्यार्थीहरु सिकाई उपलब्धि स्तर मापन गर्न महत्तवपूर्ण भूमिका निर्वाह गर्दछ । माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्थाको गरिएको छ । पाठ्यक्रममा विषयवस्तुहरु सहज ढंगले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरु तथा शिक्षक निर्देशिका तयार गरिएका छन् । मातृभाषाका पाठ्य सामग्रीहरु पनि तयार गरिएका छन् । पछिल्लो चरणमा सिकाईलाई कामको संसारसँग जोड्न स्टेम शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरेको छ । स्टेम भनेको विज्ञान, प्रविधि, इन्जिनियारिङ्ग र गणित विषयका ४ विशिष्ठ विद्याका विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्न अवधारणामा आधारित एउटा पाठ्यक्रम हो । जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकार समस्याहरु समाधान गर्न सहयोग पुऱ्याउँछ । साथै उनीहरूमा रचनात्मक तार्किक सोच विश्लेषणात्मक सिप नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्न क्षमताको विकास हुन जान्छ । तसर्थ, विद्यालय तहको पाठ्यक्रममा विज्ञान प्रविधि इन्जिनियारिङ्ग र गणित जस्ता विषयहरुलाई एकिकृत रुपमा अगाडी बनाइएको छ । स्टेमले मूलक अनुसन्धानमा आधारित मानिसको दैनिक जीवनसँग जोडिएको विषय सिकाउँछ । जसले गर्दा सिकारु कामको वास्तविक संसारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रुपमा उत्रिन सक्दछ । विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरु सकारात्मक हुँदा हुँदै पनि कार्यान्वयनको पाटोमा थुप्रै चुनौतीहरु रहेका छन् । नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धति स्थापना संचालन स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री विकासका लागि क्षमता विकास पाठयक्रम विकास तथा अध्यापन कार्यलाई अनुसन्धानमा आधारित बनाउने प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन अपाङ्गता प्रकृति अनुसार पाठ्यक्रम लचकता प्रदान गर्ने पाठ्यपुस्तकको गुणस्तर सुधार बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन मूल्याङ्कन

पद्धतिलाई शिक्षण सिकाईसँग जोड्ने सिकाई सहजीकरण र मूल्याङ्कनका सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेको चुनौतीहरु हुन् ।

## ४.१.२ वर्तमान अवस्थाः

कुनै पनि पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु भएको थियो । वि.सं. २०७६ सालमा विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारुप तयार गरी सोही वर्ष लागु गरियो । वि.सं. २०७८ मा कक्षा २,३,६ र १२ मा पाठ्यक्रम कार्यान्वयन भएको भने अन्य कक्षाहरुमा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ अनुसार निर्माण गरिएका पाठ्यक्रमहरु कार्यान्वयन रहेका छन् । वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरुमा नयाँ पाठ्यक्रम लागु भइसकेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ अनुरुपको पाठ्यक्रममा कक्षा १—३ सम्म अन्तर सम्बन्धित विषयलाई एकीकृत गरिएको छ । विद्यालय तहको पाठयक्रम निर्माण गर्ने भनी जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिएता पनि कक्षा १—३ सम्म १६० कार्य घण्टा बराबरको मातृभाषा वा स्थानीय विषय र कक्षा ४—८ मा १२८ कार्य घण्टा बराबरको स्थानीय वा संस्कृत विषयका पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गर्ने व्यवस्था गरिएको छ ।

मूल्याङ्कन सम्बन्धित नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १—३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नती गर्ने व्यवस्था रहेको छ । कक्षा ४ र ५ मा ५० प्रतिशत निरन्तर र ५० प्रतिशत आवधिक परीक्षाबाट हुने र कक्षा ६—८ मा ४० प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षा गर्ने व्यवस्था छ । कक्षा ८ मा आवधिक परीक्षा मार्फत नगरपालिका स्तरीय मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । आधारभूत तह कक्षा ९ को मूल्याङ्कन स्थानीय तहबाट नै हुने व्यवस्था गरिएको छ । भने कक्षा १० को एस.ई.ई. र कक्षा ११ र १२ को आवधिक मूल्याङ्कन भने राष्ट्रिय परीक्षा बोर्ड मार्फत हुने गरेको छ ।

पाठ्यक्रममा आधारित पाठ्यपुस्तकहरुको उपलब्धतालाई अध्ययन गर्दा तत्काल नयाँ पाठ्यक्रम लागु भएका विषयहरुको पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले तयार पारेको र केन्द्रले सूचीकृत गरेका प्रकाशन गृह वा लेखकहरुको पाठ्यपुस्तक पाइन्छ ।

### ४.१.३ उद्देश्यः

महाराजगंज नगरपालिकाको यस शैक्षिक योजनाले पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी निम्न लिखित उद्देश्यहरु राखेको छ ।

१. सिकाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाई क्रियाकलाप संचालन गर्नु ।
२. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु ।
३. कक्षा १ देखि ७ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयन गर्नु ।
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
५. सिकारुको सिकाइमा निरन्तर अद्यावधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कको व्यवस्था गर्नु ।
६. सामुदायिक विद्यालयहरुमा विज्ञान र प्रविधि शिक्षाको समया तत्काल विकासको लागि आवश्यक पूर्वधार जन्य क्षमताको विकास गर्नु ।
७. सामुदायिक विद्यालयहरुमा स्टेमका माध्यममबाट गणित तथा विज्ञान विषयको नतिजा सुधार गर्ने
८. पूर्वीय दर्शनमा आधारित योग, ध्यान, व्यायाम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेशका विषयमा विद्यार्थीहरुलाई अभ्यास गराउनु ।
९. विद्यार्थीहरुलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराई थप क्षमता अभिवृद्धि गर्नु ।
१०. जीवन उपयोगी तथा व्यवहारिक शिक्षामा जोड दिनु ।

### ४.१.४ रणनीतिः

नगरपालिकाको शैक्षिक सुधारका निम्ति माथि उद्देश्यहरु हासिल गर्न निम्न लिखित रणनितीहरु अवलम्बन गर्ने ।

१. प्रत्येक विद्यालयका शिक्षकहरु राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ बमोजिम निर्माण र संशोधन भएका नयाँ पाठ्यक्रम विद्यालयस्तरमा प्रबोधीकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप गर्ने ।
२. स्थानीय सरोकारवालाहरुमा अपनत्व विकास गरी स्थानीय तहले निर्माण गरको पाठ्यक्रमको समयानुकुल तथा पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गराई सोको कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेही बनाइनेछ ।

३. स्थानी पाठ्यक्रम तथा पाठ्य सामग्रीको विकास तथा प्रयोगको लागि विद्यालयलाई सक्षम बनाईनेछ । सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्ने ।
४. विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाई क्रियाकलाप संचालन गर्ने ।
५. विकास गरिएका पाठ्यक्रम तथा पाठ्य सामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढंगले प्रबोधीकरण गर्ने ।
६. विपत महामारी तथा संकटको अवस्थामा सिकाईलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गर्ने ।
७. शिक्षक निर्देशिका पाठ्यपुस्तक सन्दर्भ सामग्रीहरु सर्वसुलभ हुने गरी व्यवस्थापन गर्ने ।
८. पाठ्यक्रममा आधारित सिकाईलाई सुनिश्चित गर्न शिक्षकको पेशागत सक्षमता विकासलाई निरन्तरण दिने ।
९. शिक्षण सिकाईलाई बालकेन्द्रित लैंगिक तथा अपाङ्गमैत्री बनाई सूचना संचारको उचित प्रयोगद्वारा सिकाईलाई प्रभावकारी बनाउने ।
१०. विद्यालयलाई वैकल्पिक शिक्षण सिकाई अनुरुपका शैक्षिक क्रियाकलापमा सक्षम बनाइदै लग्ने।
११. सहपाठी सिकाई समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइने ।
१२. सूचना सञ्चार तथा प्रविधिमा आधारित अत्यावश्यक पूर्वाधार विकास उचित प्रयोग गर्ने क्षमताको विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा शिक्षण सिकाईलाई प्रयोगमा ल्याउने ।
१३. हरेक सामुदायिक विद्यालयमा सूचना सञ्चार तथा प्रविधि ल्याव र सिकाइ सामग्री युक्त पुस्तकालयको स्थापना सुनिश्चित गर्ने ।
१४. विद्यार्थीको सिकाई उपलब्धिलाई शिक्षाको वृति विकाससँग आवद्ध गर्ने ।
१५. आधारभूत तहमा हुने स्तरकृत परीक्षालाई सुधार गर्ने । स्टेमको अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि वृद्धि गर्न शिक्षकहरुको क्षमता विकास गर्ने ।
१६. विज्ञान तथा गणित विषयमा सृजनात्मक सामग्री प्रदर्शन गर्ने व्यवस्था गर्ने ।
१७. पूर्वीय दर्शनमा आधारित योग, ध्यान, व्यायाम, प्राकृतिक चिकित्सा बुद्ध उपदेश, इत्यादि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल गर्ने ।
१८. मूल्याङ्कन र नतिजाको प्रणालीमा एकरुपता ल्याउन सफ्टवेयर बनाई लागु गर्ने र शैक्षिक सत्रको सुरुवातमा परीक्षा तालिका प्रकाशन गर्ने ।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. यस योजनाको लागु पश्चात पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भई दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता लागु भएको हुनेछ ।

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | सूचक | आधार वर्ष (०८१/८२) | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम कार्यान्वयन गरेका विद्यालय सङ्ख्या | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को कार्यान्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यान्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ | पटक | ० | १ | ० | १ | ० | १ | ३ |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | |
| | सामग्रीहरुको विकास गर्ने) | | | | | | | | |
| २ | Digital सामाग्रीहरुको कार्यान्वयन (विद्युतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट अपाङ्गता भएका विद्यार्थी शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामग्रीहरुलाई विद्युतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | पटक | ० | १ | ० | ० | ० | ० | १ |
| ३ | संस्थागत संरचनाको विकास र क्षमता अभिवृद्धि गर्ने विज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र | पटक | ० | १ | ० | ० | ० | ० | १ |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | |
| | कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने | | | | | | | | |
| ४ | आधारभूत तहको पाठ्यक्रमका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | जना | १ | १ | १ | १ | १ | १ | ४० |
| ५ | आन्तरिक र बाह्य दुवै विधिका विद्यार्थी मुल्यांकन र तिनको कार्यान्वयनको मापदण्डहरू विकास गर्नेः (जसमा नमुना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै विद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | शिक्षक | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| ६ | प्राविधिक धारका बिषयहरुको पाठ्यक्रम | विद्यालय | ० | २ | २ | २ | २ | २ | २ |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | |
| | र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमा प्राविधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, वितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | | | | | | | | |
| ७ | वहु पाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने ( जसमा बहुपाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहुवर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका विद्यार्थीहरूका | विद्यालय | १ | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | |
| | लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | | | | | | | | |
| ८ | स्थानीय पाठ्यक्रम पुनरावलोकन गर्ने | पटक | ० | १ | ० | ० | ० | ० | १ |
| ९ | विविध प्रकारका मापनयोग्य साधन प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | १ | ५ |
| १० | सिकाई पोर्टल को प्रयोग सम्बन्धी शिक्षक क्षमता विकास तालिम | पटक | १ | ० | ० | ० | ० | ० | १ |

## ४.२ शिक्षक व्यवस्थापन र विकासः

शिक्षा शासन विकास र सेवा प्रवाहमा प्रभावकारिता, दक्षता, समता, सामनता, वातावरणमैत्री बनाउन शिक्षक व्यवस्थापन जरुरी छ । यसका जनशक्ति योजना दरबन्दी सिर्जना तथा भर्ना उपयोग विकास सेवा सुविधा सामाजिक सुरक्षा (तलब भत्ता, पोशाक, विमा, औषधी उपचार आदि पेशागत विकास भित्र पर्दछ ।

सामान्यतया शिक्षक व्यवस्थापन भित्र स्वीकृती शिक्षक भर्ना छनोट, सरुवा बढुवा, वृति विकास शिक्षकको सेवा सर्त सम्बन्धी सम्पूर्ण व्यावसायिक कार्य पर्दछन् । अझै स्पष्ट रुपमा भन्नुपर्दा यस सँग सम्बन्धित कानूनी व्यवस्था संरचनागत व्यवस्था श्रोत साधन भाषिक पर्यावरणीय व्यवस्थाको सामग्रता नै शिक्षक व्यवस्थापन हो ।

यो आफैमा बहुभाषिक विषय हो र शिक्षा क्षेत्रमा जिवित मस्तिस्क भनेको नै शिक्षकहरु नै हुन् । शिक्षाको व्यावसायिकता बढोत्तरीका लागि सिकारुको सर्वोचताको लागि तालिम चाहिन्छ । शैक्षिक व्यवस्थापनले समग्र शैक्षिक प्रशासन विकासका सेवा प्रवाह, सुशासन, समृद्धि, रोजगार र अवसर प्रदान गर्न व्यवस्था गर्दछ । सरकार सिकारु र शिक्षक बिचको सम्बन्ध नै शिक्षक व्यवस्थापन तथा तालिम

नै हो । बदलिदों परिवेश अनुसार शिक्षाको लागि योग्य व्यावसायिक रुपमा दक्ष पेशा प्रति उत्प्रेरित समर्पित परिषद् र विद्यार्थीको सिकाई प्रति जवाफदेहि शिक्षक हुन आवश्यक छ । शिक्षकमा भएको ज्ञान शिक्षण सिकाई क्रियाकलाप संचालन गर्नका लागि आवश्यक छ । योग्य र कुशल शिक्षकले विद्यार्थीको सिकाईमा सकारात्मक पर्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुनु आवश्यक छ ।

### ४.२.१ वर्तमान अवस्थाः

महाराजगंज नगरपालिकाको शैक्षिक योजनामा शिक्षण पेशालाई रोजाईको पेशाका रुपमा विकास गर्ने शिक्षक तयारी गर्ने कक्षाकोठाको शिक्षण सिकाईलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्रत्य रहेको छ । शिक्षकको पेशागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाई प्रति जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ र शिक्षक तालिमको व्यवस्था गर्ने । यस महाराजगंज नगरपालिकाको विद्यालयहरुमा निम्न किसिमको शिक्षकको अवस्था रहेको छ । सामुदायिक विद्यालय तर्फ (२३) जना मा.वि. र आधारभूत तहमा (२०) जना स्थायी, अस्थायी र राहत दरबन्दीमा हुनुहुन्छ । माध्यमिक तहमा स्थायी शिक्षकको संख्या (७), अस्थायी राहत (१०) । यस नगरपालिकाभित्र जम्मा बालविकास शिक्षकको संख्या (६१) रहेको छ । यस महाराजगंज नगरपालिका भित्रका विद्यालयमा अध्यापन गराउने शिक्षक शिक्षिकाका लागि नगरपालिकाले तलब व्यवस्थापन गरेको छ ।

**तालिका नं. ४.२**

**महाराजगंज नगरपालिकाको सामुदायिक विद्यालयमा रहेको तहगत शिक्षक विवरण**

| क्रसं. | तह | अस्थायी | स्थायी | राहत | शिक्षण सिकाइ अनुदान | शिक्षण सिकाइ अनुदान संघ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | ५ | ८३ | ४५ | ० | ६१ | १९४ |
| २ | निम्न माध्यमिक | १ | १४ | ५ | ० | १२ | ३२ |
| ३ | माध्यमिक | ० | ७ | १० | १६ | ० | ३३ |
| ४ | साविक उच्च मा.वि | ७ | ० | ० | ० | ० | १७ |
| **जम्मा** | | **३०** | **१२७** | **६०** | **१६** | **८०** | **३१०** |

**प्रमुख समस्या र चुनौतीहरुः**

उल्लेखित विश्लेषणका आधारमा शिक्षक व्यवस्था र विकासमा देहाय बमोजिमको चुनौतीहरु रहेका छन्।

१. शिक्षण पेशालाई आकर्षक पेशाका रुपमा विकसित गर्न नसक्नु ।
२. शिक्षकमा उत्प्रेरणाको कमी ।
३. उत्तरदायित्व र जवाफदेहीमा कमी ।
४. कक्षागत र विषय शिक्षकको अभाव ।
५. आवश्यकता अनुसारको शिक्षक दरबन्दीमा कमी ।
६. शिक्षक नियुक्ति सरुवा बढुवा बारे व्यवस्थित तरिकाले कार्य गर्ने र ऐन नियमानुसार व्यवस्थित नहुनु ।
७. विपत र संकटपूर्ण अवस्थामा शिक्षण सिकाई सञ्चार गर्न नसक्नु ।
८. पेशागत विकास विस्तार र प्रभावकारीतामा सुधार नहुनु ।
९. विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई संबोधन हुने गरी शिक्षक तालिमको व्यवस्था नहुनु ।

## ४.२.२ उद्देश्यः

यस महाराजगंज नगरपालिकाको शिक्षा योजनामा शिक्षक व्यवस्थान र विकासका उद्देश्यहरु निम्नानुसार निर्धारण गरिएका छन् ।

१. शिक्षकको छनौट नियुक्ति र पुनरवितरणलाई सुदृढ बनाउनु ।
२. शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी सक्षम शिक्षक अपूर्ति गर्नु ।
३. शिक्षक विकास तथा निरन्तर पेशागत सहयोग प्रणाली स्थापना गर्नु ।
४. सबै तहमा योग्यता पुनरावलोकन गरी विषयवस्तु जान्ने निपूर्ण शिक्षकको सुनिश्चित गर्नु ।
५. शिक्षकको क्षमता अभिवृद्धि गर्नका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक संस्थाहरुसँग सञ्जाल विकास र विस्तार गर्नु ।
६. शिक्षक तालिम तथा सुपरिवेक्षणका माध्यमबाट शिक्षकलाई पेशा प्रति उत्प्रेरीत र जवाफदेही बनाउँछ ।
७. आवश्यक प्रोत्साहन, सिकाई आदान प्रदान कार्यक्रम निरन्तर पेशागत सहयोगका माध्यमबाट सबै तहमा सक्षम र प्रतिबद्ध अभिप्रेरित शिक्षक व्यवस्था गर्नु ।

८. शिक्षक पेशागत विकास तथा निरन्तर सहयोग प्रणाली स्थापना गर्नु ।

### ४.२.३ रणनीतिहरुः

माथि उल्लेखित उद्देश्य प्राप्तीका लागि यस शिक्षा योजनाले निम्न रणनीतिहरु तय गरेको छ ।

१. वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पुनरावलोकनका लागि संघिय सरकारसँग अनुरोध गर्ने ।
२. शिक्षण तयारी र छनोट पक्रियामा आवद्ध गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग अनुरोध गर्ने ।
३. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र दरबन्दी पुनवितरण तथा थप गर्ने ।
४. प्रारम्भिक बालविकास र पूर्व प्राथमिक शिक्षा कक्षा (१—३) का लागि १२ उत्तीर्ण कक्षा (४—८) का लागि स्नातक तह उत्तीर्ण कक्षा (९—१२) का लागि स्नातकोत्तर तह उत्तीर्ण गरेको शिक्षक योग्यता कायम हुने गरी कानूनी व्यवस्थाका लागि अनुरोध गर्ने ।
५. रिक्त शिक्षक दरबन्दीका लागि तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्थाको प्रबन्ध गर्ने ।
६. उच्च कार्यसम्पादन गर्ने शिक्षकहरुको लागि प्रोत्साहन र पुरस्कृत गर्ने ।
७. नव प्रवेशी शिक्षकका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।
८. शिक्षकले कक्षाकोठामा बिताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइनेछ ।
९. कार्ययोजना शैक्षिक योग्यता अनुभव लगायतका आधारमा विद्यालयमा प्रधानाध्यापकको छनौट गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धीः**

यस महाराजगंज नगरपालिका भित्रका सबै विद्यालयहरु कुशल र उत्तरदायी विद्यालय प्रशासन सहित सवल व्यवस्थापन पक्ष भएको हुनेछ । यो योजना लागू भए पश्चात योग्य दक्ष र सक्षम शिक्षकको व्यवस्था गर्दै विद्यार्थीको सिकाईमा उपलब्धी सुधार हुने अपेक्षा गरिएको छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्रसं | सूचक | आधार वर्ष (०८१/८२) | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | शिक्षण पेशामा सम्मानित हुने शिक्षक | ० | ४ | ४ | ४ | ४ | ४ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | २ | ४ | ५ | ५ | ५ |

## ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र स | प्रमुख क्रियाकलाप | एकाई | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक योग्यता र वितरणको अध्यावधिक मापदण्डका | संख्या | ० | १ | ० | ० | १ | २ |

| क्र स | प्रमुख क्रियाकलाप | एकाई | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आधारमा शिक्षक व्यवस्थापन पुनरवितरण र समायोजन | | | | | | | |
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | जना | १ | १ | ० | ० | १ | ३ |
| ३ | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी बिषयको विषय वस्तुहरुको पाठ अध्ययन सामग्री विकास सम्बन्धी तालिम दिने | जना | १ | १ | १ | ० | ० | ३ |
| ४ | शिक्षकहरुलाई ICT मा आधारित तीन दिने Online/Offline सिकाई सम्बन्धी तालिम | जना | २६ | ३५ | ५३ | ७० | ८८ | २७२ |
| ५ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि १० दिने प्रशिक्षण तालिम (ToT) | जना | १ | ० | ० | ० | ० | १ |
| ६ | प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम | पटक | ० | १ | ० | ० | ० | १ |
| ७ | ECD सहजकर्ताका निम्ति आधारभूत तथा पुनः ताजगी | पटक | १ | १ | ० | ० | २ | ४ |

| क्र स | प्रमुख क्रियाकलाप | एकाई | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | तालिम | | | | | | | |
| ८ | सबै विद्यालयका प्र.अ. हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | पटक | ४० | ४२ | ० | ० | ० | ८२ |
| ९ | विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ. हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | पटक | १ | १ | ० | ० | ० | २ |
| १० | आधारभूत र माध्यमिक तहका प्र.अ. हरुलाई नेतृत्व विकास तालिम प्रदान गर्ने ( १५ दिने तालिम दिने जसमा face to face तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा दिने) | पटक | ० | ० | १ | १ | ० | २ |
| ११ | शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य | पटक | ० | १ | १ | १ | ० | ३ |

| क्र स | प्रमुख क्रियाकलाप | एकाई | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | | | | | | | |
| १२ | श्रोत विद्यालयहरूमा कार्यरत शिक्षकहरू र विशेष शिक्षाका स्रोत कक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | पटक | १ | ० | १ | ० | ० | २ |
| १३ | समाहित शिक्षा सन्चालन भएका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | पटक | ० | १ | १ | ० | ० | २ |
| १४ | असल अभ्यासको अवलोकन भ्रमण गर्ने | वटा | ० | ० | १ | ० | ० | १ |
| १५ | विषय शिक्षकहरुको अर्ध वार्षिक रुपमा मिटिङ्ग सञ्चालन गरि सिकाई आदान प्रदान गर्ने | जना | ६ | ६ | ६ | ६ | ६ | ३० |
| १६ | सहपाठी शिक्षकद्वारा कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १७ | प्रधानाध्यापकबाट नियमित रूपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गरिने | जना | १ | १ | १ | १ | १ | ५ |

| क्र स | प्रमुख क्रियाकलाप | एकाई | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १८ | स्थानीय पालिका स्तरमा सञ्चालन हुने मासिक प्र.अ.अ. बैठकलाई नियमित व्यवस्थित गराउनकासाथै हरेक बैठकमा हरेक प्र.अ.ले ले आफ्नो विद्यालयमा गरेको केही अनुकरणीय कार्य अर्थात् अभ्यासलाई प्रस्तुतिका साथ अनिवार्य गरिने | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० |

## ४.३ शैक्षिक समता र समावेशी

**परिचयः**

पहुँच र सहभागिताको लागि समानतामा पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । यो आफैंमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । महाराजगंज नगरपालिका एउटा विविधताले भरिपूर्ण नगरपालिका हो । यसमा मधेशी ,क्षेत्री ,ब्राह्मण ,दलित , ,जनजातिमुस्लिम ,अपाङ्गता भएका बालबालिकाहरूको बसोबास छ। विभिन्न शारीरिक क्षमता भएका, समाजमा पछि परेका, आर्थिक अवस्था कमजोर भएका र अपाङ्गता भएका व्यक्तिहरुको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित र विपन्न परिवारमा जन्म भएका आदिहरुको लागि शिक्षामा पहुँच कठीन रहेको छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको

महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ । यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ साथै शिक्षामा सामान अवसरको अवधारणा आधुनिक युगको सोचाइ मात्र नभएर कल्याणकारी राज्य स्थापना गर्ने सन्दर्भमा आएको नविन अवधारण हो। यो मुलतः अल्पविकसित मुलुकहरुको मानवीय जनशक्ति विकासका सन्दर्भमा अगाडि आएको नारा हो। शिक्षामा समान अवसर प्रदान गराई सुविधा विहिनहरुलाई सक्षमता ल्याउने उदेश्यबाट यो धारण (नारा) प्रष्ट रहेको छ। सबैका लागि शिक्षाको समान अवसर भन्ने नारा अधिकारका रुपमा संकेत अगाडि आइसकेको छ। सन् २००० मा सेनेगलको राजधानी डकारमा भएको सबैका लागि शिक्षा घोषणा संयुक्त राष्ट्रसंघीय सहस्राब्दी लक्ष्य मानव अधिकारको घोषणपत्र आदि सबैले शिक्षामा समान अवसरको धारणामा जोड दिएका छन् ।

त्यसै गरी दिगो विकास लक्ष्यले पनि गुणस्तरीय शिक्षाको पहुँचको लागि जोड दिएको छ । शैक्षिक अवसरको समानताको धारण यस प्रकार रहेको छ।

१. जात, लिङ्ग र अपाङ्गता एंव रङका आधारमा भेदभाव नगरी समान रुपमा शिक्षा दिनुपर्ने।
२. व्यक्तिगत प्रतिभालाई व्यक्तिको आवश्यकता र ईच्छा अनुरुप समायोजन गर्नुपर्ने।

### ४.३.१ वर्तमान अवस्थाः

यस महाराजगंज नगरपालिकामा जम्मा ९८ विद्यालयहरु रहेका छन् । जसमा ४८ वटा सामुदायिक विद्यालय, १६ वटा संस्थागत विद्यालय र ३४ वटा धार्मिक विद्यालयहरु संचालित छन् । उक्त विद्यालयहरुमा विभिन्न जातजाती, धर्म, भाषा, आर्थिक अवस्था, संस्कृतीका विद्यार्थीहरु अध्ययन गर्दै आइरहेका छन् । कतिपय विद्यालयहरुमा शारिरिक अपाङगता भएका बालबालिकाहरुको समेत छन्। यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहुँच वृद्धिका लागि विभिन्न किसिमका छात्रवृति प्रदान गर्ने गरीएको छ।

यस महाराजगंज नगरपालिकाभित्र भर्ना भएका बालबालिकालाई आवाशीय र गैर आवाशीय रुपमा तोकिएको नियमका आधारमा छात्रवृत्रि पनि प्रदान गरिने गरिन्छ। कक्षा १-५ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिका सबैलाई कुनै न कुनै रुपमा सहयोग गरिदै आएको छ।

त्यसै गरी यस महाराजगंज नगरपालिकाभित्र अध्ययन गर्ने बालबालिकालाई विद्यार्थी मूल्याङ्कनका क्रममा समेत अपाङ्गता भएका बालबालिकालाई परिक्षामा अतिरित्त समयको व्यवस्था गरिएको छ। यस नगरपालिकामा संचालित (३४) वटा धार्मिक विद्यालय संचालनमा रहेका छन् । यसमा विभिन्न किसिमका धर्ममा आस्था राख्ने, विभिन्न किसिमका धार्मिक समुदायका बालबालिकाले सुविधा समेत लिइराखेको अवस्था रहेको छ। यस नगरपालिकाले धेरै महत्वपूर्ण कामहरु गर्दै आएता पनि अझैपनि शिक्षामा सबै वर्गको पहुँच भने पुग्न सकिराखेको अवस्था भने छैन । समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुन सकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसै गरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, अभिभावकहरु, सहारा विहिन बालबालिकाहरु र रोगबाट पिडित बालबालिकाहरु समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूल प्रवाहीकरणमा ल्याउन अझैपनि सकिएको अवस्था छैन ।

**समस्या तथा चुनौतीहरुः**

महाराजगंज नगरपालिकाको वर्तमान अवस्थाको विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछाडि परेका वर्गको शिक्षाको पहुँचमा देखिएका समस्या तथा चुनौतिहरु यस प्रकार रहेका छन।

१. विद्यालयमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु।
२. अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्क संकलन विश्लेषण र अभिलेखिकरण नहुनु।
३. विद्यालयमा विभेद रहित वातावरण सिर्जनमा चेतना स्तरको कमी।
४. समाजमा विभेद कायम रहनु र बालमैत्री वातावरण नहुनु।

## ४.३.२ उदेश्यः

शिक्षामा सबैको पहुँच वृद्धि गर्न नगरपालिकाले निम्न उद्देश्यहरु तय गरेको छ ।

१. सिकाइ क्रियाकलापमा अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
२. समुदाय तथा विद्यालयमा हुने सबै प्रकारका विभेत दुरव्यवहार र हेपाइ आदिलाई न्यूनिकरण गर्नु ।

३. शिक्षामा समतामुलक पहुँच पुऱ्याउनु ।
४. शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न संघ संस्था र कार्यालयहरुलाई जवाफदेहि बनाउनु ।

### ४.३.३ रणनीतिहरुः

महाराजगंज नगरपालिकाले शिक्षा क्षेत्रमा सबै वर्गको समान पहुँच तथा सहभागिता बढाई शैक्षिक क्षेत्रको स्तर उकास्नको लागि यस योजना मार्फत निम्न रणनीतिहरु तय गरेको छ।

१. सबै तह र प्रकारका विद्यालयहरुमा लैङ्गिक तथा अपाङ्गतामैत्री शैक्षिक तथा भौतिक संरचनाहरुको निर्माण गर्न सहयोग गर्ने ।
२. बालबालिकाको घरधुरी सर्वेक्षण गरी सबै प्रकारको विवरण संकलन गरी अध्यावधिक गर्ने ।
३. विद्यालयमा हुने सबै प्रकारका विभेदहरुको अन्त्य गर्न सबै शिक्षक, विद्यार्थी लगायतका सम्पूर्ण सरोकारवालालाई अभिमुखीकरण गर्ने ।
४. विशेष प्रकृतिका बालबालिकाहरुका लागि स्रोत कक्षाको व्यवस्था गर्ने ।
५. विद्यार्थीहरुलाई खासगरी किशोरीहरुलाई हुने विभेद, हेपाई, मानसिक चिन्तन, संवेगात्मक परिवर्तनबाट देखिने समस्यालाई न्यून गर्न सचेतनमुलक कार्यक्रम साथै अनुगमन तथा निरिक्षण गर्ने र विभेद गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कानुन बमोजिम कारवाहीको दायरामा ल्याउने।
६. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चित कायम गर्नका लागि यथोचित छात्रावृतिको रकम उपलब्ध ल्याइनेछ।
७. विद्यालयमा संचालन हुने सबै गतिविधिहरुमा बालबालिकाको समावेशी/समान सहभागिताको सुनिश्चित गर्ने ।

### ४.३.४ प्रमूख उपलब्धी तथा नतिजा

**उपलब्धीः**

यस महाराजगंज नरपालिकाले यस योजना अनुसार समाजमा पछाडि परेका आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहिन बालबालिकाको विद्यालयमा समतामूलक पहुँचमा वृद्धि हुने अपेक्षा राखेको छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता, गरिब, विपन्न, अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने विद्यालय संख्या | ० | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९२ | ०.९३ | ०.९४ | ०.९५ | ०.९७ | ०.९९ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९४ | ०.९५ | ०.९६ | ०.९८ | ०.९९ | १.० |
| ४ | लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एव प्रोत्साहन प्राप्त गरेको विद्यालय संख्या | ० | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| ५ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा | ० | ८२ | ८२ | ८२ | ८२ | ८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सुनिश्चित हुने | | | | | | |
| ६ | विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने विद्यालय संख्या | ० | ८२ | ८२ | ८२ | ८२ | ८२ |

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका सबै बालबालिका हरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | जना | १ | ० | १ | ० | १ | ३ |
| २ | नयाँ निर्माण हुने भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवम् लैङ्गिक मैत्री बनाइने | विद्यालय | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | गरिबी तथा अपाङ्गता भएकै कारणले पढाइ छोड्ने स्थितिमा रहेका बालबालिकाहरूलाई लक्षित गरि निश्चित मापदण्ड निर्माण गरि छात्रवृतिको व्यवस्थापन गर्ने | जना | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालय स्तरमा हुने अतिरिक्त क्रियाकलापहरूमा समता तथा समावेशिता जस्ता मुद्दाहरूलाई पनि प्रवेश दिइने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | शिक्षकहरूलाई समता तथा समावेशिकरणको विषयमा २ दिने तालिम प्रदान गर्ने | विद्यालय | १ | ० | ० | १ | ० | २ |
| ६ | विद्यालयमा दण्ड रहित शिक्षाको अवधारणा लागू गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ |
| ७ | छात्राहरूलाई लक्षित गरि घरमा पनि पढ्ने वातावरण सृजना | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गर्नका निम्ति तथा बाल विवाह सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने | | | | | | | |
| ८ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | मनोपरामर्श दाताहरूको रोष्टर तयार गरी आवश्यकताको आधारमा बालबालिकाहरूलाई परामर्श सेवा प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य

**परिचयः**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी

तथा प्रभावकारी तरिका देखिएको छ । विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम प्याकेज अन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रुपमा जुकाको औषधि वितरण तथा आवश्यकता अनुसार प्रतिस्थापन हुने व्यवस्था सहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६ देखि १२ का बालिकाहरुलाई आइरन चक्की छात्राहरूका लागि सेनिटरी प्याड छात्र र छात्राका लागि अलगअलग शौचालय व्यवस्थापन समितिको सक्षमतामा सुधार तथा पोषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूको परिचालन गर्नुपर्ने रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य पोषण सरसफाई तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन। विद्यालय शिक्षा क्षेत्र योजना र १६ औं आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाई सुधार गर्नका लागि जुका नियन्त्रण सूक्ष्मपोषक तत्त्व पुराण तथा दृष्टि एवं श्रावणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने रणनीतिहरू प्रस्ताव गरिएका छन्। यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरूबाट स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने हुँदा कार्यक्रमको नतिजामा एकरुपता नदेखिने सम्भावना पनि रहेको छ। विशेषत विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ।

विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने खानेपानी सरसफाई तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी विद्यार्थी संख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता सन्दर्भमा प्याड व्यवस्थापन व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्छा घर सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन्। उल्लेखित सुविधा तथा सेवा बाहेक बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ। स्वच्छता प्रवर्धन र दिगोपनका लागि विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ को पुनरावलोकन गरी तदनुकुलको संस्थागत व्यवस्था गर्न आवश्यक छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयनको स्थितिका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ। तर कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ । वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु.१५ पर्याप्त देखिँदैन ।

### ४.४.१ वर्तमान अवस्थाः

महाराजगंज नगरपालिकामा वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधी वितरण, आइरन चक्की र फोलिक एसिड वितरण, प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरुमा नगरपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरु एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधि तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेको छ। सरसफाई तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहुमेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन। यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन् । दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन कम हुने गरेको छ। प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन। यद्यपि विद्यालयमा रहेका बाल क्लबले सरसफाई प्रवर्धनका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेका छन्। विद्यालयका भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी तथा वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग गर्ने अधिकांश शौचालयहरू दुर्गन्धित छन् । महाराजगंज नगरपालिका को सवालमा बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ ।

**तालिका नं. ४.४.१**

**महाराजगंज नगरपालिकाका विद्यालयहरूमा विद्यालय स्वास्थ्य र पोषणको अवस्था**

| क.स. | विद्यालयको नाम | प्राथमिक उपचार बक्स तथा औषधी भएको | प्राथमिक उपचार सहायतासुविधा/ | नर्सको व्यवस्था | सेनेटरी प्याड उपलब्धता | सेनेटरी प्याड व्यवस्थापन | विद्यार्थीहरुको बर्षमा २ पटक स्वास्थ्य जाँच गरेको | विद्यालय स्वस्थ्य तथा पोषण फोकल शिक्षक | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जानकी मा.वि (१-१२) महाराजगंज | छ | छ | छैन | छ | छ | छ | छ | |
| २ | श्री भद्र मा.वि. (१-१२) पडरिया | छ | छ | छैन | छ | छ | छ | छ | |
| ३ | श्री शिवभारी मा.वि (१-१२) शिवभारी | | | छैन | छ | छ | | | |
| ४ | श्री माध्यमिक विद्यालय बुटहनिया (१-१०) सानो बुटहनिया | छ | छ | छैन | छ | छ | छ | छ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | श्री शिव प्रताप सरस्वती मा.वि (१-१०) भलवारी | छ | छ | छैन | छ | छ | छ | छ | |
| ६ | श्री झिन्ना मा.वि (१-१०) बनगाई | छ | छ | छैन | छ | छ | छ | छ | |
| ७ | श्री जनता मा.वि (१-१०) हरदौना | छ | छ | छैन | छ | छ | छ | छ | |
| ८ | श्री देव प्रताप मा.वि मा.वि (१-१०) मधवानगर | छ | छ | छैन | छ | छ | छ | छ | |
| ९ | श्री दुर्गा भवानी कन्या मा.वि (१-११) बगहिया | छ | छ | छैन | छ | छ | छ | छ | |
| १० | श्री राष्ट्रिय मा.वि, कजरहवा, (१-१०) कजरहवा | छ | छ | छैन | छ | छ | छ | छ | |
| ११ | श्री नेपाल राष्ट्रिय आ.वि, गैडहवा (१-८) | छ | छ | छैन | छ | छ | छ | छ | |
| १२ | श्री रत्नराज्य | छ | छ | छैन | छ | छ | छ | छ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्मी आ.वि, कुशहवा (१-८) | | | | | | | | |
| १३ | श्री लक्ष्मणदास आ.वि, बलरमवापुर (१-८) | छ | छ | छैन | छ | छ | छ | छ | |
| १४ | श्री पियुषराज आ.वि बरगदी (१-८) | छ | छ | छैन | छ | छ | छ | छ | |
| १५ | श्री चुडा कुमारी सामुदायिक आ.वि, सिंगरहा (१-८) | छ | छ | छैन | छ | छ | छ | छ | |
| १६ | श्री राधेश्याम आ.वि, जमुनी (१-८) | छ | छ | छैन | छ | छ | छ | छ | |
| १७ | श्री राम जानकी आ.वि, लंगडा (१-८) | छ | छ | छैन | छ | छ | छ | छ | |
| १८ | श्री भागीरथी आ.वि (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| १९ | श्री शिवपुर पल्टा | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आ.वि, (१-५) | | | | | | | | |
| २० | श्री नागेश्वर आ.वि, (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| २१ | श्री दशरथ चन्द्र आ.वि,(१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| २२ | श्री आधारभूत विद्यालय, सेमरहना (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| २३ | श्री प्राथमिक विद्यालय बरईपुर (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| २४ | श्री शोभा सामुदायिक आ.वि, (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| २५ | श्री सरस्वती सामुदायिक आ.वि, चमरसठ (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| २६ | श्री राम लखन आ.वि, बन्जरिया (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २७ | श्री त्रिभुवन आ.वि, अलगी (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| २८ | श्री सरस्वती सामुदायिक आ.वि, पचेहरी (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| २९ | श्री सारजु आ.वि, करहवा (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ३० | श्री लक्ष्मी सामुदायिक आ.वि, तेनुई (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ३१ | श्री नेपाल राष्ट्रिय आ.वि, औरहवा (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ३२ | श्री अमिताभ आ.वि, महुवा(१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ३३ | श्री राम जानकी सामुदायिक आ.वि, जीतपुर (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ३४ | मदरसा फजलेरहमानियाँ | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.वि, पिपरी (१-५) | | | | | | | |
| ३५ | श्री बालकल्याण सामुदायिक आ.वि, सेमरी (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ३६ | श्री गोपाल सामुदायिक आ.वि, गनवरिया (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ३७ | श्री झिनकन आ.वि, सोनवर्षा (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ३८ | श्री गौतम बुद्ध आ.वि, खडैंचा (१-४) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ३९ | श्री केवला आ.वि, रमवापुर (१-४) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ४० | श्री गौतम बुद्ध आ.वि, विजयनगर, (१-५) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ४१ | श्री रामदुलारी | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आ.वि, इट्रोल (१-४) | | | | | | | | |
| ४२ | श्री रामलखन आ.वि, सुरहानिया (१-४) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ४३ | श्री दुर्गा भवानी आ.वि, उदयपुर (१-४) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ४४ | श्री भगवान अमिता नन्द आ.वि. सोनवर्षा (१-४) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ४५ | श्री जनचेतना सामुदायिक आ.वि, कठौतिया (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ४६ | श्री सामुदायिक आ.वि, सिसवा, सेमरी (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ४७ | श्री सिद्धार्थ आ.वि, करैलिया (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ४८ | श्री दुर्गा आधारभूत | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय ठूलो बुटहनिया (१) | | | | | | | |
| ४९ | श्री महबुब मेमोरियल इस्लामिक आ.वि, पडहरिया (१-४) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ५० | मदरसा इस्लाहुल मुस्लिमीन अलसलफीया प्रा.वि, महाराजगंज (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ५१ | मदरसा अरविया अहले सुन्नत बहरुल वलूम आ.वि. महाराजगंज (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ५२ | श्री राम जानकी संस्कृत विद्यालय (१-२) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ५३ | मदरसा अरविया | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अहले सुन्नत नुरुल उलूम सुरहनिया (१-३) | | | | | | | | |
| ५४ | मदरसा अरविया अहले सुन्नत फारुकीया ईटरोल (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ५५ | मदरसा मकदुमिया असरफुल उलूम प्रा.वि, गैंडहवा (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ५६ | मदरसा गरीब नवाज आ.वि. पडरिया (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ५७ | मदरसा नूरुल इस्लाम प्रा.वि, बरगदी (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ५८ | मदरसा गौसिया फैजुल रसूल अहले सून्नत | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.वि. कजरहवा (१-३) | | | | | | | |
| ५९ | मदरसा दारुल कुरान परसपुरडीह (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ६० | मदरसा सराउल वलूम आ.वि. शिवभारी (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ६१ | मदरसा मिफ्ताहुल उलूम आ.वि. औरहवा (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ६२ | मदरसा जियाउल उलूम आ.वि. जीतपुर (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ६३ | मदरसा सुबलुस्सलाम प्रा.वि, तेनुवा (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ६४ | मदरसा गौसिया नसरुल उलूम | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | हरदौना (१-२) | | | | | | | | |
| ६५ | मदरसा फिरदोस कन्या आ.वि. सेमरी (१-२) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ६६ | मदरसा अरविया अहले सुन्नत मिसबाहुल उलूम आ.वि. विजयनगर (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ६७ | मदरसा अहले सुन्नत बहरुल उलूम तेनुहवा (१-२) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ६८ | मदरसा नूरुल उलूम आ.वि. सतभरा (१-२) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ६९ | मदरसा सिद्दिकीया अहले सुन्नत फेजुल कुरान जमुनी (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७० | मदरसा गौसिया अहले सुन्नत फैजुल रसूल पडरिया (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ७१ | मदरसा अहले सुन्नत फैजाने भलवारी (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ७२ | मदरसा जियाउल उलूम आ.वि. चोहट्टी (१-३) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ७३ | मदरसा जियाउल उलूम आ.वि. ठूलो बुटहनिया (१-२) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ७४ | मदरसा दारुल वलूम अल्सल्फीया आ.वि. अल्गा (१) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ७५ | मदरसा गरीब नवाज आ.वि. राजपुर (१-२) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७६ | फैजाने मुस्तफा मदरसा, गैडहवा | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ७७ | श्री शहदेव आवसीय संस्कृत आ.वि. सतभरा | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ७८ | मदरसा गौसिया फैजुरे रसुल आ.वि. बरगदा (१-८) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ७९ | मदरसा दारुलस्सलाम आ.वि. मुजहनी (१-७) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ८० | मोहम्मद सलीम स्लामिक एकेडमी आ.वि. सलिमनगर (१-६) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |
| ८१ | मदरसा मिफताहुल उलुम अस्लफिया आ.वि. समरी (१- | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ६) | | | | | | | | |
| ८२ | मदरसा अहले सुन्नत नुरुल उलुम सेमरी (१-६) | छैन | छैन | छैन | छैन | छैन | छ | छैन | |

**समस्या र चुनौतिः**

१. प्रत्येक विद्यालयमा स्वास्थ्य परीक्षण नहुनु
२. विद्यार्थीहरुमा स्वास्थ्य सम्बन्धी पूर्ण ज्ञान नहुनु
३. विद्यालयमा शुद्ध पानीको व्यवस्था नहुनु
४. विद्यालयमा छात्राका लागि बेग्लै शौचालयको व्यवस्था र सेनिटरी प्याडको व्यवस्थापन गर्न कठिन हुनु
५. स्वास्थ्य र दिवाखाजा सम्बन्धी कार्यक्रमको कमजोर अनुगमन हुनु
६. विद्यालयमा शारिरीक तथा मानसिक स्वास्थ्य कायम राख्न प्रयाप्त मात्रामा खेलमैदान र सामग्रीको अभाव हुनु

## ४.४.२ उद्देश्यः

विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम गर्न महाराजगंज नगरपालिकाले निम्नलिखित उदेश्यहरु तय गरेको छ ।

१. विद्यालयको वातावरणलाई स्वस्थकर बनाउनु ।
२. स्वास्थ्य तथा पोषण सम्बन्धी बानि व्यवहारमा सुधार ल्याउनु ।
३. विद्यालयमा प्राथमिक उपचार सामग्री उपलब्ध गराई प्राथमिक उपचार सेवा प्रदान गर्नु ।
४. विद्यालयमा पोषणयुक्त दिवाखाजाको प्रवर्धन गर्नु ।

## ४.४.३ रणनीतिहरुः

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका लागि बनाइएको उदेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु तय गरिएको छ ।

१. विद्यालयमा नियमित रुपमा प्राथमिक उपाचारकिट, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधी, फोलिक एसिड आदिको वितरण गर्ने ।
२. छात्राहरुका लागि वेग्लै शौचालय र सेनिटरी प्याड तथा यसको व्यवस्थापन गर्न प्रबन्ध मिलाउने ।
३. बालबालिकाहरुलाई प्राथमिक उपचार बाकस सम्बन्धी जानकारी दिइ प्रभावकारी प्रयोग सम्बन्धमा अभिमुखीकरण गर्ने ।
४. विद्यालयमा सफा पानी, साबुन पानीले हात धुने व्यवस्था मिलाउने ।

५. दिवा खाजा कार्यक्रमको अनुगमन गरि आवश्यक सेवा सुविधाको व्यवस्था गर्ने ।
६. विद्यालयमा कम्तिमा वर्षको २ पटक स्वास्थ्य जाँच गर्ने ।
७. विद्यालयमा सरसफाई कार्यक्रम दैनिक रुपमा नियमन गर्ने ।
८. खेलकुदका लागि खेल सामग्री र व्यवस्थित खेल मैदानको प्रबन्ध मिलाउने ।
९. हरित विद्यालयको अवधारणालाई लागु गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्रसं | सूचक | एकाई | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| २ | दिवा खाजा कार्यक्रममा गुणस्तरिय तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने विद्यालयको संख्या | विद्यालय संख्या | ६० | ६० | ६१ | ६१ | ६२ |
| ३ | नर्सिङ्ग सेवा तथा स्वास्थ्य सुविधा कक्ष पुगेका विद्यालयहरुको संख्या | विद्यालय संख्या | १० | १२ | १४ | १६ | २० |
| ४ | स्वच्छ खानेपानी, शौचालय पहुँच भएका विद्यालय प्रतिशत | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० |
| ५ | हरित विद्यालय कार्यढाँचा | विद्यालय | ३२ | ३६ | ४० | ४५ | ५१ |

| क्रसं | सूचक | एकाई | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | योजनालाई प्रभावकारी कार्यान्वयन गरेका विद्यालय संख्या | संख्या | | | | | |
| ६ | विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए प्रबन्ध गरेका विद्यालय संख्या | विद्यालय संख्या | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| ७ | आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरण गरेका विद्यालय संख्या | विद्यालय संख्या | ८२ | ८२ | ८२ | ८२ | ८२ |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार एवम् थप भाँडावर्तनको प्रबन्ध | पटक | ८२ | ० | ० | ० | ० | ८२ |
| २ | दिवा खाजा व्यवस्थापण सम्बन्धी क्षमता विकास | पटक | १ | ० | १ | ० | ० | २ |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा |
| ३ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय, शुद्ध खानेपानीको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | विद्यालय | ४० | ४२ | ० | ० | ० | ८२ |
| ५ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, भिटामिन र आइरन ट्यावलेट कार्यक्रम | पटक | ० | ० | ० | ० | ० | ० |
| ६ | किशोरी महिनावारी स्वच्छता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.५ विद्यालय सुरक्षा , विपद न्यूनिकरण तथा उत्थानशीलता

**परिचयः**

देशमा जुनसुकै आपत्कालिन अवस्थामा पनि बालबालिकाहरुको सिक्न पाउने अधिकारको संरक्षण गर्दै गरिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमहरु लाई नै आपत्कालिन तथा संकटापूर्ण अवस्थामा शिक्षा भनिन्छ । अर्थात द्वन्द, युद्ध, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकार लाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई विद्यालय सुरक्षा विपत न्यूनीकरण तथा उत्थानशीलता शिक्षाको रुपमा लिने गरिन्छ । विभिन्न कारणले बाल संकटको अवस्थामा पनि बालबालिका लगायत शिक्षासंग सरोकार राख्ने सम्बन्धित पक्षहरु व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा गर्नु नै यसको मूल उद्देश्य हो । आपत्कालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको पक्षमा स्वीकार गरिएको छ । यसका प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण महामारी युद्ध, द्वन्द व्यवस्थापन आदी कुराहरु समावेश गरिन्छ ।

विपद जोखिमको दृष्टिले उच्च जोखिममा रहेको समुदायको विपद जोखिम सम्बन्धी बुझाई अभिवृद्धि गर्न, विपद व्यवस्थापन प्रणाली लाई सुदृढ गर्न उपयुक्त सूचना प्रणालीको विकास र प्रयोग गर्दै समुदायमा आधारित विपद जोखिम व्यवस्थापनका कृयाकलापहरु संचालन गर्न विपद जोखिम न्यूनीकरणलाई संस्थागत गर्दै समुदायलाई सुरक्षित बनाउन नगरपालिकाको श्रोतगत तथा विकास योजनामा विपद व्यवस्थापनका विषयलाई मूलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले महाराजगंज नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा उत्थानशीलता व्यवस्थापन मार्गदर्शन जारी गरिएको छ ।

नेपालको संविधान, २०७२ ले बालबालिका माथी हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध गरेको छ । विद्यालय शान्ती क्षेत्र राष्ट्रिय कार्यढाँचा कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालय लाई शसस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्न दलगत राजनीति हस्तक्षेपबाट मुक्त राख्न, भेदभाव, दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख छ । कोभिड -१९ को विश्वब्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न वैकल्पिक माध्ययमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रमहरु हुदै आएका छन् । साथै, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ ले छात्रवृति, दिवाखाजा ,सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरको छ ।

विद्यालय सुरक्षा, विपत न्यूनीकरण र उत्थानशीलता अन्तर्गत मूलत तीन प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ। जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी युद्ध द्वन्द विस्थापन र बसाईसराईका कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई कम गर्न विद्यालय सुरक्षा विपत न्यूनीकरण उत्थानशील योजनाहरु कार्यान्वयन गर्नुपर्ने अवस्था छ । यसका साथै अपतकालिन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षती न्यूनिकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ अपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा ल्याएको छ । जसले जोखिमको अवस्थामा पनि अधिकार समावेशीकरण समता र न्याय र पहुँचलाई अभिवृद्धि गर्न सहयोग पुऱ्याउँदछ।

### ४.५.१ वर्तमान अवस्थाः

महाराजगंज नगरपालिकामा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ यद्यपी विद्यालय भौतिक संरचनाहरू पुराना पनि रहेका छन् । भूकम्प प्रतिरोधक संरचना निर्माण भएपनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन । विद्यालयमा विपद सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति, र

विद्यार्थीहरूको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न सकिएको छैन । महाराजगंज नगरपालिकाका धेरै विद्यालयहरू बाढी आगलागी चटृयाङ जस्ता प्रकोपको जोखिममा छन् । विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । २०७२ सालको भूकम्पबाट पनि थुप्रै विद्यालयहरूमा क्षति पुग्यो । कोभिड १९ का कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । नगरपालिकामा उत्थानशील योजनामा संरक्षण तथा शिक्षा विषयगत क्षेत्रले विपदको समयमा किशोरी गर्भवती महिला सुत्केरी अपाङ्गता भएका व्यक्ति शिशु बालबालिका वृद्धवृद्धाहरुलाई संरक्षण गर्ने, विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्व तयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने वैकल्पिक सिकाइको निरन्तरताको लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरुको व्यवस्थापन, सुरक्षित सिकाइ वातावरण तयार गर्ने, शैक्षिक गतिविधिहरुलाई निरन्तर संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यक लेखाजोखा गरी पुनस्थापन र पुनर्निमाणमा सहयोग गर्ने र विद्यालय मार्फत स्वास्थय संकट एवं सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने उद्देश्य राखेको छ । विद्यालयहरुको आपतकालीन योजनाहरू तयार निर्माण भएका छैनन् जसले गर्दा विपद् व्यवस्थापन, तत्काल उद्धार योजना र विद्यार्थी र कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्ने उपायहरू अवलम्बन हुन सकेका छैनन । विपद् व्यवस्थापनको लागि विद्यालयका शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम दिनु र विद्यार्थीहरूलाई विपद् प्रतिरोधक उपायहरूको बारेमा जनचेतना जगाउनु आवश्यक छ। विद्यालयको उत्थानशीलता भनेको विद्यालयको क्षमता, resilience, र दीघकालीन विकास सुनिश्चित गर्नका लागि अपनाइने उपायहरू भएपनि यसमा शैक्षिक सुधार, समुदायको संलग्नता र संरचनात्मक सुधारहरूको प्रयास भएको छैन ।

महाराजगंज नगरपालिकाले कोभिड जस्तो विपदको समयमा शिक्षाका लागि विभिन्न वैकल्पिक प्रयासहरु गरेको थियो । केही प्रयासहरु तल उल्लेख गरिएको छ ।

१. अनलाइन कक्षाहरूः विद्यालयहरूले अनलाइन प्लेटफर्म मार्फत कक्षाहरू सञ्चालन गरेका छन्। यसमा भिडियो कन्फरेन्सिंग एप्स जस्तै जूम र गुगल मिटको प्रयोग गरिएको छ।
२. टेलिभिजन र रेडियो कार्यक्रमः शिक्षण सामग्रीको पहुँच सुनिश्चित गर्न टेलिभिजन र रेडियोबाट प्रशारण हुने शैक्षिक विशेष कार्यक्रमहरूमा विद्यार्थी सहभागी भएका छन ।
३. सामग्री वितरणः विद्यार्थीहरूलाई आवश्यक अध्ययन सामग्रीको वितरण गरिएको छ, जसमा किताब,कार्यपत्र र अन्य शैक्षिक सामग्री समावेश छन्।

४. सामुदायिक शिक्षण केन्द्रः स्थानीय समुदायमा शिक्षण केन्द्रहरूको स्थापना गरिएको छ, जहाँ शिक्षकहरूले विद्यार्थीहरूलाई व्यक्तिगत रुपमा सहयोग गर्ने प्रयास गरेका छन्।
५. मास्क र स्वास्थ्य शिक्षाः विद्यार्थीहरूको स्वास्थ्य र सुरक्षाको लागि मास्क वितरण गरिएको र स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको आयोजना गरिएको छ।
६. अभिभावकको संलग्नताः अभिभावकलाई पनि शिक्षामा संलग्न गराउने विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको छ, जसले उनीहरूलाई घरमै विद्यार्थीहरूको अध्ययनमा सहयोग पुऱ्याउन मद्दत पुर्याएको छ।

यी प्रयासहरूले शिक्षा प्रणालीलाई निरन्तरता दिन र विद्यार्थीहरूको शिक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

**समस्या तथा चुनौतीहरुः**

महाराजगंज नगरपालिकामा विद्यालय सुरक्षा, विपद न्यूनीकरण र उत्थानशीलताका मुख्य समस्या र चुनौतीहरू निम्नानुसार छन्:

१. भुकम्प प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण र मर्मतमा कमी हुँदा सुरक्षा जोखिम बढ्नु,
२. विद्यालयमा आपतकालीन योजना र सुरक्षा प्रोटोकलको कमीले विपद व्यवस्थापनमा समस्या निम्त्याउनु,
३. शिक्षक र विद्यार्थीहरूलाई विपद न्यूनीकरण र प्रतिक्रिया तालिममा अभावले संकटका समयमा प्रभावकारी प्रतिक्रिया दिन कठिनाइ हुनु,
४. विद्यालय सुरक्षा र विपद न्यूनीकरणका गतिविधिहरूमा स्थानीय समुदायको संलग्नता न्यून रहनु,
५. सुरक्षा उपकरण र विपद न्यूनीकरणका लागि आवश्यक साधनहरूको अभाव,
६. विद्यालयमा शिक्षक र विद्यार्थीहरूमा सुरक्षाप्रति चासोको कमीले विद्यालयको वातावरणमा नकारात्मक प्रभाव पार्नु,
७. बिपतको अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने ।

## ४.५.२ उद्देश्यः

१. औपचारिक तथा अनौपचारिक  शिक्षाको माध्ययमबाट सम्भावित विपतको पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु ।

२. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागी भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु ।

३. विपत व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।

४. अल्पकालीन र दीर्घकालिन पुनर्स्थापना गर्नु ।

१. सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी शिक्षक तथा विद्यार्थीहरुलाई प्रविधि मैत्री बनाई शिक्षाको गुणस्तर अभिमूखि गर्नु ।
२. विद्यार्थीहरुको सिकाईलाई प्रभावकारी, समय सान्दार्भिक र गुणस्तरीय सूचना प्रविधिको प्रयोग साथै विद्यालयमा विस्तार गर्नु ।
३. शिक्षा सेवालाई छिटो, सजिलो तथा सहज र रमाइलो बनाउनु ।
४. शैक्षिक व्यवस्थापन प्रभावकारी, उपलब्धिमूलक र कुशल तथा पारदर्शी बनाउनु ।
५. नगरपालिका क्षेत्र भित्र निशुल्क इन्टरनेट सेवालाई बढावा दिनु ।

### ४.७.३ रणनीतिहरुः

महाराजगंज नगरपालिकाले शैक्षिक सुधारका लागि प्रविधिको क्षेत्रमा निम्न रणनीतिहरु अपनाउने ।

१. सबै विद्यालयहरुमा सूचना प्रविधिको आधारभूत संरचनाको व्यवस्थापन गर्ने । शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा डिजिटल सामग्री (एक शिक्षक एक ल्यापटप शिक्षक र पालिकाको लागत सहयोग अनुदानको) साझेदारीका आधारमा व्यवस्थापन गर्ने ।
२. कक्षाकोठाहरु प्रविधि तथा सूचना मैत्री बनाउने ।
३. अपङ्गता भएका बालबालिकाहरुमा उपयोगि हुने गरी डिजिटल सामग्री वितरण गर्ने ।
४. आई.ई.एम.आई.एस. लाई थप व्यवस्थित गर्ने ।
५. इन्टरनेट प्रदायक संस्थापकहरुसँग समन्वय सूचना तथा संचार प्रविधिको पहुँच सहज बनाउने ।
६. नगरपालिका क्षेत्रभित्र निशुल्क इन्टरनेट उपलब्ध गराउने व्यवस्था मिलाउदै लग्ने ।
७. कक्षा ६ देखि कक्षा १२ सम्म एक कक्षा एक स्मार्टबोर्ड व्यवस्था गर्ने ।
८. प्रत्येक विद्यालयमा एक जना सूचना अधिकारीको व्यवस्था गर्ने ।
९. सूचना प्रविधि आई.सि.टि. तथा प्रविधि क्षमतामूलक तालिमको व्यवस्था गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

शिक्षक तथा विद्यार्थीहरुको लागि सूचना तथा सञ्चार प्रविधिको सहज पहुछ सहित शिक्षण सिकाईमा अधिकतम प्रयोग भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्रसं | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ० | ० | ६२ | ६२ | ६२ | ६२ |
| २ | शिक्षण - सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ० | ० | ५ | ५ | ५ | ५ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ० | ५ | ५ | ५ | ५ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ० | ५ | ५ | ५ | ५ |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | विद्यालय | १ | २ | २ | १ | १ | ७ |
| २ | सबै शिक्षण संस्थाहरुमा विद्युतका | विद्यालय | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | |
| | साथै इन्टरनेट सेवा विस्तार | | | | | | | |
| ३ | शिक्षक तथा कर्मचारूहरुको सञ्चार तथा प्रविधि सम्बन्धी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | लागत साझेदारिमा ल्यापटप वितरण नगरपालिकाको (५०%) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | एक कक्षा कोठा एक स्मार्ट बोर्ड कार्यक्रमको लागि विद्यालयलाई अनुदान | पटक | २ | २ | २ | ३ | ४ | १३ |
| ८ | सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इहाजिरी र- सिसीटिभी क्यामेरा जडान | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद -५ अन्य उपक्षेत्र

## ५.१ हरित विद्यालय

### ५.१.१ परिचय

शैक्षिक संस्था र वरपरको क्षेत्रमा हरियाली विकास मार्फत पृथ्वीको वाहन क्षमता विकास गर्ने, वातावरण प्रर्दुषणबाट जैविक विविधतामा परेको असर न्युनीकरण गर्न पारिस्थितक पद्धतिमा सन्तुलन

कायम गर्ने, स्वच्छ एंव हरित पृथ्वी भावी पुस्तालाई हस्तान्तरण गर्ने, शिक्षाका माध्यामबाट विद्यार्थि एंव आम जनसामुदायमा वातावरण मैत्री व्यवहार विकास गर्न, दिगो विकासका लक्ष्य हासिल गर्नका निम्ति विद्यालय तथा शैशिक संस्थाको परिसर र सेवा क्षेत्रमा व्यापक हरियाली प्रवद्धन गर्न एक विद्यालय एक बगैचा तथा बृहत हरितक्षेत्र निर्माणको कार्यलाई प्रभावकारी रुपले अगाडि बढाउन बाञ्छनिय भएकोले, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा नियमावली २०५९ मा व्यवस्था भए बमोजोम हरित विद्यालयको अवधारणा आवश्यक रहेकोले शिक्षा क्षेत्रमा यो योजना समाबेश गरिएको छ ।

## ५.१.२ वर्तमान अवस्था

यस महाराजगंज नगरपालिका मा केही विद्यालयहरुको फूलबारी लगाएर पनि अवस्था अनुसार कमी रहेको देखिन्छ । विद्यालयहरु लाई प्रोत्साहन गरी फूलबारी निर्माण गराउन बिशेष जोड दिनु पर्नेछ। यसका लागि स्थानीय तह हुदै बजेट विनियोजन गरी फूलबारी निर्माण प्रति सबै विद्यालय लाई जिम्मेवार बनाउनु पर्ने अवस्था रहेको छ।

**चुनौतीहरुः**

हरित विद्यालयको निर्माणमा देखा परेका चुनौतीहरुः

१. केही विद्यालयमा घेराबाट नरहेको,
२. पशुहरुको छाडा प्रकृति,
३. वातावरण प्रति अभिभावक सचेत नहुनु,
४. चोरिको समस्या,
५. सुरक्षा गार्डको व्यवस्था ।

## तालिका नं ५.१.१

### विद्यालय मा हरित बतावरण को अवस्था :

| क्र स | विद्यालय को नाम | खाली जमिन (फिटमा ) | बगौचा | पानि को स्रोत | फोहोर व्यस्थापन | | बर्सेनि ब्रिक्षारोपन | घेर बार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खाल्डो | रिंग | | | |
| १ | श्री जानकी मा.वि (१-१२) महाराजगंज | छ | छैन | छ | छ | | छैन | छ | |
| २ | श्री भद्र मा.वि. (१-१२) पडरिया | छ | छैन | छ | छ | | छैन | छ | |
| ३ | श्री शिवभारी मा.वि (१-१२) शिवभारी | छ | छैन | छ | छ | | छैन | छ | |
| ४ | श्री माध्यमिक विद्यालय बुटहनिया (१-१०) सानो बुटहनिया | छ | छैन | छ | छ | | छैन | छ | |
| ५ | श्री शिव प्रताप सरस्वती मा.वि (१-१०) भलवारी | छ | छैन | छ | छ | | छैन | छ | |
| ६ | श्री झिन्ना मा.वि (१-१०) बनगाई | छ | छैन | छ | छ | | छैन | छ | |
| ७ | श्री जनता मा.वि (१-१०) हरदौना | छ | छैन | छ | छ | | छैन | छ | |
| ८ | श्री देव प्रताप मा.वि मा.वि (१-१०) मधवानगर | छ | छैन | छ | छ | | छैन | छ | |
| ९ | श्री दुर्गा भवानी कन्या मा.वि (१-११) बगहिया | छ | छैन | छ | छ | | छैन | छ | |
| १० | श्री राष्ट्रिय मा.वि, कजरहवा, (१-१०) कजरहवा | छ | छैन | छ | छ | | छैन | छ | |
| ११ | श्री नेपाल राष्ट्रिय आ.वि, गैडहवा (१-८) | छ | छैन | छ | छ | | छैन | छ | |
| १२ | श्री रत्नराज्य लक्ष्मी आ.वि, कुशहवा (१-८) | छ | छैन | छ | छ | | छैन | छ | |
| १३ | श्री लक्ष्मणदास आ.वि, बलरमवापुर (१-८) | छ | छैन | छ | छ | | छैन | छ | |
| १४ | श्री पियुषराज आ.वि बरगदी (१-८) | छ | छैन | छ | छ | | छैन | छ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | श्री चुडा कुमारी सामुदायिक आ.वि, सिंगरहा (१-८) | छ | छैन | छ | छ | | छैन | छ | |
| १६ | श्री राधेश्याम आ.वि, जमुनी (१-८) | छ | छैन | छ | छ | | छैन | छ | |
| १७ | श्री राम जानकी आ.वि, लंगडा (१-८) | छ | छैन | छ | छ | | छैन | छ | |
| १८ | श्री भागीरथी आ.वि (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| १९ | श्री शिवपुर पल्टा आ.वि, (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| २० | श्री नागेश्वर आ.वि, (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| २१ | श्री दशरथ चन्द्र आ.वि, (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| २२ | श्री आधारभूत विद्यालय, सेमरहना (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| २३ | श्री प्राथमिक विद्यालय बरईपुर (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| २४ | श्री शोभा सामुदायिक आ.वि, (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| २५ | श्री सरस्वती सामुदायिक आ.वि, चमरसठ (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| २६ | श्री राम लखन आ.वि, बन्जरिया (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| २७ | श्री त्रिभुवन आ.वि, अलगी (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| २८ | श्री सरस्वती सामुदायिक आ.वि, पचेहरी (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| २९ | श्री सारजु आ.वि, करहवा (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| ३० | श्री लक्ष्मी सामुदायिक आ.वि, तेनुई (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| ३१ | श्री नेपाल राष्ट्रिय आ.वि, औरहवा (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| ३२ | श्री अमिताभ आ.वि, महुवा(१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| ३३ | श्री राम जानकी सामुदायिक आ.वि, जीतपुर (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| ३४ | मदरसा फजलेरहमानियाँ आ.वि, पिपरी (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | श्री बालकल्याण सामुदायिक आ.वि, सेमरी (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| ३६ | श्री गोपाल सामुदायिक आ.वि, गनवरिया (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| ३७ | श्री झिनकन आ.वि, सोनवर्षा (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| ३८ | श्री गौतम बुद्ध आ.वि, खडैंचा (१-४) | छ | छैन | छ | छ | | छैन | छ | |
| ३९ | श्री केवला आ.वि, रमवापुर (१-४) | छ | छैन | छ | छ | | छैन | छ | |
| ४० | श्री गौतम बुद्ध आ.वि, विजयनगर, (१-५) | छ | छैन | छ | छ | | छैन | छ | |
| ४१ | श्री रामदुलारी आ.वि, इट्रोल (१-४) | छ | छैन | छ | छ | | छैन | छ | |
| ४२ | श्री रामलखन आ.वि, सुरहानिया (१-४) | छ | छैन | छ | छ | | छैन | छ | |
| ४३ | श्री दुर्गा भवानी आ.वि, उदयपुर (१-४) | छ | छैन | छ | छ | | छैन | छ | |
| ४४ | श्री भगवान अमिता नन्द आ.वि. सोनवर्षा (१-४) | छ | छैन | छ | छ | | छैन | छ | |
| ४५ | श्री जनचेतना सामुदायिक आ.वि, कठौतिया (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ४६ | श्री सामुदायिक आ.वि, सिसवा, सेमरी (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ४७ | श्री सिद्धार्थ आ.वि, करैलिया (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ४८ | श्री दुर्गा आधारभूत विद्यालय ठूलो बुटहनिया (१) | छ | छैन | छ | छ | | छैन | छ | |
| ४९ | श्री महबुब मेमोरियल इस्लामिक आ.वि, पडहरिया (१-४) | छ | छैन | छ | छ | | छैन | छ | |
| ५० | मदरसा इस्लाहुल मुस्लिमीन अलसलफीया प्रा.वि, महाराजगंज (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ५१ | मदरसा अरविया अहले सुन्नत बहरुल वलूम आ.वि. महाराजगंज (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ५२ | श्री राम जानकी संस्कृत विद्यालय (१-२) | छ | छैन | छ | छ | | छैन | छ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५३ | मदरसा अरविया अहले सुन्नत नुरुल उलूम सुरहनिया (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ५४ | मदरसा अरविया अहले सुन्नत फारुकीया ईटरोल (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ५५ | मदरसा मकदुमिया असरफुल उलूम प्रा.वि, गैंडहवा (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ५६ | मदरसा गरीब नवाज आ.वि. पडरिया (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ५७ | मदरसा नूरुल इस्लाम प्रा.वि, बरगदी (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ५८ | मदरसा गौसिया फैजुल रसूल अहले सून्नत आ.वि. कजरहवा (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ५९ | मदरसा दारुल कुरान परसपुरडीह (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ६० | मदरसा सराउल वलूम आ.वि. शिवभारी (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ६१ | मदरसा मिफ्ताहुल उलूम आ.वि. औरहवा (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ६२ | मदरसा जियाउल उलूम आ.वि. जीतपुर (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ६३ | मदरसा सुबलुस्सलाम प्रा.वि, तेनुवा (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ६४ | मदरसा गौसिया नसरुल उलूम हरदौना (१-२) | छ | छैन | छ | छ | | छैन | छ | |
| ६५ | मदरसा फिरदोस कन्या आ.वि. सेमरी (१-२) | छ | छैन | छ | छ | | छैन | छ | |
| ६६ | मदरसा अरविया अहले सुन्नत मिसबाहुल उलूम आ.वि. विजयनगर (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ६७ | मदरसा अहले सुन्नत बहरुल उलूम तेनुहवा (१-२) | छ | छैन | छ | छ | | छैन | छ | |
| ६८ | मदरसा नूरुल उलूम आ.वि. सतभरा (१-२) | छ | छैन | छ | छ | | छैन | छ | |
| ६९ | मदरसा सिद्दिकीया अहले सुन्नत फेजुल कुरान जमुनी (१- | छ | छैन | छ | छ | | छैन | छ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ३) | | | | | | | | |
| ७० | मदरसा गौसिया अहले सुन्नत फैजुल रसूल पडरिया (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ७१ | मदरसा अहले सुन्नत फैजाने भलवारी (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ७२ | मदरसा जियाउल उलूम आ.वि. चोहट्टी (१-३) | छ | छैन | छ | छ | | छैन | छ | |
| ७३ | मदरसा जियाउल उलूम आ.वि. ठूलो बुटहनिया (१-२) | छ | छैन | छ | छ | | छैन | छ | |
| ७४ | मदरसा दारुल वलूम अल्सल्फीया आ.वि. अल्गा (१) | छ | छैन | छ | छ | | छैन | छ | |
| ७५ | मदरसा गरीब नवाज आ.वि. राजपुर (१-२) | छ | छैन | छ | छ | | छैन | छ | |
| ७६ | फैजाने मुस्तफा मदरसा, गैडहवा | छ | छैन | छ | छ | | छैन | छ | |
| ७७ | श्री शहदेव आवसीय संस्कृत आ.वि. सतभरा | छ | छैन | छ | छ | | छैन | छ | |
| ७८ | मदरसा गौसिया फैजुरे रसुल आ.वि. बरगदा (१-८) | छ | छैन | छ | छ | | छैन | छ | |
| ७९ | मदरसा दारुलस्सलाम आ.वि. मुजहनी (१-७) | छ | छैन | छ | छ | | छैन | छ | |
| ८० | मोहम्मद सलीम स्लामिक एकेडमी आ.वि. सलिमनगर (१-६) | छ | छैन | छ | छ | | छैन | छ | |
| ८१ | मदरसा मिफताहुल उलुम अस्लफिया आ.वि. समरी (१-६) | छ | छैन | छ | छ | | छैन | छ | |
| ८२ | मदरसा अहले सुन्नत नुरुल उलुम सेमरी (१-६) | छ | छैन | छ | छ | | छैन | छ | |

### ५.१.३ उद्देश्यहरुः

१. विद्यालयको वातावरण सफा शान्त सुरक्षित र हरियाली युक्त बनाउनु ।

२. विद्यालयलाई आकर्षक र मनोरम स्थलको रुपमा विकास गर्नु ।

३. विद्यालयलाई एक जीवीत प्रयोगशालाको रुपमा विकास गर्नु ।

४. विद्यालय सेवा क्षेत्र भित्रका रहेका खाली सार्वजनिक जग्गामा बृक्षारोपण गरी हरित क्षेत्रको निर्माणमा सहयोग गर्नु ।

### ५.१.४ रणनीतिहरु

१. नगरपालिकाले आवश्यक स्रोत विनियोजन गरी हरित कार्यक्रम कार्यान्वयनको रेख देख, व्यवस्थापन, समन्वयन, सहजिकरण, निरीक्षण तथा अनुगमन गर्ने ।

२. विद्यालयमा सम्पर्क शिक्षक तोक्ने, आवश्यक स्रोत र साधन संकलन र प्रयोग गर्ने, विद्यालयको बगैचामा शिक्षक र विद्यार्थिहरुलाई परिचालन गराउने, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग समन्वय र सहकार्य गर्ने ।

३. बृहत हरित क्षेत्र निर्माणका लागि बृक्षारोपण संरक्षण तारबन्धन लगाएतका कार्यहरु गर्ने ।

४. प्रत्येक विद्यालयमा ईको कलब गठन गराई कार्यकारी समितिलाई अभिमुखिकरण गरेर हरित विद्यालय निर्माणमा परिचालन गर्ने ।

५. विद्यलय बगैचालाई शिक्षण सिकाइ तथा मनोरन्जन सँग जोड्न लगाउने

६. आफ्नो विद्यालयको विद्यार्थि, अभिभावक र समुदायमा वातावरण संरक्षण बारे सचेत गराउने

७. प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन गर्ने विद्यालयहरुलाई पशुपालन विषय सञ्चालन गरी बगैचा निर्माणमा सहयोग गर्ने ।

### ५.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयको वातावरण सफा शान्त सुरक्षित र हरियाली युक्त भएको हुनेछ

२. विद्यालयलाई आकर्षक र मनोरम स्थलको रुपमा विकास भएको हुनेछ

३. विद्यालयलाई एक जीवीत प्रयोगशालाको रुपमा विकास भएको हुनेछ

४. विद्यालय सेवा क्षेत्र भित्रका रहेका खाली सार्वजनिक जग्गामा बृक्षारोपण गरी हरित क्षेत्रको निर्माणमा सहयोग भएको हुनेछ ।

५. विद्यार्थीहरुलाई स्वस्थ्यकर जीवनयापन गर्न र वातावरण सम्रक्षणमा सचेतना वृद्धि गरि वातावरणीय सन्तुलन कायम हुनेछ ।

### ५.१.६ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बगैचा भएको विद्यालयको सङ्ख्या | सङख्या | १० | १२ | १५ | १८ | १७ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा करेसाबारी को प्रयोग गरेको विद्यालय संख्या | सङख्या | १० | १२ | १५ | १८ | १७ |
| ३ | बर्षेनी व्रिक्षारोपन गर्ने विद्यालय सङ्ख्या | सङख्या | १० | १२ | १५ | १८ | १७ |
| ४ | कुहिने र नकुहिने फोहोर ब्यवस्थाप गर्ने विद्यालय सङ्ख्या | सङख्या | १० | १२ | १५ | १८ | १७ |

### ५.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १ | विद्यालयमा बगैचा संरचना विस्तार गरी फुलबारी लगाउने व्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| २ | विद्यालयमा घेराबारको व्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | २ | १० | |
| ३ | जग्गा भएका विद्यालयमा करेसाबारी को व्यवस्थापन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| ४ | कुहिने नकुहिने फोहोर व्यवस्थापन गर्न रिंग को उपलब्धता | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ५ | प्लास्टिक को बोतल हरु को पुनः प्रयोग गर्न hanging garden को लागि चाहिने सामग्रीको सहयोग | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ६ | पनि उचित व्यवस्थापन गर्न सोक पिट )soak pit ) व्यवस्थापन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | |
| ७ | विद्यालयहरुमा वृक्षरोपणका निम्ति विरुवा सहयोग | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | |
| ८ | हरित विद्यालय सम्बन्धी बालबालिकाहरुलाइ अभिमुखिकरण | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | |

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

नेपालको संविधान बमोजिम हाल तीनवटै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङ्गठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरीएको छ । बदलिँदो परिवेशअनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरीएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको सङ्ख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा

भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परिवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरीएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतीहरू पहिचान गरीएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरीएको छ ।

### ६.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण संघिय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक र शिक्षक सेवा आयोग क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेषगरी संघीय शिक्षा ऐन, जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९ वटा शैक्षिक तालिम केन्द्रहरू मध्ये सातवटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् भने अन्य तालिम केन्द्रहरू विस्तारित शाखाको रुपमा क्रियाशिल छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय इकाईमा रुपान्तरण

भएका छन् । संघीय स्वरूप अनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखियो तर इकाईको कामलाई प्रभावकारी बनाउन सकिएको छैन । एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाई क्रियाशील र प्रभावकारी नभएको अवस्था छ । त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुनः परिभाषित गर्नुपर्ने देखियो । जिल्ला समन्वय इकाई र प्रदेश निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा खेर जाने अवस्था छ । साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ । कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संङघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुङ्गो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुङ्गो लाग्न बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले केहि मात्रामा प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

संघिय शिक्षा ऐन, नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ वटा कार्य के कसरी गर्ने विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा बढुवा, कार्यसम्पादन मूल्याङ्कन, शिक्षक तालिम, दरबन्दी सिर्जना,

सरुवा आदि जस्ता कुराहरू अन्यौल नै छन् । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरीएको छ ।

तालिका नं ६.१.१

विद्यालय सुशासन तथा व्यवस्थापन को अवस्था

| क्र स | विद्यालय को नाम | विद्यालय सुधार योजना | | सामाजिक परिक्षण | बि व्य स | | शि अ संघ | | अभिभावक भेला वर्ष मा कति पटक | बालक्ब गठन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बनाएको | अध्यावधिक | | गठन | नियमित | गठन | नियमित | | |
| १ | श्री जानकी मा.वि (१-१२) महाराजगंज | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| २ | श्री भद्र मा.वि. (१-१२) पडरिया | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३ | श्री शिवभारी मा.वि (१-१२) शिवभारी | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ४ | श्री माध्यमिक विद्यालय बुटहनिया (१-१०) सानो बुटहनिया | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ५ | श्री शिव प्रताप सरस्वती मा.वि (१-१०) भलवारी | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ६ | श्री झिन्ना मा.वि (१-१०) बनगाई | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ७ | श्री जनता मा.वि (१-१०) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | हरदौना | | | | | | | | | |
| ८ | श्री देव प्रताप मा.वि मा.वि (१-१०) मधवानगर | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ९ | श्री दुर्गा भवानी कन्या मा.वि (१-११) बगहिया | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| १० | श्री राष्ट्रिय मा.वि, कजरहवा, (१-१०) कजरहवा | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ११ | श्री नेपाल राष्ट्रिय आ.वि, गैडहवा (१-८) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| १२ | श्री रत्नराज्य लक्ष्मी आ.वि, कुशहवा (१-८) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| १३ | श्री लक्ष्मणदास आ.वि, बलरमवापुर (१-८) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| १४ | श्री पियुषराज आ.वि बरगदी (१-८) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| १५ | श्री चुडा कुमारी सामुदायिक आ.वि, सिंगरहा (१-८) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| १६ | श्री राधेश्याम आ.वि, जमुनी (१-८) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| १७ | श्री राम जानकी आ.वि, लंगडा | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | (१-८) | | | | | | | | | |
| १८ | श्री भागीरथी आ.वि (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| १९ | श्री शिवपुर पल्टा आ.वि, (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| २० | श्री नागेश्वर आ.वि,(१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| २१ | श्री दशरथ चन्द्र आ.वि,(१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| २२ | श्री आधारभूत विद्यालय, सेमरहना (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| २३ | श्री प्राथमिक विद्यालय बरईपुर (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| २४ | श्री शोभा सामुदायिक आ.वि,(१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| २५ | श्री सरस्वती सामुदायिक आ.वि, चमरसठ (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| २६ | श्री राम लखन आ.वि, बन्जरिया (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| २७ | श्री त्रिभुवन आ.वि, अलगी (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| २८ | श्री सरस्वती सामुदायिक आ.वि, पचेहरी (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | श्री सारजु आ.वि, करहवा (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३० | श्री लक्ष्मी सामुदायिक आ.वि, तेनुई (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३१ | श्री नेपाल राष्ट्रिय आ.वि, औरहवा (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३२ | श्री अमिताभ आ.वि, महुवा(१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३३ | श्री राम जानकी सामुदायिक आ.वि, जीतपुर (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३४ | मदरसा फजलेरहमानियाँ आ.वि, पिपरी (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३५ | श्री बालकल्याण सामुदायिक आ.वि, सेमरी (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३६ | श्री गोपाल सामुदायिक आ.वि, गनवरिया (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३७ | श्री झिनकन आ.वि, सोनवर्षा (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३८ | श्री गौतम बुद्ध आ.वि, खडैंचा (१-४) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ३९ | श्री केवला आ.वि, रमवापुर (१- | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ४) | | | | | | | | | |
| ४० | श्री गौतम बुद्ध आ.वि, विजयनगर, (१-५) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ४१ | श्री रामदुलारी आ.वि, इट्रोल (१-४) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ४२ | श्री रामलखन आ.वि, सुरहानिया (१-४) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ४३ | श्री दुर्गा भवानी आ.वि, उदयपुर (१-४) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ४४ | श्री भगवान अमिता नन्द आ.वि. सोनवर्षा (१-४) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ४५ | श्री जनचेतना सामुदायिक आ.वि, कठौतिया (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ४६ | श्री सामुदायिक आ.वि, सिसवा, सेमरी (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ४७ | श्री सिद्धार्थ आ.वि, करैलिया (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ४८ | श्री दुर्गा आधारभूत विद्यालय ठूलो बुटहनिया (१) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ४९ | श्री महबुब मेमोरियल इस्लामिक | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.वि, पडहरिया (१-४) | | | | | | | | | |
| ५० | मदरसा इस्लाहुल मुस्लिमीन अलसलफीया प्रा.वि, महाराजगंज (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ५१ | मदरसा अरविया अहले सुन्नत बहरुल वलूम आ.वि. महाराजगंज (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ५२ | श्री राम जानकी संस्कृत विद्यालय (१-२) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ५३ | मदरसा अरविया अहले सुन्नत नुरुल उलूम सुरहनिया (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ५४ | मदरसा अरविया अहले सुन्नत फारुकीया ईटरोल (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ५५ | मदरसा मकदुमिया असरफुल उलूम प्रा.वि, गैंडहवा (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ५६ | मदरसा गरीब नवाज आ.वि. पडरिया (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ५७ | मदरसा नूरुल इस्लाम प्रा.वि, बरगदी (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ५८ | मदरसा गौसिया फैजुल रसूल | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अहले सून्नत आ.वि. कजरहवा (१-३) | | | | | | | | | |
| ५९ | मदरसा दारुल कुरान परसपुरडीह (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ६० | मदरसा सराउल वलूम आ.वि. शिवभारी (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ६१ | मदरसा मिफ्ताहुल उलूम आ.वि. औरहवा (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ६२ | मदरसा जियाउल उलूम आ.वि. जीतपुर (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ६३ | मदरसा सुबलुस्सलाम प्रा.वि, तेनुवा (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ६४ | मदरसा गौसिया नसरुल उलूम हरदौना (१-२) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ६५ | मदरसा फिरदोस कन्या आ.वि. सेमरी (१-२) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ६६ | मदरसा अरविया अहले सुन्नत मिसबाहुल उलूम आ.वि. विजयनगर (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ६७ | मदरसा अहले सुन्नत बहरुल | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उलूम तेनुहवा (१-२) | | | | | | | | | |
| ६८ | मदरसा नूरुल उलूम आ.वि. सतभरा (१-२) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ६९ | मदरसा सिद्दिकीया अहले सुन्नत फेजुल कुरान जमुनी (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ७० | मदरसा गौसिया अहले सुन्नत फैजुल रसूल पडरिया (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ७१ | मदरसा अहले सुन्नत फैजाने भलवारी (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ७२ | मदरसा जियाउल उलूम आ.वि. चोहट्टी (१-३) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ७३ | मदरसा जियाउल उलूम आ.वि. ठूलो बुटहनिया (१-२) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ७४ | मदरसा दारुल वलूम अल्सल्फीया आ.वि. अल्गा (१) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ७५ | मदरसा गरीब नवाज आ.वि. राजपुर (१-२) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ७६ | फैजाने मुस्तफा मदरसा, गैडहवा | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ७७ | श्री शहदेव आवसीय संस्कृत आ.वि. सतभरा | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७८ | मदरसा गौसिया फैजुरे रसुल आ.वि. बरगदा (१-८) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ७९ | मदरसा दारुलस्सलाम आ.वि. मुजहनी (१-७) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ८० | मोहम्मद सलीम स्लामिक एकेडमी आ.वि. सलिमनगर (१-६) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ८१ | मदरसा मिफताहुल उलुम अस्लफिया आ.वि. समरी (१-६) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |
| ८२ | मदरसा अहले सुन्नत नुरुल उलुम सेमरी (१-६) | छ | छैन | छ | छ | छ | छ | छ | ४ | छ |

### ६.१.३ उद्देश्य

नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय, सहअस्तित्व र सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु,

१. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धीका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघियमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु ।
२. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु ।
३. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक तथा अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु ।

### ६.१.४ रणनीतिहरू

१. स्थानीय तह, प्रदेश र संघिय सरकारबीच समन्वय र सहकार्य गर्ने,
२. संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गर्ने,
३. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू बमोजिम कार्यक्रमहरू कार्यान्वयन गर्ने,
४. प्रदेश र स्थानीय सरकारको उत्तरदायीत्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गर्ने,
५. संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गर्ने,
६. पालिकाभित्रका सम्पूर्ण शैक्षिक गतिविधिको रेखदेख, सञ्चालन व्यवस्थापन गर्न गठन भएको गाउँ शिक्षा समितिलाई थप क्रियाशील गराउने,
७. शिक्षक दरबन्दी नपुग भएको विद्यालयमा आवश्यक दरबन्दी व्यवस्थापन गर्ने,
८. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गर्ने,
९. प्रधानाध्यापक तथा स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारीहरू र संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

### ६.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।

२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धीका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था भएको हुनेछ

३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि भएको हुनेछ

४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक तथा अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि भएको हुनेछ

५. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुनेछ ।

### ६.१.६ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १० | १० | १० | १० | १० | १० |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी | १० | १० | १० | १० | १० | १० |

| क्रसं | सूचक | आधार वर्ष (०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | | | | | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० |

### ६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| १ | माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम | पटक | ० | १ | ० | १ | ० | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | पटक | १ | ० | १ | ० | ० | २ | |
| ३ | नगरपालिकाको मेयर, शिक्षा शाखा प्रमुख एवम् वि व्य स बिच शिक्षा क्षेत्र सुधार बारे अन्तरक्रिया कार्यक्रम | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |
| ४ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त | विद्यालय | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

सामान्यत योजना भनेको कुनै निश्चित समयभित्र कार्यसम्पन्न गर्नको लागि एक अनुमानित खाका हो । कुनै कार्यसम्पादन गर्नु अगाडिको महत्त्वपूर्ण मार्गचित्र योजनाले समेटेको हुन्छ । कुन कुन कार्यहरू के कसरी गर्न ? कहिले गर्ने ? कहाँ कहाँ गर्ने ? कति गर्ने ? कसले गर्ने ? बजेटको व्यवस्थापन पक्ष के हो ? इत्यादि विषय वस्तुहरूको समग्र प्रस्ताव योजनामा समावेश भएको हुन्छ । पूर्व योजनाले भविष्यमा गरिने कामहरूलाई सहजीकरण गर्दछ । कार्य आरम्भ गर्नु अगाडि नै विभिन्न जन अपेक्षाहरू, स्रोत साधन अवस्था, मौजुदा ऐन नियमले गरेको कानुनी व्यवस्था आदि आधारमा योजना निर्माण गरीन्छ ।

योजना निर्माण एउटा आधारभूत कुरा भए पनि यसको कार्यान्वयन पक्ष महत्वपूर्ण रहन्छ । योजनाले तोकेका उद्देश्य तथा लक्ष्यहरू कार्यान्वयनबाट प्राप्त गर्न सकेमा मात्र योजनाको अर्थ रहन्छ । कार्यान्वयन पक्ष बलियो र सशक्त भएमा प्रतिफल सोचेअनुसार हासिल हुन सक्छ । सबैभन्दा जटिल र चुनौतीपूर्ण अवस्था भनेकै योजना कार्यान्वयन हो । योजनामा समावेश गरिएका क्षेत्र तथा विषयवस्तुहरू तोकिएको समयमा सम्पन्न गर्न सकेमा थप योजना पुनः प्रारम्भ गर्ने बाटो खुल्छ ।

योजना कार्यान्वयनका लागि उपयुक्त प्रबन्ध गर्नु पर्ने हुन्छ । सम्बन्धीत सङ्गठनहरू परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम तथा जिम्मेवारी र उत्तरदायीत्व आदिको व्यवस्थापन गरेमा योजना सफल हुन सक्छ । योजना कार्यान्यवनका लागि सङ्घ, प्रदेश र स्थानीय तहको साथसाथै विद्यालय तथा अभिभावकको समेत महत्वपूर्ण भूमिका रहन्छ । योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकोले यसको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ । योजना कार्यान्वयन गर्दा दिगोपन, प्रभावकारिता र कार्यकुशलतामा ध्यान दिनु पर्छ ।

माथि उल्लिखित योजनाहरू महाराजगंज नगरपालिकाले के कसरी कार्यान्वयन गर्ने ? रणनीति तथा क्रियाकलापहरू के के गर्ने ? भन्ने बारेमा प्रष्ट पार्न खोजिएको छ ।

## ६.२.२ वर्तमान अवस्था

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरू संङघ, प्रदेश र स्थानीय तहबाट लागूहुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरीएको छ ।

स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरूको कार्य स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ । स्थानीय सरकार ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ वटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरीएको छ । स्थानीय जनप्रतिनिधिहरूको माग र उनीहरूको संलग्नतामा योजनाहरू कार्यान्वयन हुन्छन् । मुख्यतयाः विद्यालय व्यवस्थापन समितिले विद्यालयका योजनाहरू कार्यान्वयन गर्नुपर्दछ । योजना कार्यान्वयनमा विभिन्न खालका चुनौती तथा समस्याहरू कायमै रहेका छन् । कुशल व्यवस्थापनका लागि संङगठन संरचना तथा जनशक्ति अभावले प्रभावकारी कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ । हालको व्यवस्थापन पक्षमा देखिएका चुनौती तथा समस्याहरू निम्न अनुसार छन् ।

१. पुरानो प्रणालीबाट नयाँ प्रणालीमा प्रवेश गर्दा छुट्टै पद्धतिको विकास नहुनु,
२. स्थानीय तहले कार्यान्वयन गर्ने क्षेत्रहरू स्पष्ट नहुनु,
३. शिक्षा सम्बन्धी सबै विषय क्षेत्र एउटा शाखाले हेर्नुपर्ने तथा सुपरीवेणण, अनुगमन तथा मूल्याङ्कन समेत गर्नुपर्ने,
४. जनशक्तिको अभाव हुनु ।

**योजना कार्यान्वयन प्रबन्ध**

शिक्षा क्षेत्रको योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रबन्ध गर्ने :-

**स्थानीय तह**

१. संघ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदान र अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत राखी वार्षिक बजेट तय गर्ने,
२. शिक्षा शाखाको क्षमता विकास गरी योजना कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गरिने छ,
३. योजना कार्यान्वयनका लागि आवश्यक ऐन, नियम र नीति र निर्देशनको व्यवस्था गर्ने,
४. शिक्षण सिकाइमा सहयोग पुऱ्याउन स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास गरिने छ,
५. योजना निर्माण तथा कार्यान्वयनमा विद्यालयमा अध्यापनरत विज्ञ शिक्षकको सहायता लिइनेछ ।

**विद्यालय**

१. विद्यालय सुधार योजना निर्माण गर्ने,
२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट र आफ्नै आम्दानी समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने,
३. योजना कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने,
४. योजना कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी लागू गर्ने,
५. स्थानीय अभिभावक तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया तथा सहकार्य गर्ने,
६. कार्यान्वयन गरिएका योजनाको सामाजिक परीक्षण गर्ने ।

## ६.२.३ उद्देश्यहरू

१. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु ।
२. आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास गर्नु ।
३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन का नतिजाहरू को विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्नु ।
४. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदानप्रदान का लागि स्थानीय स्तर मा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्नु ।
५. विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रम सञ्चालन गर्नु ।
६. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु ।
७. नतिजा मा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु ।

८. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथाचुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

९. योजनाको लगानी देखि प्रभाव तह सम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

## ६.२.४ रणनीतिहरू

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिकाहरुको विकास गर्ने ।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने ।

७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।

९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ६.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।

२. प्रभावकारी अनुगमन को माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समय मै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कन मा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने छ ।

३. कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमी कमजोरीमा सुधार र पुर्न योजना गर्न मद्दत हुने छ ।

### ६.२.६ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | सूचकको तह | आधार वर्ष ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ |
|---|---|---|---|---|---|---|---|---|
| १ | नतिजा मा आधारित अनुगमन प्रणाली स्थापित हुने विद्यालय संख्या | विद्यालय | ० | १० | १० | १० | १० | १० |
| २ | अनुगमन का आधारमा नतिजा सुधार हुने विद्यालय संख्या | विद्यालय | ० | १० | १० | १० | १० | १० |
| ३ | विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | पटक | ० | १ | १ | १ | १ | १ |
| ४ | सिकाईहरुको दस्तावेज तयार हुने विद्यालय संख्या | विद्यालय | ० | १० | १० | १० | १० | १० |

### ६.२.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | लक्ष्य ५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् | विद्यालय | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अद्यावधिक | | | | | | | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | विद्यालय | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| ४ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | ० | १ | १ | १ | १ | ४ |
| ५ | अनुगमन प्रणाली का लागि सूचक तयारी र अध्यावधिक | पटक | ० | १ | १ | १ | १ | ४ |
| ६ | विद्यालय अनुगमन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० |
| ७ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

कुनै पनि देश विकसित बन्नका लागि त्यो देशको शैक्षिक अवस्था राम्रो हुनुपर्दछ । शैक्षिक क्षेत्रमा स्तरीय लगानी गरेका देशहरू विकासको दृष्टिकोणले विकसित देशको सुचीमा रहेका छन् । राज्यले नीति नियम निर्माण गर्दा शिक्षा क्षेत्रलाई मुख्य मेरुदण्डको रूपमा राख्दा देश विकासको गति तिव्र हुन जान्छ । आजका बालबालिकाहरू भोलिका देश निर्माताहरू हुन् । उनीहरूलाई राम्रो शिक्षा दिन सकेमा राष्ट्रलाई चाहिने दक्ष जनशक्ति उत्पादन हुन सक्छ । बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न समतामूलक स्रोत वितरण हुन आवश्यक छ ।

नेपाल सरकारले पनि शिक्षा क्षेत्रलाई महत्वपूर्ण आधारको रूपमा लिएको पाइन्छ । नेपालको संविधानले आधारभूत शिक्षा निःशुल्क र अनिवार्य एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । संविधानमा व्यवस्था गरीएको मौलिक हक शिक्षा ऐन नियममा समेत उल्लेख गरीएको छ । सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व हो । संविधानले व्यवस्था गरे अनुसार माध्यमिक तहको शिक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको हो । शिक्षा साझा विषय भएकोले वित्तीय व्यवस्थापनमा संङ्घ र प्रदेशले समेत जिम्मेवारी वहन गर्ने व्यवस्था रहेको छ । स्थानीय तह र निजी क्षेत्रको समेत साझेदारी रहनु आवश्यक छ । वित्तीय व्यवस्थापनमा ससर्त

अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र ऋणको व्यवस्था समेत गर्न सकिन्छ ।

यस नगरपालिकाले पनि माथि उल्लेख भए अनुसारका बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रमा व्यवस्थापन गर्ने गरेको पाइन्छ । शिक्षामा आवश्यक पर्ने केन्द्रिय, प्रादेशिक र स्थानीय बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रका उपलब्धीहरू हासिल गर्न प्रयास गरेको पाइन्छ । शिक्षकहरूको तलब भत्ताको व्यवस्था सङ्घीय सरकारले व्यहोर्ने व्यवस्था छ । निजी क्षेत्रले समेत शैक्षिक क्षेत्रमा विद्यालयहरू स्थापना गरी शिक्षा क्षेत्रमा योगदान दिएको पाइन्छ ।

## ७.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रमा पर्याप्त बजेटसहित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ भन्ने कुरामा सबैको एकमत रहेको छ । राज्यले शिक्षा क्षेत्रमा झण्डै ४% को हाराहारीमा बजेट व्यवस्थापन गरेको पाइन्छ । विगत २०७३-२०७४ पछाडि कुल बजेटको ९-११ प्रतिशतको हाराहारीमा सङ्घीय बजेटमा शिक्षा क्षेत्रलाई व्यवस्था गरेको पाइन्छ । वैदेशिक सहायता मुख्य आधारमा रहेको छ । नेपालको सन्दर्भमा नेपाल सरकारले प्रति विद्यार्थी औषतमा रू १३४०६ लगानी गरेको पाइन्छ ।

महाराजगंज नगरपालिकाले संघ, प्रदेश र स्थानीय तहलाई परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गरेको पाइन्छ । वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र स्थानीय तहले आवश्यकता अनुसार थप गरी वित्तीय व्यवस्थापन गर्ने गरेको छ । दरबन्दी अपुग भएका विद्यालयमा नगर स्वयंसेवक शिक्षक थप गर्ने, लागत साझेदारीमा भौतिक पूर्वाधार निर्माण गर्ने, शिक्षकहरूलाई तालिम र प्रोत्साहन, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको छ ।

संघीय, प्रादेशिक र स्थानीय गरी तीनै तहले शिक्षा क्षेत्रमा गरेको प्रयासको बाबजुद विभिन्न समस्या र चुनौतीहरू कायमै रहेको पाइन्छ । पर्याप्त शिक्षक दरबन्दी नहुनु, स्थानीय तहले शिक्षा क्षेत्रमा आवश्यकता अनुसारका बजेट व्यवस्थापन गर्न कठिनाइ पर्नु, शैक्षिक सामग्री र शिक्षण सिकाइ क्रियाकलापमा लगानीको स्रोत नहुनु इत्यादि चुनौतीहरू स्थानीय तहमा कायमै छन् ।

## ७.३ उद्देश्य

**योजनाको वित्तीय व्यवस्थापनका मुख्य उद्देश्यहरू निम्न अनुसार रहेका छन् :**

१. विद्यालयलाई आवश्यक पर्ने वित्तीय स्रोतको प्रक्षेपण गर्नु ।

२. नगरपालिका भित्र सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूको कार्यान्वयनका लागि वित्तीय स्रोत परिचालन गर्नु ।
३. प्राथमिकता अनुसार बजेट निर्धारण गर्नु ।
४. संघीय, प्रादेशिक र स्थानीय तहको वित्तीय भार स्पष्ट गर्नु ।

## ७.४ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू निम्न अनुसार हुनेछन्:

१. सङ्घीय र प्रदेशबाट प्राप्त बजेटको उचित परिचालन गर्ने ।
२. वित्तीय व्यवस्थापनमा ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानलाई पारदर्शी रूपमा परिचालन गरिने ।
३. सरकारी अनुदान प्राप्त विद्यालयहरूलाई सहभागी गराई गुणस्तरीय र जवाफदेही बनाउने ।
४. संङघ र प्रदेशबाट नपुग भएका शैक्षिक क्षेत्रहरूमा नगरपालिकाद्वारा वित्तीय व्यवस्थापन गर्ने ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
६. वित्तीय व्यवस्थापनमा क्षमता सुधार गरी जिम्मेवारी पारदर्शी र उत्तरदायी बनाउने ।
७. शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गर्ने ।
८. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अध्यावधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागू गर्ने ।
१०. विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गर्ने ।

## ७.५ बिभिन्न निकायबाट प्राप्त हुने बजेटको आँकलन

सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार बाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गत प्राप्त हुने अनुमानित बजेट (रु हजारमा)

| शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा विभिन्न क्षेत्रबाट ५ वर्षको अवधिमा प्राप्त हुने अनुमानित बजेट | | | | |
|---|---|---|---|---|
| **क्र.स.** | **वित्तिय श्रोतको व्यवस्थापन** | **कूल बजेट** | **जम्मा हिस्साको प्रतिशत** | **कैफियत** |
| १ | सङ्घीय सरकार | १२५३०२३१०० | ८९.७८ | |
